## पहिलो परिच्छेद

# शोध परिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **उत्तरी गोलार्द्धको एक फन्को** नियात्रा सङ्ग्रहको कृतिगत अध्ययन रहेको छ ।

### १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली विभाग पृथ्वीनारायण क्याम्पस, पोखरा, नेपाली विषयको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको प्रयोजनको निम्ति तयार पारिएको हो ।

### १.३ समस्या कथन

प्रस्तुत शोधका समस्याहरू निम्नलिखित रहेका छन् -

क) नियात्रा निबन्धका मूलभूत सैद्धान्तिक मान्यताहरू के-के हुन् ?

ख) नेपाली नियात्राको परम्परामा पहारीको नियात्राको स्थान के कस्तो देखिएको छ ?

ग) पहारीका नियात्रामा पाइने मुख्य वैशिष्ट्यहरू के-के हुन् ?

### १.४ शोधको उद्देश्य

प्रस्तुत शोध निम्न उद्देश्यतर्फ केन्द्रित छ :

क) नियात्रा निबन्धका मूलभूत सैद्धान्तिक मान्यताहरू केलाउनु ।

ख) नेपाली नियात्राको परम्परामा पहारीको योगदानको चर्चा गर्नु ।

ग) पहारीका नियात्रामा प्रयुक्त मुख्य वैशिष्ट्यहरूको उद्घाटन गर्नु ।

## १.५ पूर्वकार्यको विवरण

साहित्यका कथा, कविता, निबन्ध, प्रबन्ध, गीत लगायतका विधामा कलम चलाएका साहित्यकार हेमराज पहारीले 'माछापुच्छ्रे' (२०२५/२६), 'गण्डकी साहित्य सङ्गम' (२०६३), 'तालबाराही मा. वि. स्मारिका' (२०६१) मा सम्पादन समेत गरेको पाइन्छ । यिनका कृति र साहित्य लेखनलाई आधार बनाएर विभिन्न साहित्यकार एवम् समालोचकहरूले आ-आफ्नै दृष्टिकोण प्रस्तुत गरेको पाइन्छ साथै 'हेमराज पहारीका साहित्यिक कृतिहरूको अध्ययन' नामक शोधपत्रमा उनको साहित्यिक व्यक्तित्वबारे सामान्य चर्चा पाइए पनि कृतिभित्र पसेर सम्पूर्ण रुपमा अध्ययन भने भएको पाइँदैन । यिनका साहित्यिक कृति र साहित्य लेखनलाई आधार बनाएर विभिन्न साहित्यकार एवम् समालोचकहरूले प्रस्तुत गरेका टिप्पणीहरू यस प्रकार छन् -

(क) प्रगतिवादी साहित्यकार मोदनाथ प्रश्रितले (२०६१ श्रावण १६) 'देशको अभिभारा' पुस्तक विमोचनका सन्दर्भमा पहारीका कविताहरूमा देवकोटाको मुनामदन, लेखनाथको ऋतुविचार, भूपिको सरलता झल्केजस्तो, सरलताभित्र स्पष्ट दृष्टिकोण, प्रगतिशील दृष्टिकोण, द्वन्द्ववादी हेराइ, राष्ट्रवादी सोच, युद्धविरोधी भावना, सामन्तवाद, साम्राज्यवादविरोधी दृष्टिकोण तथा धर्मप्रति र भगवान्प्रतिका धारणा स्पष्ट र सटिक रुपमा आएका, दर्शनलाई अति सरल रूपले प्रस्तुत गरिएको कुरा व्यक्त गरेका छन् ।

(ख) साहित्यकार तथा समालोचक देवी नेपालले (२०६१ श्रावण १६) 'देशको अभिभारा' पुस्तक विमोचन समारोहमा यो कृति विषयगत विविधता र प्रस्तुतिगत सरलताको सङ्ग्रह हो र यसका प्रत्येक पद्यमा अनुप्रासको प्रयोग राम्रो छ भनी चर्चा गरेका छन् ।

(ग) समालोचक रामनाथ ओझाले (२०६१ भाद्र १०) 'देशको अभिभारा' कृतिको परिचर्चा कार्यक्रममा पहारीका कविता कलाका दृष्टिले सुन्दर एवम् विचारका दृष्टिले उन्नत र प्रगतिशील भएको विचार व्यक्त गरेका छन् ।

(घ) अमृत भादगाउँलेले (२०६१ असोज २३) 'कान्तिपुर राष्ट्रिय दैनिक' मा 'देशको अभिभारा' को समीक्षा गर्दै पहारीका कवितामा सामाजिक जागरण र परिवर्तनको आवाज सहितको सामाजिक पीडा, देशप्रेम र प्रकृतिप्रेम झल्केको कुरा उल्लेख गरेका छन् ।

(ङ) कवि तेजनाथ घिमिरेले (२०६१ कार्तिक १४) 'आदर्श समाज' दैनिकमा शोषित, पीडित पक्ष र महिला वर्गप्रति विशेष सहानुभूति राख्ने कवि पहारीका कविताहरू सरल, सुबोध्य, जीवनमुखी र निश्छल रचना शैलीले गर्दा रसिला भएको कुरा उल्लेख गरेका छन् ।

(च) ऋषिकेश उपाध्यायले (२०६१ पौष १०) 'विवेचना' दैनिकमा 'देशको अभिभारामा घोरिँदा' शीर्षकमा समीक्षात्मक लेख लेखी यस कविता सङ्ग्रह मार्फत पहारीको कविहृदय पनि निश्चल, निर्भीक एवम् यथार्थवादी रहेको प्रमाणित भएको तथा अत्यन्त समसामयिक र नेपाली धरातलको प्रतिनिधि मूलक बन्न पुगेको कुरा व्यक्त गरेका छन् ।

(छ) रमेश पोखरेलले (२०६२) 'समष्टि' पत्रिकामा 'देशको अभिभारा' कविता सङ्ग्रहको समालोचना गर्दै सरलताभित्र पनि स्तरीयता, गहनता र कवित्व हुन्छ भन्ने कुरा पहारीले प्रमाणित गरेको ठहर गरेका छन् ।

(ज) घनश्याम ढकालले (२०६२) गण्डकी साहित्य संगम पोखराद्वारा प्रकाशित 'यथार्थवादी नेपाली समालोचना' नामक पुस्तकमा पहारीले 'देशको अभिभारा' कृतिमा छन्दलाई नै अभिव्यक्तिको माध्यम बनाएर सरल, सहज र स्वाभाविक भाषाको प्रयोग गरेका छन् भनी चर्चा गरेका छन् ।

(झ) उदय निरौलाले (२०६२ फागुन २८) 'मधुपर्क' मा पहारीका 'देशको अभिभारा' कविता सङ्ग्रहका धेरैजसो कवितामा शब्द र अभिव्यक्तिले आफ्नैपन, बिम्ब र प्रतीकको उचित संयोजन भएको तथा वर्तमान समाजका वेदना प्रस्तुत गर्दै मानवको पीडा र चोटमा मलम लगाउने काम गरेको कुरा उल्लेख गरेका छन् ।

(ञ) दीनबन्धु शर्माले (२०६३ पुस १५) **उत्तरी गोलार्द्धको एक फन्को** पुस्तकको भूमिकामा लेखकमा प्रगतिशील एवम् राजनीतिक आग्रह रहेको उल्लेख गर्दै राष्ट्रवादी चिन्तनले गर्दा सम्पूर्ण दोषहरूलाई पछारेको कुरा उल्लेख गरेका छन् ।

(ट) वरिष्ठ निबन्धकार माधवप्रसाद पोखरेलले (२०६३ पुस १५) **उत्तरी गोलार्द्धको एक फन्को** पुस्तक विमोचनमा पाठकलाई आफूसँगै हिँडाउन सक्ने सफल नियात्राकार पहारीका पाठकहरू कहीँ कतै नरोकिइकन पहारीसँगै प्रवाहित हुन्छन् भनी चर्चा गरेका छन् ।

(ठ) अनिल पौडेलले (२०६३ पुस) 'मधुपर्क' मा **उत्तरी गोलार्द्धको एक फन्को** कृतिको पुस्तक परिचय दिँदै लेखकले यस कृतिबाट पाठकलाई साहित्यिक स्वाद मात्र नभएर गैरसाहित्यिक पाठकलाई पनि आफूसँगै विभिन्न देशको भ्रमण गराएका छन् भनी चर्चा गरेका छन् ।

(ड) कृष्णराज अधिकारीले (२०६३ माघ-१७ ) 'राष्ट्रिय स्वाभिमान' मा **उत्तरी गोलार्द्धको एक फन्को** पुस्तकबारे परिचयात्मक समीक्षा लेख्दै सो कृतिमा लेखकमा रहेको राष्ट्रप्रेमको भावना सर्वत्र सल्बलाइरहेको, पठनीय र सम्प्रेषणीय रहेको कुरा उल्लेख गरेका छन् ।

(ढ) अमृत भादगाउँलेले (२०६३ माघ २०) 'कान्तिपुर' राष्ट्रिय दैनिकमा **उत्तरी गोलार्द्धको एक फन्को** पुस्तक परिचयका क्रममा निबन्धात्मक शैलीमा सरल ढङ्गले सूचना पस्कने खुबी भएका पहारीले नयाँ ठाउँको भौगोलिक, साँस्कृतिक, ऐतिहासिक, भाषिक र राजनीतिक परिचय, त्यहाँका अनुभूति, प्रयुक्त शब्दहरूमा आञ्चलिक (पश्चिमाञ्चल) स्वाद प्रस्तुत गरेको कुरा उल्लेख गरेका छन् ।

(ण) एलान शर्माले (२०६३ फागुन) 'नवतलाश' मा **उत्तरी गोलार्द्धको एक फन्को** कृतिको पुस्तक विवेचनाका क्रममा नेपालका कु-संस्कारलाई मज्जाले केलाएको, आफू घुमेको देशको फोटो र अन्य जानकारी सहित पस्केर ज्ञानबर्द्धक बनाएको यो कृति पढ्दा पढेर नसकी उठ्नै मन नलाग्ने र घरमै बसी-बसी विश्व घुमेको आभाष हुन्छ भनी उल्लेख गरेका छन् ।

(त) वरिष्ठ समालोचक हुमाकान्त पाण्डले (२०६३ फागुन ४) **उत्तरी गोलार्द्धको एक फन्को** कृति विवेचनाका सन्दर्भमा यस कृतिमा धैर्यशील र परिपक्व लेखक पहारीका लेखकीय व्यक्तित्व, अध्ययनशील व्यक्तित्व, राष्ट्रवादी व्यक्तित्व र तटस्थ व्यक्तित्व मुखरित भएको विचार व्यक्त गरेका छन् ।

(थ) छत्र कार्कीले (२०६३ चैत्र १५) 'समय' साप्ताहिकमा 'उत्तरी गोलार्द्ध घुमेपछि' शीर्षकमा पुस्तक परिचय दिँदै पछिल्लो समयमा यात्रा निबन्धको क्षेत्रमा प्रकाशन भएका किताबमध्ये यो सरल भाषामा लेखिएको पठनीय कृति हो भनेका छन् ।

(द) रविलाल अधिकारीले (२०६४) प्र.ले.स. कास्कीद्वारा प्रकाशित 'साहित्य प्रभा' मा प्रगतिशीलतालाई वरण गरेका पहारीका विचार र भावमा सन्तुलन भएको तथा

पहारीको परिपक्व अवस्थामा पुगेर कृति प्रकाशित गर्ने परिमार्जित शैलीले गर्दा उनका कविताहरू ज्यादै प्रभावकारी बन्न पुगेका छन् भनी लेखेका छन् ।

(ध) सम्पादकद्वय राजेन्द्र महर्जन र तुलसीदास महर्जनले (२०६४ असार-साउन) 'नवयुवा' मासिकमा **उत्तरी गोलार्द्धको एक फन्को** कृतिको 'अमेरिकी मानसिकता' शीर्षकमा समीक्षा गर्दै बौद्धिक चेतना र राष्ट्रिय भावना एवम् प्रगतिमुखी दृष्टिकोण प्रयोग गरी रोचक र ज्ञानबर्द्धक बनाउनुभएको यो कृतिमा पहारीले पश्चिमा समाजबाट सिक्नुपर्ने वा नसिक्नुपर्ने संस्कृतिका बारेमा प्रकाश पार्नुभएको कुरा उल्लेख गरेका छन् ।

(न) यमबहादुर पौडेल क्षेत्रीले (२०६५ जेठ ३२) 'राष्ट्रिय स्वाभिमान' पत्रिकामा 'देशको अभिभारा' लाई गणतन्त्रको पूर्व बिहानीको संज्ञा दिएका छन् ।

(प) कुमारी लामाले (२०६५ साउन १०) 'आदर्श समाज' दैनिकमा 'पहारीसँगै उत्तरी गोलार्द्धको एक फन्को मार्दा' शीर्षकमा एक लेख लेखी पहारीले यस पुस्तक मार्फत् पश्चिमी राष्ट्रहरूको जानकारी मात्रै नदिई हामी नेपालीहरूलाई पनि सभ्य, परिश्रमी, उत्तरदायी र स्वावलम्बी हुन प्रेरणा दिएको कुरा उल्लेख गरेकी छन् ।

(फ) जीवेन्द्रदेव गिरीले (२०६७ चैत पृ.३७) 'हेमराज पहारी-स्मृतिग्रन्थ' मा 'पहारीको उत्तरी गोलार्द्धको एक फन्को चाहार्दा' शीर्षकमा अमेरिका जाने बर्सौंको धोको तथा मनका कुरा नलुकाई खुलस्त पारेका पहारीमा वामपन्थी विचारधारा भएर पनि अमेरिकामा जे देखे त्यसलाई स्पष्टसँग राख्न पछि नपर्ने उनलाई स्पष्टवक्ताको रूपमा उल्लेख गरेका छन् ।

(ब) देवी नेपालले (२०६७ चैत पृ.४५/४६) 'हेमराज पहारी-स्मृतिग्रन्थ' मा 'उत्तरी गोलार्द्धको एक फन्को केही सम्झना: केही विवेचना' शीर्षकमा निकै शक्तिशाली विश्लेषणात्मक क्षमता, ज्ञानको भण्डार वा मष्तिष्कको बल भएका पहारीको यस कृतिमा यात्रा-संस्मरणका लागि अपेक्षित यथार्थ भूगोल, यथार्थ भोगाइ, साक्षात् अनुभूति, प्राञ्जल भाषाशैली, आकर्षक प्रस्तुति र जीवन्त सन्देश पाइनुका साथै यो कृति आँखा, हृदय र मष्तिष्कको त्रिकोणात्मक संयोजनको आधारमा तयार पारिएको कुरा उल्लेख गरेका छन् ।

(भ) मोदनाथ प्रश्रितले (२०६७ चैत पृ.७३) 'हेमराज पहारी-स्मृतिग्रन्थ' मा 'हेमराज पहारीको उत्तरी गोलार्द्धको यात्रा' शीर्षकमा समीक्षा लेख लेख्दै लेखकको यस

यात्रावृत्तान्तमा सपाट विवरण होइन, ती देशका राजनीतिक, सामाजिक, सांस्कृतिक, बौद्धिक, शैक्षिक, वैज्ञानिक, मनोवैज्ञानिक, प्राकृतिक आदि अनेक संस्मरण र विश्लेषणहरूको सुन्दर माला सिर्जिएको उल्लेख गरेका छन् ।

(म) रविलाल अधिकारीले (२०६७ चैत पृ.१०६) 'हेमराज पहारी-स्मृतिग्रन्थ' मा 'उत्तरी गोलार्द्धको एक फन्को: अब्बल दर्जाको' शीर्षकमा समीक्षा लेख लेख्दै साँचो कुरा बोल्ने लेखकीय इमानदारी कायम राख्न सक्षम पहारीले यो नियात्रा भावुकतामा मात्र बहेर नलेखी आफ्नो जीवनको चाहना र यथार्थलाई समेटी नेपाली समाज र नेपाली जनजनलाई सुसूचित गराउन पुगेको तथ्य उल्लेख गरेका छन् ।

यसरी अमेरिकाको बसाइँलाई त्याग्दै आफ्नै जन्मभूमिमा फर्केर देशको सेवाका क्रममा पर्यटन व्यवसायसँगै ढिलै भए पनि साहित्यमा कलम चलाएका साहित्यकार पहारीका कविता सङ्ग्रह, यात्रासंस्मरणको बारेमा सामान्य समीक्षा, पुस्तक परिचय, टिप्पणी तथा विमोचन, परिचर्चा कार्यक्रममा सामान्य जानकारी, सोही अवसरमा पत्रपत्रिकाले समेटेका सामान्य खबर बाहेक यस कृतिको सकारात्मक चर्चा गरिए पनि कृति मोटो भएकै कारणले मात्र पनि विस्तृत रूपमा अध्ययन, विश्लेषण, मूल्याङ्कन भएको पाइँदैन ।

## १.६ शोधको औचित्य तथा महत्त्व

**उत्तरी गोलार्द्धको एक फन्को** कृतिमा दशवटा देशको यात्रा अनुभवलाई समेट्दै पाठकलाई समेत त्यहीँ पुगेको अनुभव दिलाउन सक्षम नियात्राकार पहारीका रचनाहरूमा गरिएका पूर्वकार्यका विवरणबाट पनि उनको यात्रा-संस्मरण (नियात्रा) को क्षेत्रमा के-कस्तो स्थान छ ? भन्ने विषयको अध्ययन भएको छैन भन्ने स्पष्ट हुन्छ । त्यसकारण उनको यस नियात्राको पूर्ण अध्ययन तथा नियात्रा लेखनमा केन्द्रित रहेको यस शोधको औचित्य र महत्त्व स्वतः प्रष्ट हुन्छ ।

## १.७ शोध क्षेत्र र सीमा

साहित्यकार हेमराज पहारीले नेपाली साहित्यका कथा, कविता, गीत, निबन्ध, प्रबन्ध लगायतका विधामा कलम चलाएका छन् । प्रस्तुत शोधपत्रमा पहारीको **उत्तरी**

**गोलार्द्धको एक फन्को** नियात्राको कृतिगत अध्ययन गरिएको छ । उनका निबन्धलाई विभिन्न कोणबाट हेर्न सकिने भए तापनि यसमा खासगरी यात्रा संस्मरणात्मक निबन्धको सैद्धान्तिक मान्यता अनुरूप कृतिको वैशिष्ट्यको गहिरो रूपमा अध्ययन गरी निष्कर्ष प्रस्तुत गर्ने उद्देश्य राखिएको छ । मूलतः उनका सृजनाका अन्य विधाहरूको बारेमा ध्यान नदिई एउटै कृतिमा केन्द्रित भई अध्ययन गर्नु नै यस शोधपत्रको क्षेत्र तथा सीमा रहेको छ ।

## १.८ शोध विधि र सामग्री सङ्कलन

प्रस्तुत शोध यात्रा-संस्मरणात्मक निबन्धको सैद्धान्तिक मान्यताका आधारमा पहारीको **उत्तरी गोलार्द्धको एक फन्को** नियात्रा सङ्ग्रहको अध्ययन गरी निष्कर्ष प्रस्तुत गर्नमा केन्द्रित रहेकाले यो मूलतः निगमनात्मक र अंशतः आगमनात्मक शोधविधिमा आधारित रहेको छ । यसमा सामग्री सङ्कलन मुख्य गरी पुस्तकालयीय विधिबाट गरिएको छ । आवश्यकता र उपलब्धता अनुसार शोधनायकसँगको लिखित एवम् मौखिक अन्तर्वार्ता, विश्लेषकहरूले विभिन्न साहित्यिक कार्यक्रमहरूमा राखेका विचारहरूको भी.सी.डी. तथा पत्रपत्रिकामा प्रकाशित भएका लेख रचना तथा हेमराज पहारी-स्मृतिग्रन्थमा प्रकाशित विविध रचनाहरूलाई सामग्री सङ्कलनका प्रमुख माध्यम बनाइएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यस शोधपत्रमा प्रस्तुत विषयलाई विभिन्न परिच्छेदमा विभाजित गरी अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । विषय व्यवस्थापनका निम्ति आवश्यकता अनुसार परिच्छेदलाई विभिन्न शीर्षक, उपशीर्षकमा बाँडिएको छ । परिच्छेदको व्यवस्थापन सामान्यत : निम्नानुसार रहेको छ -

क) पहिलो परिच्छेद : शोधपत्रको परिचय

ख) दोस्रो परिच्छेद : नियात्राको सैद्धान्तिक परिचय

ग) तेस्रो परिच्छेद : नेपाली नियात्राको परम्परामा नियात्राकार हेमराज पहारी

घ) चौथो परिच्छेद : **उत्तरी गोलार्द्धको एक फन्को** नियात्राको अध्ययन

ङ) पाँचौं परिच्छेद : उपसंहार / निष्कर्ष

## दोस्रो परिच्छेद

# नियात्राको सैद्धान्तिक परिचय

### २.१ विषय प्रवेश

साहित्यका प्रमुख विधाहरूमध्ये सबैभन्दा कान्छो विधाको रूपमा निबन्धलाई लिने गरिन्छ । नि+बन्ध+धञ् व्युत्पत्तिबाट व्युत्पादन भई संस्कृतबाट आएको निबन्ध शब्दलाई अंग्रेजीमा Essay भनिन्छ । निश्चित उद्देश्यले कुनै पनि विषयमा विशेष शैली अपनाई सुगठित र सुनियोजित ढङ्गमा लेखिएको गद्य लेखनलाई निबन्ध भनिन्छ । यो विधा आजसम्म आइपुग्दा साहित्यको एउटा संवृद्ध विधाका रूपमा स्थापित भएको छ । आधुनिक निबन्धको सुरुवातदेखि नै आत्मपरक र वस्तुपरक गरी मूलतः दुई धारहरू विकसित हुँदै आएका छन् । यादवराज उपाध्यायका अनुसार निबन्ध विधालाई परिभाषित गर्ने क्रममा एकथरी विद्वान्हरू आत्मपरक भावात्मकतामा जोड दिन्छन् भने अर्काथरी विद्वान्हरू वस्तुपरक बौद्धिकतामा बढी रमाउँछन् । केही आधुनिक निबन्धकारहरूचाहिँ आत्मपरक र वस्तुपरक दुवै पक्षको आवश्यकता अनुसार सम्मिश्रित रूपमा प्रयोग गर्न विशेष महत्त्व दिन्छन् (२०६६: ६४) । स्वरूप र शिल्पशैलीका दृष्टिले निबन्धका विभिन्न प्रकारहरू भेट्न सकिन्छ । निबन्धकै प्रकार तथा उपविधाका रूपमा नियात्रा, प्रबन्ध, जीवनी, संस्मरण, आत्मकथा, शब्दचित्र, सम्पादकीय, टिप्पणी, भूमिका, दैनिकी, पत्रसाहित्य, समीक्षा, प्रतिवेदन, अन्तर्वार्ता आदिलाई लिन सकिन्छ । यी सबै उपविधाहरूका आ-आफ्नै शैली संरचना तथा आत्मगत पक्ष रहे पनि यिनीहरूबीच केही समानता पनि भेट्न सकिन्छ । यी उपविधामध्ये नियात्रा निबन्धकै उपविधा भएर पनि रूप र संरचनामा अन्य उपविधाभन्दा केही भिन्न छ । निश्चित ठाउँमा गरिएको यात्राबाट उत्पन्न अनुभूतिहरूलाई प्रतिभा र बौद्धिक तीक्ष्णताद्वारा गद्यात्मक भाषामा प्रस्तुत गरिएको अभिव्यक्तिलाई नै नियात्रा भनिन्छ ।

### २.२ नियात्राको परिचय, स्वरूप र परिभाषा

## २.२.१ नियात्राको परिचय तथा स्वरूप

निबन्धको लोकप्रिय उपविधा नियात्रा हो । ठाउँ विशेषका जीवन्त पर्यावरणको वा सम्बन्धित ठाउँको व्यक्ति, संस्कृति, प्रकृति, जीवन भोगाइ, सोचविचार, भूगोल, उन्नति, अवनति आदि अभिव्यक्तिलाई नियात्राको रूपमा चिनिन्छ । राजेन्द्र सुवेदीका अनुसार यात्रामा प्रवृत्त हुने यात्रीले आफूले देखेका, भोगेका र अनुभवका परिधिमा समेटेर अनुभूतिपुञ्जमा सुरक्षित गरिने तत्त्वलाई निबन्धका रूपमा स्थापना गरेको छ भने त्यस्ता रचनालाई नियात्रा (Travel Account) भनिन्छ (२०५८ : ४०) । सुवेदीकै अनुसार यात्रासाहित्य वा भ्रमणसाहित्य अन्तर्गत यात्रा कविता, यात्रा कथा, यात्रा उपन्यास, यात्रा निबन्ध र यात्रा नाटक पर्दछन् भने यात्रा निबन्ध अन्तर्गत यात्रा लेख, यात्रा वृत्त, यात्रा विवरण, यात्रा वृत्तान्त, यात्रा संस्मरण, नियात्रा (निभ्रमण), यात्रा चिट्ठी र यात्रा आत्मजीवनी पर्दछन् ।

मूलतः निबन्ध आत्मपरक र वस्तुपरक गरी दुई प्रकारका भए पनि यसभित्र अनेक विधा उपविधाहरू रहेका छन् । यस प्रसङ्गमा गङ्गाप्रसाद उप्रेती भन्छन् - निबन्धका प्रकार अति धेरै छन् : त्यसमध्ये यात्रालाई विषयवस्तु बनाएर लेखिएको निबन्ध 'यात्रा निबन्ध', 'नियात्रा' वा 'निभ्रमण' हो (२०४६: ११७) । यात्रा सम्बन्धी विषयवस्तु भएको, लघु आयामको, गद्य विधाको एक नवीन अवधारणाको रूपमा लिइने नियात्रा निबन्धकै एक प्रकार हो ।

## २.२.२ नियात्राको परिभाषा

आजको युगमा भ्रमण तथा मनोरञ्जन सास लिनु जत्तिकै अत्यावश्यक भैसकेको छ । मानिसहरू स्वभावैले भ्रमणप्रिय हुन्छन् । त्यसैले लाखौं मानिसहरू थुप्रै ठाउँमा घुम्न पनि जान्छन् । यो क्रम अझ बढ्दो छ तर ती सबैले आफ्नो अनुभव सबैलाई बाँडेर जान सकेका छैनन् । थोरै व्यक्तिले मात्र ती भ्रमणबाट मनोरञ्जनसँगै केही उद्देश्य पनि लिएर आफ्ना अनुभव र अनुभूतिलाई कलात्मक ढङ्गले प्रस्तुत गर्दछन् त्यसैलाई नियात्रा भनिन्छ ।

'नियात्रा' शब्द निर्माण गरी नेपाली साहित्यमा प्रयोग गर्न थालिएको चार दशक मात्र भएको छ । यसको श्रेय बालकृष्ण शर्मालाई जान्छ । यादवराज उपाध्यायका अनुसार

नियात्रा शब्द नेपाली साहित्यमा नवनिर्मित र मौलिक शब्द हुनाले यसको प्रयोग नेपाली बाहेक अन्य भाषा साहित्यमा नभएको हुँदा यसको परिभाषा पनि हालसम्म नेपाली विद्वान्हरूबाट मात्र गरिएको पाइन्छ (२०६६ : ५०) । त्यसैले नियात्राको बारेमा नेपाली विद्वान्हरूका परिभाषा तथा यसको पर्याय शब्दका बारेमा अन्य केही परिभाषाहरू यस प्रकार छन् -

(क) बालकृष्ण पोखरेलले नेपाली भाषामा नियात्रा साहित्यका जन्मदाता ताना शर्मालाई 'नियात्रा' शब्दका प्रथम प्रयोक्ता र निर्माता मानेका छन् । पोखरेलले सत्यको निम्तो वर्णन छ भने यो यात्रालेख (travel account) र रमरमको आनन्दबाट मुछिएको छ भनेचाहिँ नियात्रा कहलाउँछ भनेका छन् (२०५० : २१) ।

(ख) मोहनराज शर्माका अनुसार यात्रालाई विषय बनाएर लेखिएको निबन्धलाई नियात्रा भनिन्छ । यो स्थानप्रधान (भौगोलिकता अर्थात् बाह्य पर्यावरणप्रधान) र समयप्रधान (तत्कालीन चेतना, संस्कृति अर्थात् आन्तरिक पर्यावरणप्रधान) हुन्छ ( २०५५ : ५१२) ।

(ग) गङ्गाप्रसाद उप्रेतीका अनुसार नवीन भूगोलप्रति यात्राकारको निजात्मकताले निकालेको निचोड नै नियात्रा हो (२०४६: १०७) ।

(घ) मेघराज शर्मा मञ्जुलका अनुसार द न्यू ओबस्टर इनसाइक्लोपेडिक डिक्सनरी अफ इङ्लिस ल्याङ्ग्वेजमा फिल्महरू र स्लाइडहरूले देखाउने दृश्यझैं यात्राबारे गरिएको वक्तव्य यात्रा-संस्मरण (Travelogue) हो, जसमा एक वा एकभन्दा बढी ठाउँहरूको वर्णन गरिएको हुन्छ (२०४७ : ख) ।

(ङ) राजेन्द्र सुवेदीका अनुसार यात्रामा निस्केका यात्रीले आफूले देखेका, भोगेका र अनुभवमा समेटेका अनुभूतिपुञ्जमा पाइने तत्त्वलाई निबन्धको रूपमा स्थापना गरेको छ भने त्यस्तो रचनालाई नियात्रा भनिन्छ (२०४९ : ४२) ।

(च) बालकृष्ण पोखरेलका अनुसार नेपाली बृहत् शब्दकोशमा यात्रा, निबन्धको औपन्यासिक वा उपख्यानात्मक रूप र यात्रावर्णनबारे कथात्मक शैलीमा लेखिएको निबन्ध भनी अर्थ स्पष्ट पारिएको छ (२०६७ : ६९२) ।

(छ) भीष्म उप्रेतीका अनुसार सामान्यतः यात्रा गर्ने व्यक्ति, यात्रा गरिने ठाउँ र उक्त ठाउँको सामाजिक, आर्थिक, सांस्कृतिक, प्राकृतिक र राजनीतिक जीवनको अभावमा यात्रावृत्तान्त रचना गर्न सकिँदैन । अझ चिन्तनशीलता र अनुभूतिको

निजात्मकता समेत थपिएपछि त्यो यात्रा निबन्ध बन्दछ । साथै यात्रा निबन्धले सूचनाको प्रवाह र प्रस्तुतिकरणमा जीवन्तताको आग्रह समेत गर्दछ (२०५३ : घ) ।

(ज) तारानाथ शर्माका अनुसार 'म'लाई प्रधानता दिएर यात्राका भौतिकतासँग संस्मरण, ज्ञान, विवेक र कल्पनासँग तरङ्गित हुनु नै नियात्रा लेखन हो (२०५९ जेठ १६-३१ : ५१) ।

(झ) निर्मोही व्यासका अनुसार नियात्रा अनुभूतिप्रधान, लालित्यपूर्ण र रसमय यात्रात्मक गद्य लेखन हो र यो नेपाली यात्रासाहित्यको एक विशिष्ट रूप हुनाका साथै आफ्नै छुट्टै नामले समेत चिनिने एक उन्मुक्त लेखन पनि हो (२०६१ : ५५) ।

यसरी प्रस्तुत विद्वान्हरूका परिभाषा अनुसार हालसम्म आइपुग्दा नियात्रालाई एउटा छुट्टै विधाका रूपमा पुष्टि गर्न चाहेको पाइए पनि यसलाई निबन्धकै एक प्रमुख र कान्छो उपविधाको रूपमा मानेको पाइन्छ । विशेषतः यात्राको क्रममा यात्राकारले देखेका, भोगेका र अनुभव गरेका विविध पक्ष तथा घटना विवरणलाई ध्यानमा राखी कलात्मक पाराले विभिन्न शैलीहरू अपनाउँदै लेखिएको आकर्षक रचनालाई नियात्रा भन्ने गरिन्छ ।

## २.३ नियात्राका उपकरणहरू

सबै विधाका आ-आफ्ना विशिष्ट पहिचान भएजस्तै नियात्राको पनि अलग पहिचान छ । सूचनात्मकता, निजात्मकता र चिन्तनशीलता यसका प्रमुख तत्त्व भनिँदै आइए पनि यतिले  मात्र नियात्राको सम्पूर्ण परिचय प्रदान गर्न सक्दैन । नियात्रा विभिन्न तत्त्वहरूबाट निर्माण भएको हुन्छ । ती तत्त्वहरू यस प्रकार छन् -

### २.३.१ विषयवस्तु

आख्यान वा विषयवस्तुलाई नियात्राको महत्त्वपूर्ण तत्त्वका रूपमा लिन सकिन्छ । नियात्रामा यात्रा, यात्रा गर्ने मार्ग, स्थान, सम्बद्ध समाज, प्रकृति, दृश्य, यात्राकारको सुखदुःखका अनुभूतिहरू सूक्ष्म र सूचनात्मक रूपमा आएका हुन्छन् । यात्राकारको यात्राको दृश्य र परिवेशको चित्रात्मक प्रस्तुतिको लागि आख्यान आवश्यक पर्छ । नियात्राको आख्यान यात्राकारको अनुभवमा आधारित आफ्नै प्रकारको हुन्छ र त्यो यात्राका सुरुदेखि अन्त्यसम्मको हुन्छ ।

वेदव्यास उपाध्यायका अनुसार यात्रा अवधिभरि यात्राकारसित एकपछि एक साक्षात् हुन आउने नयाँ-नयाँ परिवेश, प्रकृति, समाज, घटना, प्रसङ्ग आदिको सन्निवेश लेखक-यात्री, उसका सहयात्री लगायत यात्राकालमा सम्पृक्त हुन आउने सामान्य वा विशिष्ट, स्थानीय वा परदेशी अनेक व्यक्ति पात्रहरूको क्षणिक वा यात्रावधिक उपस्थिति र पूर्णकालीन गतिशीलता वा यात्राशीलता आदिको शृङ्खलाविहीन शृङखलाबद्धताले यात्रासाहित्यलाई आफ्नै प्रकारको आख्यानात्मकता प्रदान गरेको हुन्छ । यसमा यात्राकार दर्शक र अनुभवकर्ताका रूपमा आद्योपान्त उपस्थित रहन्छ तर साक्षात्कृत जीवन-जगत्का यावत् विषयको भोक्ताचाहिँ ऊ हुँदैन (२०६६ : ६२) । नियात्राकारले आख्यानकै माध्यमबाट पाठकहरूलाई विभिन्न देश विदेशको जानकारी दिई नियात्रालाई ज्ञानमूलक समेत बनाएका हुन्छन् ।

## २.३.२ पात्र

हरेक रचनामा प्रमुख वा गौण पात्रहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहभागी हुन आइपुगेका हुन्छन् । नियात्रामा भने विशेष गरी नियात्राकार नै प्रमुख पात्र रहन्छ । त्यसका साथै उसका सहयात्री, प्रत्यक्ष वा परोक्ष रूपमा यात्राका क्रममा सहभागी हुन आउने विविध व्यक्तिहरू, मानवेतर प्राणी वा वस्तुहरू पनि यसका पात्रहरू हुन्छन् ।

नियात्राकार नायक, प्रमुख पात्र वा भोक्ता मात्र नभई सम्बद्ध यात्रास्थलका स्थानीय भौगोलिक, सामाजिक, सांस्कृतिक, ऐतिहासिक, शैक्षिक, भाषिक, साहित्यिक आदि बहुपक्षीय विशेषताहरूको प्रस्तोताका रूपमा पनि रहन्छ । लेखक-यात्रीका सहयात्री र अन्य व्यक्ति त्यसका पात्र भए पनि यस सन्दर्भमा तिनको भूमिका अत्यन्त गौण रहन्छ र ती अनुस्यूतिका सन्दर्भमा असम्पृक्त नै रहन्छन् । लेखक-यात्री स्वयम्ले उल्लेख गर्न चाहेमा र त्यो पनि चाहे जति मात्रामा मात्र तिनका अनुभव, अनुभूति, निजात्मकता र प्रतिक्रिया प्रकट हुन पाउँछन् नत्र ती त्यतिकै स्थगित रहिरन्छन् र पछि समयको गर्भमा त्यसै हराएर जान्छन् (उपाध्याय क, २०६६ : ६३) । यसरी यात्राका क्रममा देखेका, भोगेका र अनुभव गरेका सम्पूर्ण तथ्यहरू नियात्रामा उल्लेख हुने हुनाले नियात्राकार नै प्रमुख पात्रको रूपमा आएका हुन्छन् ।

### २.३.३ परिवेश

यात्रा भन्नासाथ व्यक्तिसँगसँगै स्थान र समय पनि आउँदछन् । कुनै पनि व्यक्तिले निश्चित समयमा निश्चित ठाउँको भ्रमण गर्नुलाई यात्रा भनिन्छ । यात्राका क्रममा यात्राकारसँग विभिन्न परिवेशहरू साक्षात्कार हुन आइपुग्छन् । त्यसैले स्थानीयता यात्राको लागि अत्यावश्यक हुनाले नियात्रामा पनि यो तत्त्व महत्त्वपूर्ण छ । वेदव्यास उपाध्यायका अनुसार नियात्राका लागि स्थानीयता अत्यन्त आवश्यक तत्त्व हो । यात्रा कुनै न कुनै स्थानसँगै सम्बन्धित हुने हुनाले ती स्थानहरूको यात्रा गरिन्छ । यात्राका क्रममा देखा पर्ने परिवेश, त्यहाँको प्राकृतिक, सामाजिक, भौगोलिक, साँस्कृतिक, भाषिक स्थिति, घटना तथा स्थानीयताले नियात्राको निर्माणमा महत्त्वपूर्ण स्थान लिएको हुन्छ । नियात्रामा प्रयुक्त विषयवस्तुहरूसँग सम्बद्ध यात्राक्रम, यात्रास्थल, यात्राको समय, नियात्राकार र पात्रहरूको मानसिक अवस्थिति आदि समग्र परिवेशलाई पर्यावरण भनिन्छ (२०६६ : ७४) । अत: परिवेश नियात्राका लागि नभई नहुने तत्त्व हो ।

### २.३.४ भाषाशैली

भाषा मानवीय अभिव्यक्ति वा भाव सम्प्रेषणको माध्यम हो । साहित्य भाषाकै माध्यमबाट पाठकसामु आउने हुनाले साहित्यका हरेक विधा-उपविधाका लागि भाषा महत्त्वपूर्ण तत्त्व हो । प्रत्येक विधा-उपविधा पाठकसामु सम्प्रेष्य र रुचिपूर्ण बनाउन सहज, सरल, प्राञ्जल भाषाशैलीको आवश्यकता पर्दछ । नियात्रामा प्रस्तुत हुने सम्पूर्ण वस्तुतथ्य तथा नियात्राकारका अनुभव, अनुभूतिहरू गद्य भाषाकै माध्यमबाट प्रस्तुत भए पनि शैली भने नियात्राकारको निजात्मक हुन्छ ।

### २.३.५ उद्देश्य

उद्देश्य नियात्राको अर्को महत्त्वपूर्ण तत्त्व हो । अन्य साहित्यमा भन्दा नियात्रामा अलि फरक खालको उद्देश्य भेट्न सकिन्छ । नियात्राकारको प्रमुख उद्देश्य भनेको यात्रा नै हो । त्यो यात्राचाहिँ निश्चित सीमामा बाँधिएर धार्मिक, राजनीतिक, शैक्षिक, व्यापारिक, व्यावहारिक, प्रशासनिक रूपमा गरिएको छ या विशुद्ध मनोरञ्जनका हिसाबले यात्राका क्रममै समाविष्ट भएका प्राकृतिक, सामाजिक, भौगोलिक उन्नति-प्रगतिका अवस्थाहरू

तथा सन्दर्भहरू स्वच्छन्द रूपमा बुझ्दै गरिएको छ । सोअनुरूप यात्राकारको उद्देश्य यात्राकारले गर्ने अनुभव र त्यसको प्रस्तुतिमा भने फरकपन आउनु स्वाभाविक नै हो । ती सम्पूर्ण सन्दर्भ, यथार्थ तथा यात्राकारका दुःखसुखका नवीनतम अनुभव र अनुभूतिहरूलाई सरल तथा सम्प्रेष्य भाषाका माध्यमबाट पाठकसामु प्रस्तुत गर्नु वा उद्घाटन गर्नु नै नियात्राकारको उद्देश्य हुन्छ ।

## २.३.६ निजात्मकता

हरेक प्राणीको स्वभावमा निजात्मकता पाइन्छ । मानवीय रचनाहरूमा झन् त्यसको प्रभाव पर्ने नै भयो । व्यक्तिको रोजाइ, सोचाइ, खोजाइ हरेक विषयमा निजत्वले भूमिका खेलेकै हुन्छ । निजात्मकताकै कारण प्रत्येक व्यक्तिको रचना एकै विधा र शीर्षकमा नै भए पनि त्यहाँ फरकपन भेटिन्छ । त्यसैले निजात्मकता यात्रा साहित्यको महत्त्वपूर्ण तत्त्व हो । यात्राकारको निजत्वकै कारण उसले यात्रा गर्ने फरक-फरक स्थानहरूको चयन गर्दछ । यात्रा स्थान फरक परेजस्तै त्यहाँको अध्ययनका विषयवस्तुहरू, यात्राकारले भोगेका दुःखसुख, आनन्द, मनोरञ्जनका अनुभव आफ्नै स्वभाव र रूचि अनुसार हुने गर्दछन् । ती तथ्यलाई प्रस्तुत गर्दा फरक दृष्टिकोण, फरक शैली आउनु स्वाभाविकै हो । नियात्राको एक प्रमुख तत्त्व निजात्मकताका बारेमा वेदव्यास उपाध्याय भन्छन् - यात्रामा देखिएका-भोगिएका दृश्य, घटना र प्रस्तुतिहरूलाई कृतिमा यात्राकारले अङ्कन गर्दछ साथै उसले आफ्नो विचार र जिज्ञासा ज्ञान-सम्पदा, अनुभव, अनुभूति र मनोगुम्फन आदि निजात्मक रागद्वारा कृतिलाई प्राणवत्ता र गुणवत्ता प्रदान गर्दछ । त्यसैले निजात्मकता यात्रासाहित्यको सर्वथा अपरिहार्य तत्त्व हो (२०६६ : ६०) । निजात्मकताकै कारण नियात्रालाई पर्यटनको लागि आवश्यक पथ प्रदर्शिकाबाट अलग विधाको रूपमा पहिचान गराउने हुनाले यो तत्त्व नियात्राका लागि आवश्यक मानिन्छ ।

## २.३.७ सूचनात्मकता

नयाँ स्थान, नयाँ परिवेशको भ्रमणको उपज नै नियात्रा भएकाले ती अनुभवहरू नियात्रामा समेटिएकै हुन्छन् । कुनै नियात्रामा सम्पूर्ण रूपमा सूचनाहरू प्रवाह गर्न नसकिए पनि अंशतः नवीन पक्ष सूचित गरिएकै हुन्छ । त्यसैले सूचनात्मकता पनि नियात्राको अर्को

तत्त्व हो । नियात्राकारले गरेको नयाँ परिवेशको भ्रमणमा कुनै न कुनै नवीन विषय, जानकारी तथा तथ्यहरू भेट्टाएकै हुन्छ । त्यो नवीन विषय वा तथ्य नै पाठकका लागि सूचना बन्न पुग्छ । गङ्गाप्रसाद उप्रेतीका अनुसार नियात्राकारले यात्रानुभव र आफ्ना विचारलाई बेलिविस्तार नलगाई सूचनात्मक रूपमा सङ्केत मात्र दिएको हुन्छ । जसबाट विस्तृत ज्ञान र विचारको ढोका खुल्दछ । नियात्रा लघु आयामको भएकाले पनि घटनाक्रमको व्यापक चर्चा गर्न सम्भव छैन । सूचनात्मक आख्यानको अंश पनि हो (२०४६ : ११७) । नियात्रामा देश देशान्तरको तथ्य वर्णनात्मक रूपमा मात्र नआई नियात्राकारको अनुभवले पनि स्थान पाउने हुनाले हरेक जानकारीलाई सम्पूर्ण रूपमा वर्णन गर्न सम्भव छैन । त्यसैले नियात्राकारले यात्राका क्रममा देखिएका तथ्यहरूको सूचना मात्र दिएका हुन्छन् ।

### २.३.८ चिन्तनशीलता

नियात्राकारमा चिन्तनशीलता आवश्यक छ । यात्राका क्रममा साक्षात्कार हुने सम्पूर्ण पक्षको चिन्तनमनन पश्चात् मात्र एउटा नियात्राकारले नियात्राको जन्म गराउन सक्दछ । सबै नियात्राकारमा यो क्षमता नहुने हुनाले नै यात्राकार लाखौं भए पनि नियात्राकार नगण्य रूपमा पाउँछौं । नियात्राकारकै चिन्तनशीलताका कारण यात्रा विवरणलाई त्यसबाट माथि उठाएर नियात्रा बनाउन सफल भएका हुन् । चिन्तनशीलताकै कारण नियात्राकारको बौद्धिकताको परिचय प्राप्त हुन्छ ।

### २.३.९ तथ्यात्मकता

नियात्राको अर्को तत्त्व तथ्यात्मकता पनि हो । यात्रा गर्दाका सम्पूर्ण तथ्यहरू समावेश गर्दा नियात्रा साहित्यिक विधाबाट अलग्गिने सम्भावना रहे पनि प्रमुख विषयलाई समेट्दा जति तथ्यलाई समेट्नुपर्ने हुन्छ ती सबै यथार्थतामा आधारित हुन्छन् । आवश्यक तथ्यहरू भने नियात्रामा समावेश भएकै हुन्छन् । वेदव्यास उपाध्यायकै अनुसार यात्राकृत स्थलहरूमा पाइने विविध विषयगत तथ्यहरूको औचित्यपूर्ण उल्लेख पनि यात्रा साहित्य हो । साहित्यका निम्ति तथ्य अपरिहार्य हुन्छ । यसबाट लेखक-पाठक दुवैलाई यथातथ्य सूचना र ज्ञान प्राप्त हुन्छ तर आवश्यक मात्रामा बाहेक तथ्यहरूको लामो विवरण प्रस्तुत गरियो

भने त्यसबाट यात्राकृतिको साहित्यिक पक्षमा आघात पुग्छ र त्यस्तो कृति यात्रासाहित्य नभएर यात्राविवरण वा पर्यटन सम्बन्धी पथप्रदर्शिका (गाइडबुक) मात्र बन्न पुग्छ (२०६६ : ५९) । यात्राका क्रममा देखा परेका सम्पूर्ण तथ्यहरू समेट्न नसकिए पनि नियात्राका लागि निश्चित स्थानको तथ्य अत्यावश्यक हुन्छ । त्यसैले नियात्रा कोठाभित्र बसेर लेख्ने विधा भने होइन ।

## २.३.१० गतिशीलता

नियात्राको सृजना यात्राकारले मात्र गर्न सक्छ । कुनै पनि स्थानको थोरै वा धेरै, जतिसुकै समयावधि भए पनि त्यसभित्र गरिएको स्थान विशेषको यात्रा पश्चात् मात्र नियात्राको जन्म हुन्छ । यात्रा गतिशील हुन्छ साथै वास्तविक पनि हुन्छ । नियात्राकार स्वयम् यात्रामा संलग्न नभई सुनेको वा कल्पनाका आधारमा नियात्रा लेख्दा एक त त्यो व्यक्ति नियात्राकार नै बन्न सक्दैन अर्को त्यस्तो व्यक्तिबाट तथ्यात्मकता तथा क्रमबद्ध गतिशीलता प्राप्त हुन सक्दैन । गतिशीलताकै कारण हरेक पाठक नियात्राकारसँगै वास्तविक रूपमै यात्रा गरिरहेको महसुस गर्न सक्दछ । त्यसैले गतिशीलता नियात्राको अर्को प्रमुख तत्त्व हो ।

## २.३.११ अनुभूतिमयता

यात्रासाहित्यमा यात्राको वस्तु कलेवरको रूपमा रहन्छ र यात्राका क्रममा सम्बद्ध भू-परिवेश, प्रकृति, समाज, संस्कृति, जनजीवन, अनेक व्यक्ति पात्र र घटना-प्रसङ्ग आदिसितको साक्षात्कारबाट यात्राकारलाई प्राप्त हुने विविध अनुभूतिले यात्रा साहित्यलाई प्राणवता प्रदान गर्दछ । अनुभूतिको समन्वितिका अभावमा यात्रासाहित्य, यात्रासाहित्य नभएर यात्राको सपाट वस्तुवर्णन वा यात्राविवरण मात्र बन्दछ । त्यसो हुनाले अनुभूतिमयता यात्रासाहित्यको अत्यावश्यक तत्त्व हो (उपाध्याय क, २०६६ : ६०) । त्यसैले नियात्राले पाठकलाई साहित्यिक रसास्वादन गराउन नियात्राकारको अनुभूति र प्रस्तुति शैलीको महत्त्वपूर्ण भूमिका रहन्छ । नियात्राकारको अनुभूतिकै कारण भ्रमणका तथ्यहरूलाई साहित्यिक विधाको रूपमा उतार्न सम्भव भएको हो । यो लेखकको निजत्व अन्तर्गत पर्दछ ।

### २.३.१२ स्वच्छन्दता

स्वच्छन्दता वा उन्मुक्तता पनि यात्रासाहित्यको एक महत्त्वपूर्ण तत्त्व हो, जसले यात्रासाहित्यलाई निर्जीव हुनबाट जोगाउँछ । नियात्रालाई रसिलो र सरस बनाउनका निम्ति स्वच्छन्दता अत्यन्त आवश्यक छ । स्वच्छन्द अभिव्यक्तिले नियात्राकारको निजत्व स्पष्ट पार्दछ साथै पाठकको मन जिती पाठक र लेखकबीचको दूरी घटाउने काम गर्दछ । वेदव्यास उपाध्यायका अनुसार लेखकले यात्रागत वस्तुतथ्यको यथार्थपरक प्रस्तुतिमा बाधा नपर्ने किसिमबाट यात्रा लेखनको मर्यादालाई सम्पूर्णतः आत्मसात गरी एक निश्चित सीमाभित्र रहेर आफूखुसी लहडबाजीका साथ खोलाझैं नागबेली पर्दै वा चराझैं आकाशिएर कावा खाँदै मनमोजी पारामा आफ्ना यात्राकालीन अनुभव र अनुभूतिहरूलाई स्वच्छन्द वा उन्मुक्त भावले अभिव्यक्त गर्दछ (२०६६ : ६१) । अतः प्रत्येक नियात्राकारको निजी पहिचान कायम गराउनको लागि नियात्रामा स्वच्छन्दता अत्यावश्यक छ ।

### २.३.१३ चित्रात्मकता

एक ठाउँबाट अर्को टाढाको ठाउँमा जानु वा भ्रमण गर्नुलाई यात्रा भनिन्छ । यात्रा गतिशील हुन्छ । यात्राका क्रममा हरेक स्थानमा विविध नयाँ-नौला दृश्यहरू साक्षात्कार हुन्छन् । ती दृश्यहरूको सजीव चित्रण गर्न सक्ने क्षमता नियात्राकारमा हुनुपर्छ । नियात्राकारमा निहित चित्रात्मकताकै कारण पाठकको मनलाई आकर्षित गर्दछ र सो स्थानमा काल्पनिक रूपमै भए पनि पाठकहरू विचरण गर्ने गर्दछन् जसकारण नियात्रा रसमय बन्दछ । त्यसैले चित्रात्मकता नियात्राको अर्को प्रमुख तत्त्व हो ।

## २.४ नियात्राका केही निकटवर्ती उपविधाहरू

यात्राका क्रममा देखेका, भोगेका र अनुभव गरेका तथ्यलाई प्रस्तुत गरिएको विधालाई नियात्रा भनिन्छ । नियात्राका लागि विषयवस्तु, पात्र, परिवेश, सूचना, तथ्य, चिन्तन आदि आवश्यक मानिन्छ । नियात्राका यी गुणहरूसँग निकट रहेका अन्य केही उपविधाहरू पनि छन् । नियात्राका निकटवर्ती उपविधाहरूका बारेमा वेदव्यास उपाध्याय भन्छन् - नियात्रामा यात्राको प्रवाहसँगै संस्मरण लहराएको हुन्छ । दैनिकीले व्यापकता

पाएको हुन्छ । पत्रसाहित्यका सन्देश, हार्दिकता, मनोरञ्जन, वैयक्तिक रागजस्ता पक्षहरू तरङ्गित हुन्छन्; आत्मकथा यात्रासँग मिलेर ढुकढुक गरेको हुन्छ, शब्दचित्र यात्राकै क्रममा विभिन्न व्यक्ति, वस्तु, स्थान आदि पक्षको कलात्मक तस्वीर खिच्न सक्रिय रहन्छ र विवरण यात्रासँग जोडिएका सत्यतथ्य सहितका विविध पक्षलाई साहित्यिक भावभूमिमा अभिव्यक्त गर्न अग्रसर भएको हुन्छ (२०६६ : ८५) । नियात्राकार निकटवर्ती उपविधाहरू निम्नलिखित रहेका छन् -

## २.४.१ संस्मरण

नियात्राका अत्यन्त नजिकको उपविधाको रूपमा संस्मरणलाई लिने गरिन्छ । बालकृष्ण पोखरेलका अनुसार पुरानो घटना, वस्तु, महत्त्व आदिलाई ताजा राख्न आवश्यक पर्ने महत्त्वपूर्ण कुराको उल्लेख, कथन वा रचनालाई संस्मरण भनिन्छ (२०६७ : १२१०) । त्यस्तै केशवप्रसाद उपाध्यायका अनुसार कुनै घटना, कुनै व्यक्ति, कुनै महत्त्वपूर्ण अनुभव तथा कुनै यात्रा आदिबारे आत्मपरक शैलीमा लेखिने संक्षिप्त आकारप्रकारको रचनालाई संस्मरण भनिन्छ (२०४९ : २०८) । रमेशचन्द्र रोकाका अनुसार संस्मरण भनेको लेखकसँग सम्बन्धित जीवन भोगेको स्मरणीय घटनाहरूको आलेख हो (२०५५ : १७) । मोहनराज शर्माका अनुसार वैयक्तिक अनुभव तथा स्मरणका आधारमा आफ्नो वा अरू कसैको जीवनवृत्तान्तलाई विषय बनाएर लेखिएको निबन्धलाई संस्मरण भनिन्छ (२०५५ : ५१५) । त्यसैले संस्मरणमा पनि तथ्यात्मकता आवश्यक हुन्छ ।

अतः जीवनका महत्त्वपूर्ण वा कुनै सम्झनयोग्य स्थान, समाज, प्रकृति, व्यक्ति, संस्कृति, घटना, वस्तु आदिसँग सम्बन्धित प्रसङ्गहरूलाई आत्मपरक रूपमा प्रस्तुत गरिएको स्थितिशील लेखन नै संस्मरण हो । यसमा तत्कालीन यात्रामयता आवश्यक नभए पनि आफ्नो मानस्पटलमा रहेका अतीतका आफ्नो वा अरू कसैको जीवन भोगाइका स्मृतिहरूलाई लामो समयान्तरमा लेख्न सकिन्छ । लेखकको अनुभव, वैयक्तिकता, दृष्टिकोण, विचार आदिले संस्मरणमा महत्त्वपूर्ण स्थान पाउँछ ।

## २.४.२ पत्रसाहित्य

पत्रात्मक रूपमा लेखिएको साहित्यिक लेखलाई पत्रसाहित्य भनिन्छ जुन निबन्ध अन्तर्गतको एक नौलो उपविधा हो । यसको लागि नियात्रामा जस्तो यात्राको आवश्यकता पर्दैन । यो एक स्थितिशील लेखन हो । वेदव्यास उपाध्यायका अनुसार जीवन भोगाइका क्रममा कुनै निश्चित व्यक्तिद्वारा अर्को कुनै निश्चित व्यक्तिलाई प्रेषक स्वयम्का प्रापकका वा कुनै तृतीय पुरुषका बारेमा एक वा अनेक कुरा हालेर प्रापकलाई सम्बोधन गरी आत्मपरक शैलीमा लेखिएको लेख नै पत्र हो । साहित्यिक मूल्य र महत्त्व प्राप्त गरेको पत्र नै पत्रसाहित्य हो (२०६६ : ७४) । उपाध्यायकै अनुसार मानवीय भाव संवेदनाहरू अभिव्यक्त भएको विभिन्न क्षेत्रसँग सम्बन्धित मधुर वा तिक्त पर्यावरण सहित विविध सन्देश भएको, विविध रस व्यञ्जित लिखितसामग्रीविशेषलाई पत्रसाहित्य भनिन्छ, जसमा साहित्यिक कला स्वतः स्फूर्त रूपमा जडिएको हुन्छ (२०६६ : ९६) । केशवप्रसाद उपाध्यायका अनुसार लेखकले प्रापकसँग शिल्पद्वारा एक सहज मधुर सम्बन्ध स्थापित गर्न लेखिएका सुन्दर, सुरुचिपूर्ण शैलीका पत्र नै साहित्यिक दृष्टिले महत्त्वपूर्ण हुन्छन् (२०४९ : २०९) । अतः निबन्धको नवीन विधाका रूपमा स्वीकार गरिएको पत्रसाहित्यलाई नियात्राको निकटवर्ती उपविधाका रूपमा पनि मानिन्छ ।

## २.४.३ दैनिकी

लेखकले प्रातः कालीन समयदेखि सुत्नुअघि सम्मका देखेभोगेका आफूसम्बद्ध व्यक्तिगत तथा समाजका विविध क्षेत्रसँग सम्बद्ध घटना तथा अनुभवहरूलाई सामान्य भूतकालमा लेख्ने एक प्रकारको लेखलाई दैनिकी भनिन्छ । दैनिकीको अवधि सामान्यतः छोटो हुन्छ । वेदव्यास उपाध्यायका अनुसार कुनै व्यक्तिको दैनन्दिन कार्य व्यापारका विवरणहरूको अङ्कन वा मनोदशाको आलेख नै दैनिकी लेखन हो । यो नितान्त वैयक्तिक लेखन हो । यसमा दैनिकी लेखकको वा सम्बद्ध व्यक्तिको व्यक्तित्व प्रतिबिम्बित हुन्छ । दैनिकी स्थान र तिथिमितिको अङ्कनका साथ प्रतिदिन लेखिन्छ वा केही दिन बिराएर पनि लेखिन्छ । यो लेखकको इच्छा अनुसार सामान्य बुँदा टिपोटका रूपमा वा वर्णनात्मक पनि लेखिन्छ । त्यस्तै लेखक स्वयम्को जीवनमा घटित नितान्त वैयक्तिक घटनादेखि लिएर समाजका विविध क्षेत्रसित सम्बद्ध घटना प्रसङ्ग यसका विविध विषय बन्न सक्छन् । तीमध्ये

साहित्यिक मूल्य प्राप्त गरेको दैनिकीलाई नै दैनिकी साहित्य भनिन्छ (२०६६ : ७५) । केशवप्रसाद उपाध्यायका अनुसार रोज-रोजको घटना र कार्यव्यापार सम्बन्धी टिपोटलाई दैनिकी वा दैनन्दिनी भनिन्छ (२०४९ : २०९) । रमेशचन्द्र रोकाका अनुसार दैनिकी सामान्यतया लेखकले आफ्नो लागि, नितान्त वैयक्तिक प्रयोजनका लागि लेख्दछ । यसमा समय, पात्र, परिवेश, घटना र ती घटनाप्रतिका आफ्ना स्वच्छन्द प्रतिक्रियाविना ढाकछोप खुलस्त व्यक्त गरिएको हुन्छ (२०५५ : २९) । अतः एक दिनभरिको अनुभवलाई दैनिकीमा समेटिए पनि यसमा तथ्यात्मकताको आवश्यकता पर्दछ । साहित्यिक मान्यताप्राप्त यो उपविधालाई पनि नियात्राको निकटवर्ती मानिन्छ ।

### २.४.४ रिपोर्ताज

सञ्चार तथा साहित्यको विकाससँगै जन्मन पुगेको गद्य साहित्यको नवीन लेखनलाई रिपोर्ताज भनिन्छ । रिपोर्ताज पत्रकारिताका सन्दर्भमा पत्रकारहरूले राष्ट्रिय महत्त्वको खबर बन्न सक्ने समाज, देश वा विदेशमा घटेका अत्यन्त समसामयिक र गम्भीर घटनाहरूको तथ्यात्मकतालाई प्रतिवेदन बनाउँदै जाने क्रमको विकसित रूप हो । तथ्य र दृश्यकै आधारमा रचना गरिने हुनाले यसलाई पनि नियात्राको निकटवर्ती उपविधाकै रूपमा लिने गरिन्छ । पत्रकारिता क्षेत्रसित सम्बन्धित लेखन रिपोर्ताज अङ्ग्रेजीको 'रिपोर्टस्' शब्दको आधारमा फ्रान्सेली भाषामा नवनिर्मित शब्द हो । यसको जन्म द्वितीय विश्वयुद्धतिर भएको भनिन्छ । रिपोर्ताज घटनाको यथार्थ विवरण समावेश गर्ने लेखन भए पनि यसमा सूचनात्मकतासँगै कलात्मकता तथा चिन्तनशीलताले स्थान पाएको हुन्छ ।

### २.४.५ आत्मकथा

आख्यानात्मकता, जीवनसँग सम्बन्धित प्रमुख घटना, गद्यमयता, रोचक प्रस्तुति, सरस अभिव्यक्ति, घटनाको कलात्मक प्रस्तुति भएको लेखक स्वयम्द्वारा लेखिएको आफ्नै जीवनी वा निजात्मक स्मृति चित्र सहितको आत्मपरक गद्य लेखनलाई आत्मकथा भनिन्छ । यो प्रथम पुरुष शैली तथा प्रायजसो भूतकालमै लेखिन्छ । आत्मकथा शब्दका सट्टामा आत्मचरित्र, आत्मकहानी, आत्मजीवनी, आत्मवृत्तान्त, आत्मसंस्मरण आदि शब्दहरू पनि

प्रयोग भएको पाइन्छ । विशेषतः विविध क्षेत्रका प्रतिष्ठित व्यक्तिहरूको आत्मकथा पाठकका निम्ति रुचि लाग्ने खालको भएको पाइए पनि सामान्य व्यक्तिका कतिपय आत्मकथाले पनि सफलता पाएको र साहित्यिक महत्त्व राख्न सकेको पाइन्छ । बालकृष्ण पोखरेलका अनुसार आफ्ना सम्बन्धमा आफैंले लेखेको वा भनिएको कथा; आफैंले बनाएको आफ्नै वृत्तान्त; आफ्नै जीवनचरित्र; आत्मचरित्र आत्मकथा हो (२०६७ : ९८) । त्यस्तै मोहनराज शर्माका अनुसार लेखकले आफ्नो जीवनलाई विषय बनाएर लेखेको निबन्धलाई आत्मकथा भनिन्छ । दैनिकी, चिठीपत्र आदि यसै खालका निबन्ध हुन् । आत्मकथा र संस्मरणमा प्रमुख भिन्नता के छ भने आत्मकथामा आन्तरिक चरित्रमा बढी बल दिइन्छ तर संस्मरणमा बाह्य घटनामा बढी जोड दिइन्छ (२०५५ : ५१५) । आत्मकथा पनि तथ्यात्मकताकै आधारमा लेखिने हुनाले यसलाई नियात्राको निकटवर्ती उपविधा मानिन्छ ।

## २.४.६ शब्दचित्र/ रेखाचित्र

शब्दचित्र वा रेखाचित्रलाई पनि नियात्राको निकटवर्ती उपविधाको रूपमा लिइन्छ । माजदा असदका अनुसार शब्दचित्र या रेखाचित्र नामक साहित्यिक नव गद्यरूप साहित्यमा चित्रकलाबाट आएको हो । चित्रकलामा रेखाहरूका माध्यमबाट कुनै स्थान, प्रकृति, वस्तु र व्यक्तिको सजीव चित्र प्रस्तुत गरिने गरेझैं साहित्यमा शब्दका माध्यमबाट त्यो काम दुरुस्त रूपमा गरिन्छ । व्यक्तिको स्थूल बाह्य रूपलाई मात्र नभई उसका अमूर्त र सूक्ष्म भावना र गुणदोष आदि समग्र वैशिष्ट्य र दौर्बल्यहरूलाई एकै दृष्टिमा पूर्ण उद्घाटित तुल्याउन सक्ने किसिमले तीक्ष्णताका साथ अभिव्यक्त गरिन्छ (१९८६ : ३०) । बालकृष्ण पोखरेलका अनुसार प्रत्यक्ष देखेझैं गरी कुनै व्यक्ति, वस्तु वा घटनाको वर्णन गरिने साहित्यिक लेखन वा शैलीविशेषलाई शब्दचित्र भनिन्छ (२०६७ : ११८२) । मोहनराज शर्माका अनुसार एउटा व्यक्ति वा वस्तुलाई विषय बनाएर शब्दचित्रका ढङ्गमा लेखिएको निबन्धलाई रेखाचित्र भनिन्छ । यसमा र कथामा प्रायः समानता देखिन्छ तर एउटा प्रमुख भिन्नता के छ भने रेखाचित्र एकात्मक (एक व्यक्ति वा वस्तुतर्फ उन्मुख) हुन्छ तर कथा एकात्मक नभई बहुपक्षीय हुन्छ (२०५५ : ५१२) । शर्माकै अनुसार एउटा व्यक्ति वा वस्तुलाई विषय बनाएर शब्दचित्रका ढङ्गमा लेखिएको निबन्धलाई रेखाचित्र भनिन्छ । यसमा र कथामा प्रायः समानता देखिन्छ तर एउटा प्रमुख भिन्नता के छ भने रेखाचित्र एकात्मक (एक व्यक्ति वा वस्तुतर्फ उन्मुख) हुन्छ तर कथा एकात्मक नभई बहुपात्रीय हुन्छ (२०५५ : ५१५) । ईश्वर

बरालका अनुसार शब्दचित्र छोटो र जीवन्त हुन्छ । शब्दचित्र लेखकले व्यक्ति, स्थान, वातावरण र प्रसङ्गको अमिट छापलाई कलम कुचीद्वारा प्रभावकारी रूपमा चित्रण गर्छ शब्दचित्रमा । ........... सफल शब्दचित्र लेखनको लागि संवेदनशीलता, सूक्ष्म पर्यवेक्षण शक्ति वा प्रसङ्गको एक पक्षमा छिटो छरितो रूपमा प्रकाश पारिन्छ (२०५५ : ७९१) । भिक्टर प्रधानका अनुसार संक्षिप्तता, वर्णनात्मकता, तटस्थता, यथार्थपरकता शब्दचित्र या रेखाचित्रका विशेषता हुन् । शब्दचित्र या रेखाचित्र चित्रकलाबाट उद्भूत लेखन हुनाले चित्रात्मकतालाई यसको विशिष्ट गुण मान्न सकिन्छ (२०४४ : ५८) । आफूले अनुभव गरेका दृश्यहरूलाई शब्दका माध्यमबाट सजीव रूपमा उतार्न सके मात्र नियात्राकार सफल मानिन्छ । नियात्राभित्र समाविष्ट तथ्यात्मकतालाई उजागर गर्न पनि शब्दचित्र आवश्यक छ त्यसैले यी दुवै विधा तथा उपविधाबीच निकटको सम्बन्ध भेट्न सकिन्छ ।

## २.४.७ जीवनी

आदर्शवान् व्यक्तिको बारेमा जन्मदेखि उसले जीवनमा गरेका, भोगेका हरेक यथार्थ तथ्य तथा अन्तिम समयसम्मको सम्पूर्ण विवरणलाई जीवनी भनिन्छ । जीवनी पाठकका लागि सन्देश मूलक हुने गर्दछ । मोहनराज शर्माका अनुसार कसैको जन्मदेखि अन्तिम समयसम्मको व्यक्तिवृत्तलाई विषय बनाएर लेखिएको निबन्धलाई जीवनी भनिन्छ । जीवनी विवरणात्मक र सूचनात्मक हुन्छ (२०५५ : ५१५) । वेदव्यास उपाध्यायका अनुसार कुनै व्यक्ति विशेषद्वारा जीवनावधिमा गरिएका कार्यहरूको वृत्तान्त नै जीवनी हो । जीवनीलाई जीवनचरित वा जीवनचरित्र पनि भनिन्छ । जीवनी नितान्त रूपले व्यक्तिकेन्द्री साहित्यिक लेखन हो । यसमा सम्बद्ध व्यक्ति विशेषको आन्तरिक र बाह्य दुवै व्यक्तित्वको तथ्यपरक ढङ्गबाट विश्लेषण गर्दै उसको जीवनको अथदेखि इतिसम्मको वृत्तान्त प्रस्तुत गरिन्छ र उससित सम्बन्धित अनेक विशेषताहरूको उद्घाटन गरिन्छ । साथै यसमा जीवनीनायकका ती विशेषताहरूको परम्परा सम्बद्धता र एकसूत्रता कायम रहन्छ र तटस्थता एवम् सहृदयता जीवनी लेखनका विशिष्ट गुण हुन् । सत्यको उद्घाटन गर्नु नै जीवनीकारको एक मात्र लक्ष्य हुन्छ । जीवनीनायकका जीवनसित सम्बन्धित घटनाहरूको पर्याप्त मात्रामा छानविन गर्नका लागि जीवनीकारले अन्वेषण पनि गर्नुपर्दछ । जीवनीमा लेखकको निजात्मक, अनुभूति, भावना र कल्पनाले विशेष महत्त्व पाउँदैन (२०६६ : ७८-७९) । त्यसैले जीवनी सत्य र तथ्यमा आधारित हुने हुनाले यसलाई नियात्राको नजिक मानिन्छ ।

### २.४.८ विवरण

निबन्धको एक भेदको रूपमा लिइने विवरण (Report) लाई प्रतिवेदन, घटनालेखन, जाहेरी, टिपोट आदिका नामले पनि चिनिन्छ । रमेशचन्द्र रोकाका अनुसार समाजमा घटेका विशेष घटनालाई प्रत्यक्षदर्शीले आफ्ना अनुभूति, दृष्टिकोण, न्यूनकल्पना तथा सशक्त कलाका सहाराले मनोरम र चित्रात्मक ढङ्गमा गरिने घटना वृत्तान्त नै विवरण साहित्य हो । .............विवरण एउटा इतिहास हो, विशेष घटनाको एउटा युगको । यसमा सामाजिक, राजनैतिक, साँस्कृतिक, आर्थिक विविध पक्षको तथ्यात्मक अभिलेख हुन्छ र साथमा घटना नायकको असामान्य मनोदशा, वीरता, सङ्कल्प र अवशानको सनसनीपूर्ण कथा हुन्छ (२०५५ : २९) । विवरणमा रमणीयपन तथा कलात्मकता केही मात्रामा भए पनि बढी मात्रामा सत्यतथ्यको उपयोग गरिन्छ । विवरणमा प्राप्त वस्तुतथ्यको शृङ्खलाबद्ध प्रस्तुति हुने हुनाले यो ज्ञानबर्द्धक तथा सूचना मूलक पनि हुन्छ ।

## २.५ नेपाली नियात्राको विकासक्रम

### २.५.१ पृष्ठभूमि

सभ्यताको प्रारम्भदेखि नै मानिसले घुमफिर गर्न थाल्यो र यही प्रवृत्तिले मानिसलाई आजको वैज्ञानिक र विकसित युगसम्म ल्याइपुऱ्याएको हो । भ्रमण/यात्रा मानव जातिको इतिहाससँगै जोडिने हुनाले भाषाको विस्तार, प्रगति तथा परिमार्जन हुनुमा यही प्रवृत्तिको भूमिका रहेको पाइन्छ । प्रिया गौतमका अनुसार पुरातात्त्विक इतिहास, साँस्कृतिक विविधता, प्राकृतिक विचित्रताको अतिरिक्त आज विज्ञानले ल्याएका आश्चर्यलाग्दा कुराहरूको अवलोकन आश्वादन र तिनबाट प्राप्त अनुभूतिलाई मानवले इतिहासको आदिकालदेखि नै मौलिक, लिखित वा यस्तै अन्यन्य माध्यमबाट यद्किञ्चित् रूपमा अभिव्यक्त गर्दै आएको छ र अद्यापि यो प्रक्रिया यथावत् छ । यात्राबाट प्रेरित भएर लेखिने यात्रासाहित्यको विकास काल उन्नाइसौं वा बीसौं शताब्दी मात्रै मान्न सकिए तापनि यसको प्राचीनताको दृष्टिले चाहिँ मानवमा सौन्दर्य चेतना विकास भइसकेपछि नयाँ-नयाँ ठाउँको अवलोकन गर्न थालेका प्रागैतिहासिक कालसम्म पुग्न सकिन्छ (२०५४ : २९) । प्रारम्भमा गास, वास र कपासकै निम्ति यात्रा गरे पनि मानवमा जब जनचेतनाको

विकास भयो तबदेखि मनोरञ्जन, नयाँ सँस्कृति, परिवेशको जानकारीका लागि, शैक्षिक ज्ञान बृद्धिका लागि तथा धार्मिक उद्देश्यले आन्तरिक तथा बाह्य पर्यटनकै रूपमा भ्रमणलाई विकसित गरियो । मानिसको यही विविध रुचिका कारण गरिने पर्यटनको प्रभाव विश्वका हरेक साहित्यमा परेको पाइन्छ ।

वीरेन्द्र राईका अनुसार पूर्वको सर्वप्राचीन ग्रन्थ ऋग्वेदलाई साहित्यिक ग्रन्थको आदि रूप मानिन्छ । ऋग्वेदका उषःसूक्तहरूमा एक कुशल एवम् स्वच्छन्दतावादी कविले सुन्दर प्रकृतिमा यात्रा गर्दै यात्रा कविता (सूक्त)  रचना गरेका छन् । वैदिक साहित्यपछि वाल्मीकिको 'रामायण' र कालिदासको 'महाभारत' जस्ता आर्ष महाकाव्यहरूमा पनि धेरै ठाउँको यात्राको सुन्दर वर्णन पाइन्छ । कालिदासकै 'मेघदूत' खण्डकाव्यमा पनि यात्राको आकर्षक वर्णनहरू परेका छन् । दण्डीको 'दशकुमार चरित' र वाणभट्टको 'कादम्बरी' जस्ता काव्यमय गद्य कृतिहरूमा पनि सुन्दर र आकर्षक शैलीमा यात्रावर्णन गरिएको पाइन्छ । चिनियाँ यात्रीहरू फाययान, ह्वेनसाङ आदिका यात्रावर्णनहरू पनि यस क्रममा उल्लेखनीय छन् (२०६१ : १६) । राईकै अनुसार नेपाली साहित्यमा नियात्राको पृष्ठभूमि यात्रासाहित्यका रूपमा आएको पाइन्छ । हालसम्म प्राप्त सर्वप्राचीन यात्रालेख 'राजा गगनिराजको यात्रा' ( १५५०) हो । अज्ञात लेखकको यो यात्रावर्णनमा राजा गगनिराजलाई कल्याणकारी, दानी र भ्रमणमूलक व्यक्तित्वको वर्णन गरिएको छ । नेपाली गद्य लेखनकै प्रारूप मानिएको यो यात्रालेख प्राचीन भाषामा लेखिएको छ । यस कारणले वर्तमान नेपाली भाषाभन्दा अरूको भाषाशैली धेरै पृथक र जटिल पनि छ । संरचनागत रूपबाट हेर्दा पनि यो कृति सुगठित छैन । साहित्यिक दृष्टिले यसको महत्त्व कम भए पनि ऐतिहासिक दृष्टिले यसको आफ्नै महत्त्व छ (२०६१ : १७) । पाश्चात्य साहित्यमा पसेनियसको 'हिलाडस पेरिजेसिस', रवर्ट लुई स्टिभेन्सन्को 'अ जर्नी विद अ डङ्की' (१७७२), स्यामुअल जोनसोनको 'अ जर्नी टु द वेष्टर्न आइसेल्स अफ स्कटल्याण्ड' (१७७५), अल स्टेन्सिको 'अ सेन्टिमेन्टल जर्नी' (१८१०), रूडोल्फ रास्पको 'व्यारन मञ्चसन' (१७८५) आदि यात्रा साहित्यका पृष्ठभूमि हुन् र यही नियात्राको पृष्ठभूमि हो (इन्साइक्लोपेडिया ब्रिटानिका, १९६८ : ६१७) । कपिल अज्ञातका अनुसार सुवानन्ददासको वीरता, देशभक्ति र राजभक्तिले ओतप्रोत भएको कविता 'पृथ्वीनारायण शाह' मा पनि लडाइँ गर्दाको यात्रावर्णन निकै रोचक शैलीमा आएको छ । 'राजा गगनिराजको यात्रा' को करिब ३६० वर्षपछि अज्ञात लेखककै 'जङ्गबहादुर बेलायत यात्रा' (१९१०) अर्को यात्रालेख प्राप्त भएको छ । जङ्गबहादुर वि.सं. १९०६ मा युरोप (

बेलायत र फ्रान्स) को यात्रामा गएका थिए । यो राजनीतिक एवम् कुटनीतिक उद्देश्यले गरिएको यात्रा थियो । जङ्गबहादुर राणालाई बेलायत र फ्रान्स कुन शक्तिशाली छ भनी जान्नु थियो र उसैसँग सम्बन्ध कायम गर्नु थियो । जङ्गबहादुरले बेलायत नै शक्तिशाली भएको पाए र बेलायतसँग नेपालको सर्वप्रथम कुटनीतिक सम्बन्ध पनि कायम भयो । जङ्गबहादुरको बेलायत यात्रा पनि लेखियो तर जङ्गबहादुरको फ्रान्स यात्राचाहिँ लेखिएनन् ( २०५८ बैशाख-असार : २११) । यसरी २६० वर्षको रिक्ततालाई भर्दै 'जङ्गबहादुरको बेलायत यात्रा' ले नेपाली यात्रासाहित्य एवम् नियात्रा परम्परामा एक कोशेढुङ्गा (माइलस्टोन) को रूप लिन पुगेको छ र यसैबाट नेपाली नियात्राको शिलान्यास भएको देखिन्छ । यसमा निकै आकर्षक र स्तरीय भाषाशैलीको प्रयोग भएको छ भने संरचना पनि निकै सुगठित छ । यसै पृष्ठभूमिबाट नेपाली नियात्राको परम्परा र विकास अगाडि बढ्दै आएको छ ।

### २.५.२ प्राथमिक काल (वि.सं.१५५०-१९६९)

ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण अज्ञात लेखकद्वारा प्राचीन भाषामा लेखिएको 'राजा गगनिराजको यात्रा' कृतिसँगै गद्य विधामा एउटा नयाँ परम्पराको थालनी भएको मानिन्छ । वेदव्यास उपाध्यायका अनुसार यस कालका मुख्य कृतिहरू 'बेनामी राजा गगनिराजको यात्रा' (र.वि.सं.१५५०), गदाधर पाध्या सुवेदीको 'अर्जीपत्र'(वि.सं.१६०० तिर), बेनामी श्री ५ पृथ्वीनारायण शाहको जीवनी (र.वि.सं.१८३१-३२) अन्तर्गत "काशीयात्रा प्रसङ्ग" बेनामी (सिद्धिमानसिंह राजभण्डारीको कृति भएको अनुमान गरिएको तर हालसम्म प्रमाणित भइनसकेको) जङ्गबहादुरको बेलायत यात्रा (र.वि.सं.१९१०तिर), बेनामी बत्तीस सालको रोजनाम्चा (र.वि.सं.१९३२-३३) तथा शिखरनाथ सुवेदीद्वारा लिखित शिखरनाथ भाष्य ( वि.सं.१९५७) आदि हुन् (२०६६ : ९२) । राजाराम सुवेदीका अनुसार राजा गगनिराजको यात्रा' पूर्णप्रकाश नेपाल यात्रीद्वारा अन्वेषित-सम्पादित तथा काठमाडौंस्थित नेसनल रिसर्च एसोसिएट्स नामक संस्थाबाट वि.सं. २०३९ सालमा ग्रन्थाकारमा प्रकाशित आदि र अन्त्य भाग अनुपलब्ध अपूर्ण वा खण्डित कृति हो । यसको लेखोट कर्णाली अञ्चल मुगु जिल्लाको कार्की बडा गाउँका कालाखुरी रावलको घरमा उपलब्ध भएको हो । 'गदाधर पाध्या सुवेदीद्वारा रचित र रचनाकाल अनुल्लिखित यो कृति नेपाली यात्रा साहित्यको पृष्ठभूमिकालीन उपलब्ध सामग्रीमध्ये उल्लेखनीय सामग्रीका रूपमा प्रस्तुत छ । राजाराम सुवेदीबाट सुवेदीहरूको वंशावलीको खोजीका क्रममा कास्की जिल्लाको ढिकुरपानी

गाविसको सुवेदी गाउँमा मूल लेखोटका रूपमा नभएर प्रतिलिपिको रूपमा प्राप्त उक्त कृति राजाराम सुवेदीद्वारा लिखित 'सुवेदीहरूको मूलको खोज' शीर्षक लेखको परिशिष्ट २ का रूपमा दधिराज सुवेदी सम्पादक र सुवेदी सेवा समाज, विराटनगर प्रशासक रहेको 'भारद्वाज' पत्रिकाको प्रवेशाङ्क (२०५९) मा अद्योपान्त प्रकाशित छ (सुवेदी, २०५९ : ११५-११८) । बुद्धिसागर पराजुलीका अनुसार कृतिकार र कृतिको रचनाकाल अज्ञात रहेको तथा अपूर्ण रूपमा उपलब्ध रहेको 'श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी' शीर्षकको यो ग्रन्थ बुद्धिसागर पराजुलीद्वारा सम्पादित एवम् दामोदर कोइरालाद्वारा संशोधित भई श्री ५ को सरकार वीर पुस्तकालयबाट वि.सं.२०२० सालमा प्रकाशित छ । उक्त जीवनी ग्रन्थमा श्री ५ पृथ्वीनारायण शाहको काशीयात्रा-प्रसङ्ग पनि समाविष्ट छ (२०२० : १-२१) । यसरी 'राजा गगनिराजको यात्रा'देखि 'मेरो लण्डन राजतिलक यात्रा' अगाडिको समयलाई प्राथमिक काल मानिन्छ ।

### २.५.३ आरम्भकाल (वि.सं. १९७०-१९९८)

पृष्ठभूमिकालमा असचेत रूपले वस्तुपरक शैलीमा परकीय यात्रावर्णनबाट आरम्भ भएको नेपाली यात्रा साहित्यिक लेखन आत्मपरक शैलीको स्वकीय यात्रावर्णनको क्षीण आभा प्रस्तुत गर्दै पुनः वस्तुपरक शैली र परकीय यात्रावर्णनमै सीमित हुन पुगेको र कालक्रममा शिथिल एवम् विचलित समेत हुन पुगेको परिप्रेक्ष्यमा 'मेरो लण्डन राजतिलक यात्रा' शीर्षक ग्रन्थाकार यात्रा साहित्यिक कृति लिएर वि.सं.१९७० मा शेरसिंह रानाको आगमन हुन्छ । उनबाट सर्वथा सचेत रूपले आत्मपरक शैलीमा स्वकीय यात्रावर्णन गरिएको उक्त कृति नेपाली यात्रा साहित्यमा एउटा कोसेढुङ्गाका रूपमा उपस्थित देखिन्छ ( शर्मा भट्टराई, २०५८ बैशाख-असार : २१८) । किनकि उक्त कृतिको प्रणयन प्रकाशनबाट नेपाली यात्रासाहित्यिक लेखनमा एक नवीन युगको आरम्भ हुन्छ, जसलाई नेपाली यात्रासाहित्यको आरम्भ वा प्रवर्तनकाल मान्न सकिन्छ । रानाको आगमनदेखि लिएर भवानी भिक्षुको आगमनपूर्वसम्मको यस कालावधिमा विषियगत, शैलीगत, संरचनागत र प्रवृत्तिगत दृष्टिले समेत उल्लेखनीय कतिपय ग्रन्थाकार एवम् स्फुट कृतिहरूको रचना भएको पाइन्छ भने नेपाली साहित्यमा एक युगान्तकारी र नवयुगप्रवर्तक मानिने शारदा (वि.सं.१९९१) पत्रिकासँगै कविता, कथा र निबन्ध विधाले आधुनिक स्वरूप प्राप्त गरेजस्तै यसै पत्रिकामा प्रकाशित भवानी भिक्षुको 'सिमलासम्म' शीर्षक यात्रासाहित्यिक कृतिले नयाँ युगको प्रवर्तन

स्पष्ट रूपमा गर्दछ । यो प्रवर्तनपूर्वको (वि.सं.१९७० देखि वि.सं.१९९८ सम्मको) अवधिलाई नेपाली यात्रासाहित्यको आरम्भकाल मान्नु उपयुक्त हुन्छ । यस कालमा नेपाली यात्रासाहित्यले आधुनिक यात्रा साहित्यिक स्वरूप निर्माण गर्नको लागि सबल पूर्वाधार समेत प्राप्त गरेको पाइन्छ ।

यस कालमा निम्नानुसारका स्वकीय र परकीय यात्रावर्णनमा आधारित कृतिहरूको लेखन भएको पाइन्छ : शेरसिंह रानाद्वारा लिखित 'मेरो लण्डन राजतिलक यात्रा' ( वि.सं.१९७०), चिरञ्जीवी शर्मा पौड्यालको 'आफ्नु कथा' (र.वि.सं.१९७४,प्र.२०१४) अन्तर्गत 'काश्मीर यात्रा प्रसङ्ग', हरिनाथ प्याकुर्‍यालको 'तीर्थ जाँदाको वृत्तान्त'( वि.सं.१९७४), अज्ञात व्यक्तिद्वारा लिखित 'समुन्द्र यात्राको आनन्द'(गोरखापत्र-वि.सं.१९७८), गुरुप्रसाद मैनालीद्वारा लिखित 'श्री ५ मुमा बडामहारानीको तीन धाम सवारीको दैनिक विवरण'(र.वि.सं.१९८१,प्र.२०५१), काशीनाथ आचार्य दीक्षितको 'भएका कुरा'( र.वि.सं.१९८८, प्र.२०३१), शमशेरबहादुर मल्लको 'छ मैन्हाको भ्रमण' (शारदा वर्ष १, अङ्क ८, वि.सं.१९९२-असोज), सुवर्णमानसिंह कटुवालको 'बाराहक्षेत्र दर्शन' (शारदा वर्ष ४, अङ्क १२ ख, वि.सं.१९९५-चैत्र), रणशूर लिम्बूद्वारा लिखित 'बर्माको सम्झना' (र.वि.सं.१९९६, प्र.२०१८) आदि । वेदव्यास उपाध्यायका अनुसार यस कालमा स्थान परिचयात्मक र यात्रानिर्देशनात्मक गद्य कृतिहरू तथा सवाइ काव्य, वार्णिक छन्दमा युद्धयात्रा वर्णन, तीर्थयात्रा वर्णन तथा संसारका विभिन्न देशको वर्णन गरिएका पद्य कृति समेत लेखिएका पाइन्छन् । त्यस्तै नेपालीमा अनुवाद गरिएका कृति पनि पाइन्छन् (२०६६ : ११३) । यसरी 'मेरो लण्डन राजतिलक यात्रा' देखि 'सिमलासम्म' भन्दा अगाडिको काललाई आरम्भ काल मानिन्छ ।

## २.५.४ आधुनिककाल (वि.सं.१९९९देखि यता)

आरम्भकालपछिको समयलाई आधुनिक काल मानिन्छ । वेदव्यास उपाध्यायका अनुसार नेपालमा प्रेसको प्रवेश भएको छ दशकजति पछि हेमराज पाण्डेको 'चन्द्रिका व्याकरण' (वि.सं.१९६९), सोमनाथ सिग्द्यालको 'मध्यचन्द्रिका' (वि.सं.१९७६) र 'लघुचन्द्रिका' (वि.सं.१९९१), पारसमणि प्रधानको 'सजिलो नेपाली व्याकरण' (वि.सं.१९८९) र पुष्करशमशेर राणाको 'नेपाली कसरी शुद्ध लेख्ने' (वि.सं.१९९१) जस्ता व्याकरण-ग्रन्थहरूको प्रकाशन भयो । त्यसबाट नेपाली भाषाको तत्कालीन स्वरूपमा परिष्कार आउँदै

गयो र त्यसको स्तरीकरण एवम् आधुनिकीकरण हुँदै गयो । नेपाली भाषा प्रकाशिनी समिति एवम् नेपाली भाषानुवाद परिषद् जस्ता संस्थाहरूको स्थापना पनि भयो । भारत तथा नेपालबाट विभिन्न पत्र-पत्रिकाहरूको प्रकाशनको क्रम अघि बढ्दै गयो । त्यसै सिलसिलामा वि.सं. १९९१ मा शारदा पत्रिकाको प्रकाशन आरम्भ भयो । यसले कृतिहरूको प्रकाशनको अवसर र सुविधा विस्तार भयो । फलतः अन्य आधुनिक विधाको लेखनसँगै आधुनिक नेपाली यात्रासाहित्यको लेखनका निम्ति उत्साहजनक वातावरणको सृजना भयो र विधासिद्धान्त र मान्यताप्रति सचेत नयाँ-नयाँ आधुनिक यात्रा लेखक देखा पर्दै जान थाले (२०६६ : १२७) । यसरी यस कालको यात्रासाहित्यलाई अग्रगति प्रदान गर्नमा शारदा, गोरखापत्र, प्रगति, धरती, रूपरेखा, मधुपर्क, मिर्मिरे, गरिमा लगायतका पत्रपत्रिका, ने.रा.प्र.प्र., जगदम्बा प्रकाशन, साझा प्रकाशन जस्ता थुप्रै प्रकाशन संस्थाहरूको महत्त्वपूर्ण योगदान रहेको छ । आधुनिक नेपाली यात्रासाहित्यलाई वेदव्यासका अनुसार निम्न तीन चरणमा विभाजन गर्न सकिन्छ -

### २.५.४.१ प्रथम चरण (वि.सं. १९९९-२००९)

आधुनिक कालको प्रथम चरणको महत्त्वपूर्ण रचनाको रूपमा भवानी भिक्षुको 'सिमलासम्म' लाई लिइन्छ । वेदव्यास उपाध्यायका अनुसार यस चरणका कृतिहरूमा भवानी भिक्षुको 'सिमलासम्म' (वि.सं. १९९९), 'मेरो काठमाडौं यात्रा' (वि.सं.२०११), 'दार्जिलिङ भ्रमणमा प्राप्त साहित्यिक अनुभव' (वि.सं.२०१२), रुद्रराज पाण्डेको 'गँडखार यात्रा !' (वि.सं.१९९९), उपेन्द्रपुरुष शर्माको 'मानसरोवर तथा कैलाशको वर्णन' ( वि.सं.१९९९), केशवराज पिँडालीको 'त्रिशूलीको बाटो' (वि.सं.१९९९), फलेन्द्रविक्रम राणाका 'भेडाबारी यात्राको एक झलक' (वि.सं.१९९९), 'मेरो सर्लाही यात्रा' ( वि.सं.२०००), हरिप्रसाद गोर्खा राईको 'मेरो डायरीको कैयौं पृष्ठ' (वि.सं.२००४), लक्ष्मीप्रसाद देवकोटाका 'पहाडी जीवन' (वि.सं.२००२), 'तानसेनतर्फको यात्रा' ( वि.सं.२०३९), भीमनिधि तिवारीको 'यात्राका तीन सम्झना' (वि.सं.२००४), धर्मराज थापाको 'यात्रीको यात्रा' (वि.सं.२००५), बाबुराम आचार्यको 'भगवान् पारसनाथ' ( वि.सं.२००५), अज्ञात लेखकको 'मुक्तिनाथको यात्रा' (वि.सं.२००६), तेजबहादुर राईको 'रमाइलो यात्रा' (वि.सं.२००६), कुन्ता(कान्ता?) ठाकुरको 'मेरो नेपाल भ्रमण' ( वि.सं.२००८), लैनसिंह बाङ्देलको 'डायरीको एक पृष्ठ' (वि.सं.२००९) आदि पर्दछन् ।

वेदव्यास उपाध्यायका अनुसार नेपाली यात्रासाहित्यको आधुनिक कालको प्रथम चरणका उपलब्ध उपर्युक्त कृतिहरूमध्ये भिक्षुको 'सिमलासम्म', देवकोटाको 'पहाडी जीवन' तथा तिवारीको 'यात्राका तीन सम्झना' विशेष उल्लेख्य छन् । यीमध्ये पनि भिक्षुको 'सिमलासम्म' यात्रासाहित्यिक दृष्टिले सर्वाधिक सफल छ (उपाध्याय, २०६६ : १३३) । यसरी 'सिमलासम्म' देखि 'डायरीको एक पृष्ठ' सम्मको समयावधिलाई आधुनिक कालको प्रथम चरण मानिन्छ ।

## २.५.४.२ द्वितीय चरण (वि.सं.२०१०-२०२२)

नेपाली यात्रासाहित्यको आधुनिक कालको द्वितीय चरणको आरम्भ वि.सं. २०१० देखि नारायण बास्कोटाको सम्पादकमा काठमाडौंबाट प्रकाशित प्रगति द्वैमासिक पत्रिकाको वर्ष १ अङ्क ४ (वि.सं. कात्तिक-मङ्सिर)देखि क्रमशः वर्ष १ अङ्क ५, वर्ष ३, अङ्क १, पूर्णाङ्क १३ र वर्ष ३ अङ्क २ पूर्णाङ्क १४ गरी चारवटा अङ्कमा धारावाहिक रूपले प्रकाशित एवं पछि वि.सं. २०१४ मा उही शीर्षकमा ग्रन्थरूपले प्रकाशित लैनसिंह वाङ्देलको पत्रशैलीको यात्रासाहित्यिक कृति युरोपको चिठीबाट भएको देखिन्छ । तदनन्तर प्रगति लगायत काडमाडौंबाट प्रकाशित हुने शारदा, गोरखापत्र, धरती, जुद्धोदय पब्लिक हाईस्कुल पत्रिका ( काठमाडौंस्थित जुद्धोदय हाइस्कुलको वार्षिक मुखपत्र) नेपाली, हिमाली आदि पत्रिकाहरूका साथै भारतको बनारसबाट प्रकाशित हुने उदय, कालिम्पोङबाट प्रकाशित हुने भारती र दार्जिलिङबाट प्रकाशित हुने दियालो आदि पत्र-पत्रिकाहरूमा विभिन्न लेखकका स्फुट रूपका अनेक यात्रासाहित्यिक कृतिहरूको प्रकाशन भएको पाइन्छ । साथै वाङ्देल लगायत अन्य कतिपय लेखकका अनेक ग्रन्थाकार कृति पनि प्रकाशित देखिन्छन् ।

यस कालमा प्रकाशित कृतिहरूमा मनकुमारी थापाको 'मेरो स्कटल्याण्ड यात्रा' ( भारती, वि.सं. २०१०) र थापाकै 'प्यारीसको एक झलक' (भारती, २०११), राधिका रायाको 'मेरो पहिलो समुद्र यात्रा' (भारती, २०११) दौलतविक्रम विष्टको 'वायुयानमा पैंतालीस मिनेट' (प्रगति, २०११), टी.एन. मालीको 'मनकामनाको मन्दिर' (प्रगति, प्रकाशन वर्ष अनुल्लिखित), डी.के. शाहीको 'हाम्रो गोसाईंकुण्ड प्रकृति' (............?), मधुमालती प्रधानको 'मेरो बनारस यात्रा' (भारती, २०१२), राजेश्वर देवकोटाको 'रम्घातिर' (शारदा, २०१२), सुरेन्द्रराज शर्माको 'देश उँभोतिर' (गोरखापत्र, २०१२), शङ्कर गार्गेयको 'बखुं तिती बखुं तिती' (शारदा, २०१३), बालकृष्ण रूपावासीको 'सुङनामनेरको बास' (उदय, २०१३),

हेमचन्द्र भट्टाचार्यको 'लौ जाऊँ साँखू' (धरती, २०१४), रामजीप्रसाद शर्माको 'हाम्रो पूर्वी तराईको भ्रमण' (जुद्धोदय पब्लिक हाई स्कूल पत्रिका-२०१४), शर्माकै 'हाम्रो भारत भ्रमण' (जुद्धोदय पब्लिक हाई स्कूल पत्रिका, २०१५-२०१६), सिद्धिचरण श्रेष्ठको 'तामाङरिखी म फेरि आउनेछु' (शारदा, २०१६), रुद्रनाथ शर्माको 'डेढ महिना शिलाङमा' (उदय, २०१६), दुर्गाप्रसाद श्रेष्ठ उपेन्द्रको 'प्रकृतिको काखमा दुई महिना' (उदय, २०१६), रमेशप्रसादको 'हाम्रो पश्चिम नेपालको भ्रमण' (जुद्धोदय पब्लिक हाइस्कूल पत्रिका, २०१७), प्रेमराज शर्मा पौडेलको 'एउटा यात्रा' (नेपाली, २०१७), जितबहादुर मानन्धरको 'इलिफ्यान्टको गुफाभित्र' (शारदा, २०१७), एन.बी. श्रेष्ठको 'ताजमहल' (उदय, २०१८), डोरबहादुर विष्टको 'थाकखोलको यात्रा' (गोरखापत्र, २०१९), नरबहादुर थापाको 'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी' (उदय, २०१९), विजयराज आचार्यको 'मूलबाटोको मेला' (जुद्धोदय पब्लिक हाइस्कूल पत्रिका, २०१९), मोहनमढि आ.दी.को 'राष्ट्रको सेवामा' (नेपाली, २०१९), हर्कबहादुर गुरुङ 'लेखाली'को 'युरोपको एक झलक' (रूपरेखा, २०१९), लेखालीकै 'युरोपबाट फर्केर हेर्दा' (रूपरेखा, २०२०) र 'मेमसुनदेखि मनसलु' (मुकुट, वर्ष अनुल्लिखित), चूडानाथ भट्टरायको 'पन्ध्रदिने पर्यटन' (हिमानी, २०१९), हरिप्रसाद गोर्खा राईको 'सागर हेर्न पुगें' (दियालो, २०२०),  कृष्ण बम मल्लको 'इजरैलको सम्झना' ( गोरखापत्र, २०२१), भैरव अर्यालको 'पाकिस्तानमा हाम्रा केही  दिन' (गोरखापत्र, २०२१), सूर्यलालको 'सोभियत सङ्घमा १६ दिन' (गोरखापत्र, २०२१) र 'एकै दिनको कुरा' ( गोरखापत्र, २०२१), सूर्यप्रसाद शर्माको 'सल्लेरी बेसीको सम्झना' (रूपरेखा, २०२१), डिल्लीराम तिमसिनाको 'बद्री जाँदा' (रूपरेखा, २०२१), लोकराज बरालको 'ताजमहल एउटा घुँइचोभित्रको कथा' (रचना, २०२१) आदि रहेका छन् ।

वेदव्यास उपाध्यायका अनुसार सारांशतः आधुनिक नेपाली यात्रासाहित्यको द्वितीय चरणको आरम्भ बाङ्देलको 'युरोपको चिठी' को धारावाहिक प्रकाशनबाट भएको देखिन्छ । यस चरणमा स्वदेशी र विदेशी उभय परिवेशकेन्द्री कृतिहरूको लेखन भएको पाइन्छ र विदेशी अन्तर्गत भारतका साथै समुन्द्रपारिका समेत परिवेशकेन्द्री यात्रासाहित्यिक कृतिहरूको सृजना भएको पाइन्छ । साथै कतिपय नारी यात्राकारहरूले पनि यस क्षेत्रमा कलम चलाएको पाइन्छ । त्यस्तै स्फुट कृति धेरै स्रष्टाहरूबाट लेखिएको पाइन्छ भने ग्रन्थाकार कृतिको लेखन केही सीमित स्रष्टाहरूबाट मात्र भएको पाइन्छ । यस चरणका विशेष उल्लेख्य स्रष्टाका रूपमा लैनसिंह बाङ्देल, धर्मराज थापा र केदारमणि आ.दी.

देखिन्छन् र यसको प्रतिनिधित्व लैनसिंह बाङ्‌देलबाट भएको पाइन्छ (२०६६: १४०) । यसरी यात्रासाहित्यको विकास क्रममा प्रथम चरणको तुलनामा द्वितीय चरणलाई एक उर्वर चरणका रूपमा लिइन्छ ।

## २.५.४.३ तृतीय चरण (वि.सं.२०२३ देखि पछि)

यस चरणका कृतिहरूमा तारानाथ शर्माका 'जमर्काहरू' (२०२५), 'बेलाइततिर बरालिंदा' (२०२६), 'जीवनका छाल' (२०३०), 'पाताल प्रवास' (२०४२), विश्वनाथ ढकालको 'डोल्पाली सेरोफेरो' (२०२५), मातृकाप्रसाद कोइरालाको 'मेरो आसाम यात्रा' ( २०२५), देवीचन्द्र श्रेष्ठका 'काठमाडौंबाहिर' (२०२८), 'हुम्ला बोल्छ मानसरोवरमा' (२०३७) र 'घामपानीको छापबिदो' (२०४५), ज्यानबहादुर नेवाको 'चीन भ्रमण' (२०३०), जनकलाल शर्माको 'कौतुकमय डोल्पो' (२०३१), यादव खरेलको 'समुन्द्र-पारी' (२०३२), योगी नरहरिनाथको 'हाम्रो देश दर्शन' (२०३२), सूर्यबहादुर सेन ओलीका 'देश दर्शन' भाग १ (२०३३) र 'देश दर्शन' भाग २ (२०४०), सलोन कार्थकद्वारा सम्पादित 'समुद्रवारि समुद्रपारि' (२०३३), रमेश विकलको 'सात सूर्य एक फन्को' (२०३४), नारदमणि पौडेलको 'मेरो यात्रासंस्मरण' (२०३४), दिलबहादुर नेवाको 'यात्रासङ्कलन : महाराष्ट्र' (२०३४), पूर्णप्रकाश नेपाल यात्रीका 'मेरो मुक्तिनाथ यात्रा' (२०२६), 'सेतीको नालीबेली' (२०३४), 'बदलिँदो घामछाया' (२०३७), 'नियात्राको नौलो सुसेली' (२०३९) छन् ।

चूडामणि रेग्मीद्वारा सम्पादित 'घुम्दा फिर्दा' (२०३४), काजी रोसनको 'मानसरोवरमा डुबुल्की मार्दा' (२०३५), भिक्षु अमृतानन्दको 'जापान भ्रमणको डायरी' ( २०३५), धर्मालोक महास्थविरद्वारा लिखित र नानी मैयाँ मानन्धरद्वारा अनूदित 'महाचीन यात्रा' (२०३५), भक्तकृष्ण नकर्मीको 'आफ्नो देशयात्रा मेची खण्ड' (२०३६), रुद्रबहादुर खत्रीको 'भोट दोसाँधीको अनुभव' (३०३७), घनश्याम राजकर्णिकारका 'विदेशको यात्रा स्वदेशको सम्झना' (२०३७), 'देशप्रदेशको भ्रमण केही संस्मरण' (२०४३), बद्री पोखरेलको 'दश पोकाभित्रका पन्ध्र अँजुली' (२०३८), कुमार घिसिङको 'दूनघाटी नालापानी' (२०३८), घटराज भट्टराईका 'डोल्पाकी छोटी' (२०३९) र 'गोसाइँकुण्ड' (२०४६), महेश्वर रायका 'काली सेतीका छालहरू' (२०४०) र 'सीताको माटोदेखि लिङ्कनको देशसम्म' (२०४३), पद्मराज जोशीको 'वर्तमान नेपाल यात्रा एक परिचय' (२०४०), रञ्जुश्री पराजुलीको 'विदेशमा बिताएका केही वर्ष' (२०४१), कमल दीक्षितको 'नूनको खोजीमा' (२०४२),

देवीप्रसाद वनवासीको 'मुलुकभित्रै भौतारिंदा' (२०४२), श्रीकृष्ण गौतमका 'अल्छीका पाइला' (२०४२) र 'तस्मात् चरैवेति' (२०४२), भूपहरि पौडेलको 'थलैथलाका पाटाहरू' (२०४३), शान्ति छेत्रीको 'अरबसागरको सूर्यास्त' (२०४३), मञ्जुलको 'सम्झनाका पाइलाहरू' (२०४४), मौद्गल्यको 'चीन भ्रमणका चार हप्ता' (२०४४), मोहन सिटौलाको 'परिभ्रमण' (२०४४), नैयन नदीमको 'आश्चर्यमय उपत्यका' (२०४४), विजय चालिसेको 'अप्रिलको बेलायत र हिमाली आँखा' (२०४५), निर्मोही व्यासको 'नौपाइला' (२०४६), भीष्म उप्रेतीको 'यात्राका केही थुँगा फूल' (२०४६) आदि ।

वेदव्यासका अनुसार स्फुट रूपमा जगदीश घिमिरे, वासु रिमाल यात्री, विश्वम्भर चञ्चल, बानीरा गिरी, देवेन्द्रराज उपाध्याय, नरेन्द्रराज पौडेल आदि असङ्ख्य स्रष्टाका असङ्ख्य कृति विभिन्न पत्र-पत्रिकामा प्रकाशित छन् । तीमध्ये सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिले उपर्युक्त स्रष्टाहरूका कृति उल्लेख्य छन् (२०६६: १४२/१४३) । यस्तै यस समयमा प्रकाशित अन्य नियात्राहरूमा लैनसिंह वाङ्देलको 'रोमको एउटा फूल र प्यारिसको एउटा काँडा' (२०५०), तारानाथ शर्माका 'आँसु छचल्किदै जान्छ' (२०५६), 'नसुनिएका ध्वनि' (२०६१), 'चरी भएर' (२०६५), सूर्यबहादुर सेन वलीका 'गौचरनदेखि गौपूजासम्म' (२०५२), 'आफ्नै खोजका सन्दर्भहरू' (२०५५), 'देशभक्तहरूको भूमि इजरायलमा केही दिन' (२०५९), 'अविस्मरणीय जुम्ला' (२०५९), रमेश विकलको 'नीलगिरिको छायामा' (२०५०), नारदमणि पौड्यालको 'नियात्राका नवीनतम थुङ्गाहरू' (२०५९), पूर्णप्रकाश नेपाल यात्रीका 'राराको सौराइ' (२०५७), 'रोहित-कोरिया भ्रमण' (२०५७), घनश्याम राजकर्णिकारको 'बौद्धतीर्थयात्रा नालन्दादेखि लुम्बिनीसम्म' (२०६०), घटराज भट्टराईका 'भानु यात्राका आठ दिन' (२०५४), 'तीन धाम यात्रा' (२०६५), कमल दीक्षितको 'महाचीन' (२०५५), मञ्जुलको 'जाने होइन दाइ आलापोट?' (२०४७), गङ्गाप्रसाद उप्रेतीको 'तिब्बतमा दश दिन' (२०६४), विजय चालिसेको 'मनको तुलिकामा स्मृतिका बिम्बहरू' (२०६३), नरेन्द्रराज पौडेलको 'छडुङको जङ्गलमा हराउँदा' (२०४७), 'एलो सीमाथिको साँझ' (२०६०), सुनिल पौड्यालको 'बेलायत यात्रा कल्पना र यथार्थ' (२०४८), तेजप्रकाश श्रेष्ठका 'पाइलाका डोबहरू' (२०४८), 'दौडाहा: घुमाउरा बाटाहरूमा' (२०५७), 'सांग्रिला पछ्याउँदै' (२०६२), सत्यमोहन जोशीको 'न्युजिल्याण्डमा पहिलो नेपाली' (२०४९), सुधा त्रिपाठीको 'बादल, धर्ती र आस्थाहरू' (२०५०), प्रकाश ए. राजका 'एउटा यात्रा लेखकको कथा' (२०५०), 'केही खोजेको केही देखेको' (२०५८), कुलचन्द्र

कोइरालाको 'यात्रा लामा बगरको' (२०५०), ईश्वर मानन्धरको 'लण्डनदेखि बद्रीनाथसम्म' (२०५२), जय छाङ्छाका 'कङ्गारूको देशदेखि आइफेलटावरसम्म' (२०५२), 'चाँप फुल्ने पहाडमुन्तिर' (२०५४), 'बादल रुँदाको जुरिच' (२०५९), गोविन्द गिरी प्रेरणाका 'फेरो' ( २०५२), 'टिष्टाको किनारै किनार' (२०५५), 'गुड बाइ अमेरिका' (२०६२), सागर शर्माको 'देवघाट धाम' (२०५३), अनिल पौडेलको 'काठमाडौंदेखि सिक्किमसम्म' (२०५३), केशवप्रसाद उपाध्यायको 'प्रशान्ति निलयममा तीन दिन' (२०५४), राजेन्द्र सुवेदीको 'मेरो यात्राः मेरै परिवेशभित्र' (२०५४), देवीप्रसाद सुवेदीको 'मेरो दैनिकीका पानामा चीन' ( २०५५), नन्दु उप्रेतीको 'फेवादेखि विवासम्म' (२०५६), चूडामणि रेग्मीको 'घुमेको कुरा' ( २०५६), मुक्तिनाथ शर्मा नेउपानेका 'काठमाडौंदेखि लण्डनसम्म' (२०५७), 'बेलायततिरका झझल्का' (२०६२), 'तीर्थाटन' (२०५७), बुलु मुकारुङको 'जापानको चक्कर' (२०५७), सलोन कार्थकको 'पदयात्रा गाउँको फन्को विदेशको' (२०५७), रामप्रसाद अधिकारीको 'मेचीकाली' (२०५८), अच्युत खनालको 'स्मृति बिम्ब' (२०५८), राम पराजुलीको 'स्मृतिका क्षणहरू' (२०४८), ध.च.गोतामेको 'तीनवास' (२०५८), ज्ञानेन्द्र विवशका 'राराकी अप्सरा' (२०५८), 'प्रणय र पाइला' (२०६१), विश्वम्भर चञ्चलका 'क्षितिजदेखि क्षितिजसम्म' ( २०५८), 'वारिदेखि पारिसम्म' (२०६२), रामप्रसाद पन्तका 'जापान भ्रमणका केही सम्झनाहरू' (२०५८), 'यात्रा र अनुभूति, काठमाडौं' (२०६०), 'पेट्रोनास टावरको सेरोफेरो' (२०६३), 'बाह्र सूर्यः सोह्र फन्को' (२०६५), 'पर्यन्त देश' (२०६६), विनय रावलको 'ठूल्दिदीको देश' (२०५८), पोषरमण चापागाईंका 'पश्चिम अस्ट्रेलियाको यात्रा संस्मरण सेरोफेरो पर्थको' (२०५८), 'मौन चुल्ठो' (२०६४), कृष्णप्रसाद बस्यालको 'आफ्नै यात्रा आफ्नै अनुभूति' (२०५९), तुलसी भट्टराईको 'यात्रामा बटुलिएका फूल' (२०५९), पुण्यप्रसाद खरेलको 'घुमीफिरी रुम्जैटार' (२०५९), सुकुम शर्माको 'कोम्प्रोङ खोला बाँचे भेट होला' ( २०५९), पृथ्वीबहादुर सिंहको 'डेनमार्क भ्रमणको डायरी' (२०५९), अनुकृतिकाको 'मेरो ज्याम्बोरी यात्रा' (२०५९), गोपी मैनालीको 'आँखाभरि रमिता मनभरि वेदना' (२०५९), नारदमणि पौड्यालको 'नियात्राका नवीनतम् थुङ्गाहरू' (२०५९), गोविन्दराज भट्टराईका 'एक्लै एक्लै एक्लै' (२०६०), 'सङ्गै बसौं यो रात' (२०६४), 'गोधूलिका दश पाइला' (२०६५), नरेन्द्रराज प्रसाईंका 'ठाँगे उक्लेपछि' (२०६०), 'रेलको रमाइलो' (२०६१), श्रीओम् श्रेष्ठ रोदनको 'समुद्रपारि समुद्रवारि' (२०६०), इल्या भट्टराईका 'लफ बराको वरिपरि' (२०६१), 'युरोप : नौलो परिवेश' (२०६५), गोविन्द वर्तमानको 'सोह्र साँझहरू' (२०६१), चन्द्रप्रसाद

भट्टराईको 'प्रशान्तका छालहरूमा मेरो नेपाल' (२०६१), चन्द्रकान्त आचार्यको 'सम्झनाको क्षितिजबाट' (२०६१), कृष्ण प्रधानको 'हनोईदेखि हो-चि-मिन्ह सिटीसम्म' (२०६१), विष्णुबहादुर सिंहको 'स्मृतिका छालहरू' (२०६२), कृष्ण बानियाँको 'केही अनुभव : केही अनुभूति' (२०६३), रमेशमोहन अधिकारीको 'सम्झनाको सेरोफेरो' (२०६३), ध्रुवचन्द्र गौतमका 'घडीहरूको देशमा समय खोज्दै' (२०६३), 'जर्मनी : नयाँ आगनमा पाइला टेक्दा' (......), शारदा अधिकारीको 'जीवन जे जसरी पनि बग्दो रहेछ' (२०६३), राजेन्द्रप्रसाद अर्यालको 'फ्रान्सको भ्रमण मेरो संस्मरण' (२०६३), रामशरण शर्मा अर्यालको 'अल्बर्टा यात्रा मेरा केही अनुभूति' (२०६३), गोपीकृष्ण शर्माको 'मेरो अमेरिका यात्रा' (२०६३), कलाधर काफ्लेका 'बेलायततिरका तीस पाइला' (२०६३), 'मेरो स्वदेश भ्रमण' (२०६५), 'पहिलेका भ्रमण अहिलेका संस्मरण' (२०६६), नारायणदत्त शास्त्रीको 'अमेरिका यात्रा र अनुभूति' ( २०६४), ईशान गौतमको 'मायालु बतास अनि रङहरू' (२०६५), केदारनाथ खनालको 'यात्राका स्पन्दनहरू' (२०६५), विन्दु कोइरालाको 'उक्ली भन्ज्याङमा पुग्दा' (२०६४), दामोदर पुडासैनी किशोरको 'यात्राका प्रेमिल तरङ्गहरू' (२०६५), रह शर्माको 'पहाडको फेदीको पाहुनाघर' (२०६५), कृष्ण प्रसाईंको 'अनुभूतिका छालहरू' (२०६५), मोहन दुवालका 'चीनको बाटो हुँदै उत्तर कोरियाको भ्रमण' (२०६५), 'सिक्किम पुग्दाका कुराहरू' (२०६६), नगेन्द्रको 'कथा क्यानडा' (२०६६), हरिहर खनालको 'चीनको डायरी' (२०६६), रवीन्द्र समीरको 'ग्रेटवालको ग्रेट अनुभूति' (२०६६), पूर्णप्रसाद अधिकारीको 'अविस्मृत अभिव्यञ्जना' (२०६६), राम विनयको 'टापुमा तैरिँदा' (२०६६), जगदीशप्रसाद शर्माको 'अमेरिकामा महिना दिन' (२०६७), निर्मोही व्यासका 'नौ पाइला' (२०४६), 'ठोरीको एलबम' (२०४८), 'झल्झली आँखामा' (२०५१), 'सेरोफेरो सबै मेरो' (२०६१), उपमा आचार्यको 'स्मृतिको संङ्घारभित्र अमेरिका' (२०६६) आदि रहेका छन् ।

संख्यात्मक तथा गुणात्मक रूपले यस चरणमा नियात्रा साहित्य निकै फस्टाएको पाइन्छ । वेदव्यास उपाध्यायका अनुसार नेपाली यात्रासाहित्यको आधुनिककालको तेस्रो चरण वा वर्तमान चरणका मूलभूत प्रवृत्तिका रूपमा स्वच्छन्दता, निजात्मकता, स्थान, वस्तु र नवीन प्राप्तिको सम्प्रेषण, क्रान्तिकारिता, यथार्थता, सामाजिक र आर्थिक चित्रण, जाति, संस्कृति र राष्ट्रप्रेम, प्रकृतिचित्रण, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्त्वका वस्तु र तिनका मूल्यको खोजी, पर्यटकीय सूचना सम्प्रेषण र सुधारवादी विचार आदि देखिन्छन् र तीमध्ये कतिपय प्रवृत्ति भिन्न भिन्न स्रष्टामा वैयक्तिक रूपले र कतिपय

स्रष्टामा समष्टिगत रूपले न्यूनाधिक मात्रामा विद्यमान देखिन्छन् (२०६६: १४२) । उपाध्यायकै अनुसार यस चरणमा नेपाली साहित्यले भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक, साहित्यिक, पुरातात्त्विक आदि विविध विषयगत व्याप्ति पाएको देखिन्छ र स्वदेश र विदेशका विविध भूगोल, प्रकृति, समाज, जनजीवन, संस्कृति, धर्म, भाषा, कला, सभ्यता आदि विविध पक्षका सुरूपता-कुरूपता र सुकृति-विकृति आदिको यथार्थ अङ्कन गरिएको पाइन्छ । त्यस्तै उद्देश्यगत दृष्टिले सोद्देश्यमूलक, स्वच्छन्द भ्रमण मूलक र मिश्रित तीनवटै प्रकारका धारामा यो प्रवाहित पाइन्छ । प्रस्तुतिगत दृष्टिले आख्यानात्मक, संस्मरणात्मक, निबन्धात्मक, दैनिक्यात्मक, पत्रात्मक, वर्णनात्मक, विवरणात्मक आदि अनेक शैलीमा लिखित र धारागत दृष्टिले वस्तुपरक र आत्मपरक दुई धारामा प्रवाहित पाइन्छ भने वस्तुपरक लेखनको तुलनामा निजात्मक रागसमन्वित लेखनले विशेष प्रतिष्ठा र लोकप्रियता पाएको देखिन्छ । उसैगरी भाषागत दृष्टिले यस चरणको यात्रासाहित्यमा कवितात्मक र गद्यात्मक वा ठोस र तरल दुवै प्रकारको भाषाको प्रयोग भएको पाइन्छ (२०६६: १६३) । यसरी गुणात्मक दृष्टिले पनि निकै विकसित हुँदै गइरहेको यस चरणलाई यात्रा साहित्यको निकै नै विकसित चरणको रूपमा लिइन्छ ।

## २.६ नियात्रा साहित्यको परम्परामा हेमराज पहारी

विभिन्न नयाँ परिवेशको भ्रमण गर्ने, नयाँनयाँ जानकारी तथा मनोरञ्जन लिने इच्छा जो कोहीको पनि हुन्छ तर भ्रमणमा देखेका, भोगेका र अनुभव गरेका कुराहरूलाई साहित्यिकता प्रदान गरी कृतिगत रूपमा पेश गर्ने सामर्थ्य सबैमा हुँदैन । यात्रालाई साहित्यिक रूप प्रदान गर्न सक्षम केही नियात्राकारहरूमध्येका एक नियात्राकार हेमराज पहारी हुन् । उनी नियात्रा परम्पराको आधुनिक कालको तेस्रो चरणमा देखा परेका नियात्राकार हुन् ।

यात्रासाहित्यको क्षेत्रमा पहारीको आगमनलाई साहित्यकारहरू यसरी हेर्छन् : दीनबन्धु शर्माका अनुसार पश्चिमी जगतका अन्वेषकहरूमा अन्वेषणात्मक यात्राका निम्ति पर्याप्त साहस र रुचि भएको इतिहासमा देखिन्छ । यसैले विश्व-साहित्यमा यात्राको स्थान पुरानै समयदेखि छ । अठारौं शताब्दीदेखि त यात्रा-साहित्यले स्वतन्त्र विधाको रूपधारण गरिआएको छ, तर नेपाली साहित्यमा भने वि.सं. १९१० तिरको अज्ञात लेखकको

'जङ्गबहादुरको बेलायत यात्रा' लाई नै यात्रा-साहित्यको आधिकारिक थालनी मान्नुपर्ने हुन्छ । त्यसपछि पनि लामो समयसम्म गद्यमा लेखिएको यात्रा-साहित्य प्रायः देख्न पाइँदैन । लैनसिंह बाङ्देलका 'युरोपको चिठी' (२०१४) र 'स्पेनको सम्झना' (२०२०) प्रकाशित भएपछि मात्रै यात्रा-साहित्यले आधुनिक नेपाली साहित्यको मूलधारमा कलात्मक सौन्दर्यका साथ आफ्नो समक्ष प्रवाहलाई मिसाएको अनुभूति हुन्छ । यसै सन्दर्भमा यात्रा-साहित्यलाई वस्तुगत वर्णनले मात्र होइन, भाषिक प्राञ्जलता, रागात्मक र भावोद्वेगको सघन प्रस्तुतिले प्रबल बनाउने ताना शर्मा (बेलायततिर बरालिँदा, २०२६) यात्रा-साहित्यका प्रमुख स्तम्भको रूपमा देखा पर्छन् । यसरी पछिल्लो समयमा आएर नेपाली यात्रा-साहित्यको विकास द्रुततर हुँदै गएको छ । क्रमशः यस क्षेत्रमा लेखकहरू थपिँदै छन् र यसै लाममा देखापर्नुभएको छ **उत्तरी गोलार्द्धको एक फन्को** नामक यस कृतिका लेखक हेमराज पहारी ( शर्मा, २०६३ : ङ) । **मोहन दुवालका अनुसार** यात्रा-साहित्यमा देखा पर्दै आएका लैनसिंह बाङ्देल, डा. तारानाथ शर्मा, गंगाप्रसाद उप्रेती, घनश्याम राजकर्णिकार, प्रदीप नेपाल, श्रीकृष्ण गौतम, विजय चालिसे, कलाधर काफ्ले, इल्या भट्टराई आदिका नियात्राहरूभन्दा फरक प्रस्तुति लिएर देखा परेका यस सङ्ग्रहको अध्ययन पश्चात मलाई लेख्न मन लाग्यो - पहारीद्वारा लिखित उत्तरी गोलार्द्धको एक फन्को नेपाली साहित्यमा एउटा उत्कृष्ट कृति सावित भएको छ । निबन्ध र प्रबन्धको विशेषता बोकेको यस ग्रन्थले पहारी सिद्धहस्त लेखकका रूपमा प्रमाणित गरिदिएको छ (२०६५ : ४) । कृष्णराज अधिकारीका अनुसार पहारीले आफ्नो दोस्रो कृति **उत्तरी गोलार्द्धको एक फन्को** मार्फत् अमेरिकी समाजलाई वर्णनात्मक रूपमा प्रस्तुत गर्नुभएको छ । पश्चिमा मुलुक र अझ खासगरी अमेरिकी राजनीतिक व्यवस्था त्यसले निर्दिष्ट गरेको आर्थिक, सामाजिक व्यवस्थालाई सूक्ष्म रूपमा अध्ययन विश्लेषण गरी त्यहाँका मानिसहरूको मानसिक अवस्था, मनोदशा, अपराध, प्रवृत्ति, जटिलता, संवेदनाहीनता, पाशविकता, वर्णभेद, व्यस्ता, आतंक, छटपटी, हैरानी, छाडा यौनजस्ता मनोवृत्तिलाई केस्राकेस्रा केलाउन सकेको भए कृतिको छुट्टै महत्ता र मूल्य रहने थियो । लेखकले अमेरिकी नीतिको विरोध त गरेका छन् तर त्यो पात्रको मनोविश्लेषणसँगै या जीवन भोगाइको नियतिसँगै नगरेर हलुका टिप्पणीको रूपमा गरिएको पाइन्छ । लेखकले बाह्य आँखाले देखिने स्थूल घटना र वस्तुहरूको मात्र वर्णन गर्नुभएकाले कृति अनुभूतिमयभन्दा बढी विवरणात्मक देखिन्छ (२०६३ : ?) । देवी नेपालका अनुसार तत्त्वगत समता वा संरचनागत एकताका कारण यात्रा-संस्मरण निबन्धसँग नजिक

मानिन्छ । यात्राका क्रममा प्राप्त जानकारीलाई अनुभूतिसँग मिसाएर विश्लेषणात्मक शैलीमा प्रस्तुत गर्ने काम यात्रा-संस्मरणमा गरिन्छ । यात्राको वस्तुपरक विवरण मात्र पनि नियात्रा वा यात्रा-संस्मरण होइन र कल्पना र भावुकताले थिचिएको यथार्थ पनि निर्दिष्ट विधा होइन । यथार्थ भूगोल, यथार्थ भोगाइ, साक्षात् अनुभूति, प्राञ्जल भाषाशैली, आकर्षक प्रस्तुति र जीवन्त सन्देश यात्रा-संस्मरणका लागि अपेक्षित छन् । यी कुराहरूको प्राप्तिले गर्दा नै संस्मरणकार पहारीको प्रस्तुत कृति महत्त्वपूर्ण बनेको हो । प्रस्तुत कृति आँखा, हृदय र मष्तिष्कको त्रिकोणात्मक संयोजनका आधारमा तयार भएको छ (२०६७ : ४५-४६) । पहारीको यो कृति आकारको हिसाबले त ठूलो छ नै गुणात्मक पनि रहेको स्पष्ट हुन्छ ।

यसरी नेपाली यात्रासाहित्यको आधुनिककालको पछिल्लो चरणमा देखा परेका नियात्राकार पहारी मोफसल बाहिर चर्चित हुन पुगेका साहित्यकार हुन् । क्लिष्ट भाषाहरूको प्रयोगले पाठक र लेखककै दूरी बढिरहेको मनोविश्लेषण लगायतका शैलीहरूले प्रभुत्त्व जमाइरहेको यस समयमा पहारीले आफ्नै सुरमा सरल भाषामा विदेश यात्रा, भोगाइ, देखाइका यथार्थ तथ्यलाई तटस्थ रूपमा तथा विवरणात्मक-विश्लेषणात्मक शैलीमा लेखी यस कृतिलाई पाठकसामु ल्याए । समाजोपयोगी कुराहरू तथा विभिन्न सूचनाहरू पस्केर जानकारी मूलक बनाइएको यस कृतिमा विदेशी शब्दलाई नेपालीमा प्रस्तुत गरिँदा पठनीय र सम्प्रेषणीय बन्न पुगेको छ । यस कृतिमा उखान-टुक्काहरू, विविध नेपाली साहित्यकारहरू तथा संस्कृत साहित्यका उद्धरण समेत प्रस्तुत गरिएको छ ।

## तेस्रो परिच्छेद

# नियात्राकार हेमराज पहारीको जीवनी, व्यक्तित्व र कृतित्व

## ३.१ हेमराज पहारीको वैयक्तिक परिचय

### ३.१.१ जन्म, बाल्यकाल तथा शिक्षा

हेमराज पहारीको जन्म वि.सं. २००२ साल कार्तिक १९ गते मध्यमवर्गीय परिवारमा कास्की जिल्ला अन्तर्गत पोखरा महानगरपालिका-६, बैदाममा भएको थियो । आमा फूलमाया र बुबा गोविन्दप्रसादका जेठा सुपुत्रको रूपमा जन्मिएका पहारीपछि दुई बहिनीहरू दुर्गा र तुलसी तथा भाइ शङ्कर समेत जन्मिए । गीतादेवी सुवेदीका अनुसार हेमराज पहारीका पुर्खाहरू दैलेख निवासी थिए । उनी पोखरेल थरका थिए । उनको थर पोखरेल भएको हुँदा उनको गोत्र अत्री हो । दैलेखको पाहाड भन्ने ठाउँमा बस्दा-बस्दा पोखरेलहरू पहाडी (पहारी) भए भन्ने एकथरी मान्यता छ । पहारीहरू मूलतः पानी पोखरेल थरका व्यक्तिहरू थिए (२०६५ : ६) । पहारीको बाल्यकाल खुसी र आनन्दमा बित्यो । छोराको उज्ज्वल भविष्य र उचित शिक्षादीक्षाका लागि बुबा गोविन्दप्रसादले बम्बैमा गएर नोकरीसमेत गरे । आफ्ना स्व. बुबाबाट घरमै अक्षर आरम्भ गरेका पहारीले ठूलो बुबा पं. दुर्गादत्त पहारीबाट समेत संस्कृत शिक्षाको अध्ययन गरेका थिए । उनले शिक्षक मेघनाथ अधिकारीसँग घरनजिकैको विद्यालयमा कक्षा तीनसम्म र त्यसपछि चिसाखोलामा संस्कृत पढे । चिसाखोलामा डेढ-दुई वर्ष पढेपछि संस्कृत शिक्षामा रमाउन नसकेकाले बुबासँग सरसल्लाह गरी वि.सं.२०१४ सालमा पोखराको टुँडिखेलनजिकैको मल्टिपर्पस हाइस्कुल (हालको राष्ट्रिय उच्च मा.वि.) मा कक्षा चारमा भर्ना भए । कक्षा चारमा प्रथम भएकाले उनलाई कक्षा ६ मा सिधै उकालियो । वि.सं. २०२१ सालमा एस.एल.सी. त्यहीँबाट प्रथम श्रेणीमा उत्तीर्ण गरे । आई.एस्सी. काठमाडौं पब्लिक साइन्स कलेज (हालको अमृत साइन्स क्याम्पस) मा पढे पनि क्षयरोगले आक्रमण गरेकाले द्वितीय श्रेणी मात्र ल्याउन सफल भए । केही समय मुम्बईमा उपचारपछि पोखराको पृथ्वीनारायण क्याम्पसमा भर्ना भई वि.सं. २०२७ सालमा अङ्ग्रेजी मुख्य विषय लिई बी.ए. उत्तीर्ण गरे । सो परीक्षामा नेपाली रचनामा देशभरिमै सर्वोत्कृष्ट अङ्क ल्याएकाले 'अर्जुन स्वर्णपदक'समेत

प्राप्त गरे । त्यसपछि वि.सं. २०३२ सालमा काठमाडौं कीर्तिपुरको शिक्षाशास्त्र सङ्कायबाट बी.एड. पनि उत्तीर्ण गरे ।

## ३.१.२ पारिवारिक वातावरण

पहारीले परिवारमा आनन्द पूर्वक बाल्यकाल बिताए, इच्छा अनुरूप अध्ययन गर्ने, हाँसखेल गर्ने, रमाउने अवसर पाए । उनी भर्खरै एस.एल.सी. दिएर बसेका बेला उनले आफ्नो इच्छा नहुँदा-नहुँदै आमाको ढिपीका कारण आमाकै लागि भन्दै कास्कीकै चापाकोट घडेरी गाउँका बलराम र कुन्ती पराजुलीकी जेठी छोरी लक्ष्मीसँग विवाह गरे । उनी अशिक्षित भए पनि असल बानी-व्यवहार, चरित्रवान्, घरायसी काम गर्न सक्ने अत्यन्त कुशल थिइन् । तैपनि दुई दम्पत्तीबीचको सम्बन्ध सुमधुर नभएपछि माइत पुगेकी लक्ष्मीको पारपाचुके गर्ने इच्छा भने थिएन । त्यसैले उनी आफ्नो अंश दाबी गरेर छुट्टै बसिन् । वि.सं. २०२८ सालमा बुबा गोविन्दप्रसादको निधन भयो । भाइ शङ्कर सानै थिए । बहिनी तुलसी पतिको निधनपछि एक वर्षे छोरा महेन्द्रलाई लिएर माइतीको शरणमा आइपुगिन् । त्यसपछि त झन् पहारीमा अभिभावकीय जिम्मेवारी थपियो ।

उनी विदेश भ्रमणपछि फर्कंदा भाइ जर्मनीमा थिए । त्यसपछि आमा तथा साथीभाइको सल्लाहले उनले वि.सं. २०५० सालमा काभ्रेपलाञ्चोक निवासी नारायणप्रसाद र अम्बिकादेवी न्यौपानेकी पुत्री रीता न्यौपानेसँग दोस्रो विवाह गरे । उनीहरूको दाम्पत्य जीवन सुखद् त रह्यो तर सन्तान भने भएन । वि.सं. २०६५ सालमा आमा फूलमायाको, त्यसको एक वर्षमा मोटरसाइकलको ठक्करबाट हेमराज पहारीको मृत्यु भयो त्यसपछि मात्र भाइ शङ्करको विवाह भयो ।

## ३.१.३ पेसा, विदेश भ्रमण, व्यवसाय तथा संलग्न सङ्घ-संस्था

काठमाडौंबाट आइ.एस्सी. पास गरेर फर्केपछि वि.सं. २०२५ सालदेखि आफूले पढेको मल्टिपर्पस हाइस्कुलमा विज्ञान शिक्षक भई १६ वर्षसम्म (२०४२ सम्म) निरन्तर अध्यापन गरे । सो समयमा आकर्षक व्यक्तित्व र सहयोगी व्यवहार भएका कुशल तथा अनुशासित शिक्षकका रूपमा उनले ख्याति कमाए । शिक्षक छँदादेखि नै उनको वामपन्थी राजनीतिमा झुकाब पाइएकाले उनी कम्युनिस्ट शिक्षक भनेर चिनिन्थे । पेन्सनको सुविधा

लगायत शिक्षकको हकहितका लागि वि.सं. २०४१ सालको शिक्षक आन्दोलनमा सक्रिय सहभागिता जनाएका पहारीले १६ वर्षको सेवा अवधिमै एकजना विदेशी मित्रको सहयोगमा विदेश जाने अवसर मिलेपछि शिक्षण पेसाबाट राजीनामा दिए ।

वि.सं. २०४२ सालमा एक जना अमेरिकी प्याट्रिक ह्यारिगन नामक साथीको सहयोगमा उनी विदेश भ्रमणमा निस्किए । त्यस अवधिमा उनले भारत, जर्मनी, होल्याण्ड, अमेरिका, मेक्सिको, जापान, हङकङ, थाइल्याण्ड, नेदरल्याण्ड, बेलायत, क्यानडा लगायतका देश भ्रमण गरे । चार वर्षसम्म ग्रीनकार्ड लिई बसे पनि अमेरिका बसाइँबाट मोहभङ्ग भई वि.सं. २०४६ सालमा मातृभूमि फर्केर आफ्नै अतिथिगृहमा पर्यटन व्यवसाय सञ्चालन गरे । सोही यात्राको संस्मरणबाट नै वि.सं. २०६३ मा **उत्तरी गोलार्द्धको एक फन्को** ( यात्रासंस्मरण) कृति जन्मन पुगेको थियो ।

चार वर्षको विदेश बसाइँपछि उनले आफ्नै घरमा ट्राङ्क्विलिटी लज सञ्चालन गरी पर्यटन व्यवसाय प्रारम्भ गरे । सो समयको पर्यटन व्यवसाय आफैंमा एक चुनौती थियो । तैपनि त्यसलाई स्वीकार गरेर पैसा कमाउने उद्देश्य मात्र नराखी हेमराज दम्पत्तीले सौहार्दपूर्ण र हार्दिक व्यवहारले एउटा छुट्टै पहिचान बनाउन सफल भए ।

लेखन, भ्रमण र पुष्प वृक्षारोपणमा रुचि भएका हेमराज पहारी उत्तरार्द्धमा सामाजिक सेवामा समेत अग्रसर भएको पाइन्छ । पहारी गण्डकी साहित्य सङ्गम ( उपाध्यक्ष), प्रगतिशील लेखक सङ्घ (सदस्य-२०६१/२०६२), अखिल नेपाल लेखक सङ्घ, निगालो साहित्यिक समूह र एकीकृत अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, योग, प्राकृतिक तथा वैकल्पिक चिकित्सा परिषद् (महासचिव, उपाध्यक्ष, अध्यक्ष), पार्दी-बैदाम सरसफाइ समिति (सचिव-२०५१ बाट पछि), तालबाराही मा.वि., बैदामको भवन निर्माण समिति (सदस्य-२०६१/२०६२) जस्ता संस्थाहरूमा आबद्ध थिए । प्रकृतिलाई अत्यन्त माया गर्ने पहारी पोखरा उपत्यका ताल संरक्षण समितिका सदस्य एवम् फेवाताल संरक्षण समितिको संयोजक भई वातावरणीय, मानवअधिकार र अन्य सामाजिक संस्थाहरूमा समेत संलग्न थिए । ताल संरक्षण कार्यकै सिलसिलामा हिँड्दा उनको दुर्घटनामा असामयिक निधन भएको थियो ।

### ३.१.४ साहित्य साधना

हेमराज पहारीको साहित्यिक यात्राको प्रारम्भ कथाबाट भएको हो । उनको मल्टिपर्पस स्कुलमा अध्ययन गर्दा वि.सं. २०२० सालमा निर्झरिणी पत्रिकामा 'भ्रम' नामक कथा प्रकाशित भएपछि साहित्यप्रतिको अभिरुचि स्पष्ट भएको छ । बी.ए.को परीक्षामा नेपाली रचनामा सर्वोत्कृष्ट नतिजा ल्याएर 'अर्जुन स्वर्णपदक' पाउन सफल पहारीको साहित्यप्रतिको रुचि र क्षमता यहीँबाट पुष्टि हुन्छ । कृष्णराज अधिकारीका अनुसार उनको साहित्यिक सामर्थ्य उनको अभिव्यक्ति र अमेरिकाबाट आफन्तलाई पठाएका चिठीहरूमा समेत पाउन सकिन्छ  तर उनले साहित्य-लेखनलाई नियमित गर्न सकेनन् । सोह्र वर्षको लामो शिक्षण अवधिमा उनले दुई-चारवटा कविता बाहेक अन्य कुनै पनि साहित्यिक सृजना गरेको पाइँदैन । अमेरिका बसाइबाट फर्केपछि मात्र उनीभित्र सुषुप्त रूपमा रहेको साहित्यिक चेतना जुरमुराउन थालेको पाइन्छ । यसपछि नै उनले गीत, कविता तथा लेख-निबन्धहरू लेख्न र प्रकाशन गर्न थालेको देखिन्छ । उनले जीवनको उत्तरार्द्धमा लेखेका कतिपय लेख-निबन्ध र कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् भने पुस्तकाकार रूपमा २०६१ सालमा 'देशको अभिभारा' (कवितासङ्ग्रह) र २०६३ सालमा **उत्तरी गोलार्द्धको एक फन्को** (यात्रासंस्मरण) गरी दुईवटा कृति प्रकाशित भएका छन् । उनका कतिपय गीत, कविता र लेख-निबन्धहरू अझै अप्रकाशित अवस्थामा छन्  (२०६७ : ९) । यसरी पहारीले संख्यात्मक रूपमा थोरै रचनाहरू नेपाली साहित्य भण्डारलाई पस्किए पनि गुणात्मक सफलता भने प्राप्त गरेका छन् ।

## ३.१.५ व्यक्तित्व

हेमराजको बाह्य व्यक्तित्व निकै आकर्षक थियो । सधैं सफा र आकर्षक पोसाकमा गम्भीर चालका साथ हिँड्ने हुँदा यिनी अरूको ध्यान आफूमा खिच्न सफल हुन्थे । यिनलाई प्रायः रित्तो खुट्टा हिँडेको देख्न सकिँदैनथ्यो । स्कुल जाँदा हातमा प्रायः छाता लिएर हिँड्ने यिनी पछि हातमा एउटा ब्याग प्रायः छुटाउँदैनथे । ब्याग नभएको बेला हातमा कुनै पत्रिका हुन्थ्यो । समयको असाध्यै ख्याल गर्ने हुँदा कुनै पनि काम गर्दा होस् या कुनै पनि कार्यक्रममा सहभागी हुँदा होस् उनी तोकिएकै समयमा पुगेका हुन्थे । कतिपय कार्यक्रमहरू उनी पुगेको एक घण्टापछि मात्र प्रारम्भ हुन्थे । समयको ख्याल नगरी 'नेपाली समय' भन्दै निकै ढिलो गरी कार्यक्रम सञ्चालन गर्ने र ढिलो पुग्ने नेपालीहरूको

प्रवृत्तिप्रति उनी दुःखी हुन्थे र कहिलेकाहीँ ज्यादै दिक्क मान्थे पनि । समय र जीवनको महत्त्व बुझेको हुँदा उनी अनावश्यक गफ गर्ने र अर्काका कुरा काट्ने काम गर्दैनथे ।

अत्यन्त व्यवस्थित जीवनशैली उनको अर्को आदर्श पक्ष हो । खाने, सुत्ने र सरसफाइदेखि लिएर हरेक सरसामानहरू अति व्यवस्थित र आकर्षक किसिमले राख्नुका साथै घरका काम-व्यवहारमा एकरूपता र नियमितता हुनु उनको अनुकरणीय पक्ष हो । हेमराज अन्तर्मुखी स्वभावका थिए । उनी के सोच्दै छन् र के गर्दै छन् भन्ने कुरा उनका निकटका मानिस र परिवारलाई समेत थाहा हुँदैनथ्यो । परिणाम आइसकेपछि मात्र उनको सोचाइ र गराइबारे थाहा हुन्थ्यो । उनी असाध्यै कम बोल्थे । बोल्नैपर्ने र आवश्यक कुरा मात्र बोल्थे, यसैले जति बोल्थे सटीक बोल्थे । मुसुक्क मुस्काउनु बाहेक उनी मुख खोलेर हाँसेको पनि सायदै देखिए होलान् । बाल्यकालमा हाँसखेल र ठट्टामा रमाउने उनले किन र कहिलेदेखि मुख खोलेर हाँस्न बिर्सेका थिए त्यो उनका निकटका साथी या परिवारका सदस्यले उनको गम्भीर मनोविश्लेषण गरेर मात्र भन्न सकिने कुरा थियो । सधैं गम्भीर, सधैं कम बोल्ने र हाँस्न बिर्सेझैं देखिने यिनको स्वभाव हेर्दा लाग्थ्यो, यिनीभित्र कुनै ठूलो पीडा अल्झिरहेको छ र त्यही पीडाले उनलाई हाँस्न रोकिरहेको छ ।

पहारी सफा, चट्ट र आकर्षक भएर हिँड्न मन पराउने आदर्शवान् व्यक्तित्वका धनी थिए । उनी समाज तथा देशभित्र भएको कालोमैलो पटक्कै मन पराउँदैनथे । कृष्णराज अधिकारीका अनुसार उनी अन्याय, शोषण, छुवाछुत र भेदभावका विरोधी थिए । विज्ञानका विद्यार्थी भएकाले पनि होला यिनी भौतिकवादमा विश्वास गर्दथे । धर्मकर्म, पूजापाठमा यिनको पटक्कै विश्वास थिएन र यिनले कहिल्यै पनि मन्दिर गएर दर्शन या पूजा गरेको पनि थाहा भएन । विद्यार्थी जीवनबाटै मार्क्सवादबाट प्रभावित यिनी सुरुमा कम्युनिष्ट पार्टीको बुद्धिजीवी फाँटमा रहेर काम गरे । पछि केही समय स्वतन्त्र वामबुद्धिजीवीका रूपमा रहेपछि ने.क.पा.माले-एमालेमा संबद्ध हुन पुगेका थिए भने पछिल्लो समयमा आएर ए.ने.क.पा. माओवादीमा प्रवेश गरी राजनीतिमा समेत सक्रिय देखिएका थिए । यिनी अत्यन्त स्वाभिमानी थिए । यिनका लागि आत्मसम्मानभन्दा ठूलो कुरा अरू केही थिएन । यसैले आत्मसम्मानमा चोट पर्ने गरी कहिल्यै कसैसँग सम्झौता गरेनन् । यिनी प्रकृतिप्रेमी थिए । आफ्नो घरको परिसरलाई बोटबिरुवाले शोभायमान् बनाउन दिनहुँजसो बगैंचाको रेखदेख र गोडमेलमा तल्लीन रहन्थे । प्रायः बाहिरबाट आउँदा यिनका हातमा कुनै न कुनै फूलका बिरुवा देखिन्थ्यो । हेमराज कलाका पनि त्यत्तिकै पारखी थिए । विद्यार्थीकालमा

यिनले थुप्रै चित्रहरू पनि बनाएका थिए भने अक्षर सुन्दर बनाउन सानैदेखि अभ्यासरत थिए (२०६७ : ९-१०) । आकर्षक व्यक्तित्वका धनी पहारीबाट स्वाभिमानी बन्नुपर्ने प्रेरणा पाउन सकिन्छ ।

## ३.१.६ रुचि

राम्रा लेख, रचना, कार्टुनहरू सबै कटिङ गरेर राख्ने, पुराना सामानहरू जम्मा गर्ने, दुर्लभ चीजहरूको खोजी गर्ने, आफ्ना मान्छेहरूका पुरानापुराना फोटाहरू जम्मा गर्ने, खोज्ने स्लाइडहरू खिच्ने, फोटाहरू खिच्ने, बूढाबूढीहरूको स्वर रेकर्ड गर्ने, फूलबारी र फूलहरूसँग खेल्ने, दीनःदुखीहरूलाई सहयोग गर्ने, महत्त्वपूर्ण चीजहरूलाई व्यवस्थित तरिकाले राख्ने, व्यायाम गर्ने, सुन्दर र सफा अक्षर लेख्ने रुचि तथा सोख भएका पहारी निकै स्वाभिमानी, अनुशासित, लगनशीत, कर्तव्यनिष्ठ, इमानदार, सबैको भलो चाहने, सरल तथा सहज व्यवहार भएका आदर्श व्यक्तिको रूपमा परिचित थिए । असल व्यवहारले मात्र धर्म कमाउन सकिन्छ भन्ने विचार भएका पहारीको आँखा दान गर्ने तीव्र चाहना हुँदाहुँदै असामयिक निधनले त्यो इच्छा भने अधुरो नै रह्यो । सामाजिक काममा विशेष रुचि राख्ने पहारीको सोही कामकै सिलसिलामा निधन भएको थियो ।

## ३.१.७ पुरस्कार तथा सम्मान

- वि.सं. २०२२ सालमा अस्कल छात्रावास, काठमाडौंमा भएको निबन्ध प्रतियोगितामा प्रथम ।
- वि.सं. २०२४ सालमा अस्कलमा भएको चित्रकला प्रतियोगितामा द्वितीय ।
- वि.सं. २०२५ सालमा पृथ्वीनारायण कलेजको आठौं जन्मजयन्तीको उपलक्ष्यमा भएको कविता प्रतियोगितामा प्रथम ।
- सन् १९७१ को बी.ए. स्तरको नेपाली रचना परीक्षामा प्रथम भएकोले त्रिभुवन विश्वविद्यालयबाट स्वर्ण पदक प्राप्त ।
- शैक्षिक तथा गैरशैक्षिक सङ्घ-संस्थाहरूमा संलग्न भई काम गरे बापत ती संस्थाहरूबाट दर्जनौं प्रमाणपत्र र सम्मानपत्र प्राप्त ।

### ३.१.८ निधन

नेपाली रचनामा त्रि.वि.बाट २०२७ मा अर्जुन स्वर्णपदक प्राप्त गर्न सफल एक असल शिक्षक, निःस्वार्थ समाजसेवी, प्रकृतिप्रेमी तथा देशभक्त साहित्यकारको रूपमा आफूलाई परिचित गराउँदै रहेको अवस्थामा अल्पायुमै उनको असामयिक निधन हुन पुग्यो । फेवाताल संरक्षण समितिको अध्यक्षका रूपमा काम गरिरहेका पहारी ताल संरक्षणकै कामले वि.सं. २०६६ फागुन १७ गते पोखरा विजयपुरस्थित पृतनापतिको कार्यालयमा पुगी फर्केर बाटो काट्ने क्रममा रहँदा पश्चिमतिरबाट आएको मोटरसाइकलले ठक्कर दियो । उपचारका लागि काठमाडौं लैंजाँदै गर्दा बाटोमा नै उनले आफ्नो देह त्याग गरिसकेका थिए । यसरी एक आदर्श शिक्षक, निःस्वार्थ समाजसेवी अनि प्रकृतिप्रेमी, देशभक्त तथा प्रगतिशील साहित्यकार पहारीको यो शोधपत्र तयार हुँदै गर्दा नै ६६ वर्षमा निधन हुन पुग्यो । उनको साहित्य साधना र समाजसेवा गरेर झन् धेरै योगदान दिने इच्छा तथा मेरो उनीसँग अझ धेरै साक्षात्कार गरेर उनको कृतिमा शोध गर्ने इच्छा दुवै अपुरो नै रह्यो । शोधपत्र लेख्ने क्रममा दुईपटक मात्र कुरा गरेर उनका चिनारीलाई वर्तमानकालमा प्रस्तुत गर्दै गर्दा अचानक भूतकालमा परिणत गर्नुपर्ने अवस्था आयो । पहारीबाटै प्राप्त सामग्रीहरू उनकै हातमा फर्काउन पाइनँ । समय र परिस्थिति जस्तोसुकै आए पनि आखिर स्वीकार्नै पर्नेरहेछ । प्रकृतिको लीला नै विचित्रको छ, यसलाई कसैले टारेर नै टर्दैन ।

## ३.२ हेमराज पहारीको साहित्यिक परिचय

कतिपय साहित्यकारले आफ्नो साहित्य यात्रा कविताबाट प्रारम्भ गरे पनि पहारीले भने कक्षा दशमा पढ्दाखेरि एक 'भ्रम' (वि.सं.२०२०) नामक कथा लेखेका थिए । 'निर्झरिणी' पत्रिकामा प्रकाशित यही कथाबाट उनी साहित्य क्षेत्रमा प्रवेश गरे । सानोमा डाक्टर, इन्जिनियर बन्ने सपना देखेर संस्कृत विद्यालयबाट अङ्ग्रेजी विद्यालयमा भर्ना भई अध्ययन गरेका पहारीका सङ्ख्यात्मक रूपमा भने थोरै रचनाहरू मात्र छन् । नेपाली रचनामा त्रि.वि.बाट वि.सं. २०२७ मा 'अर्जुन स्वर्णपदक' समेत पाएका थिए । प्रकाशित कृतिहरू 'देशको अभिभारा' (कविता सङ्ग्रह) र **उत्तरी गोलार्द्धको एक फन्को** ( यात्रासंस्मरण) हुन् । उनका कविता, नियात्रा, गीत, निबन्ध लगायत थुप्रै अप्रकाशित

लेखहरू घरका दराजमा सुरक्षित छन् भने केही स्मृतिग्रन्थमा समेत प्रकाशित भएका छन् ।

### ३.२.१ कथाकार पहारी

एउटा कविता सङ्ग्रह, एउटा यात्रा संस्मरण र केही फुटकर कविता तथा लेखहरू लेखेका पहारीले साहित्य यात्रामा प्रवेश भने कथाबाट गरेका थिए । उनी १० वर्षको हुँदा उनले लेखेको 'भ्रम' (वि.सं. २०२०) कथा 'निर्झरिणी' पत्रिकामा प्रकाशित भएको थियो । त्यस्तै The Himalayan Herald : Pelf-Nepal's Literary Journal मा 'Bad Luck on a Night Bus' कथा (२०६४) प्रशाशित भएको थियो ।

### ३.२.२ कवि पहारी

उनले साहित्ययात्रा कथा विधाबाट प्रारम्भ गरे पनि त्यस विधालाई निरन्तरता भने दिएनन् । वि.सं. २०२३ सालमा 'मेरो मुटु' कविता लेखेर अमृत साइन्स कलेजको वार्षिक मुखपत्र **अस्कल**मा प्रकाशित गराएका पहारीले दुई वर्षपछि मात्र वि.सं. २०२५ सालमा 'आजको शिक्षा' नामक कविता माछापुच्छ्रे : स्वतन्त्र विद्यार्थी युनियन, पृथ्वीनारायण कलेज, पोखराको मुखपत्रमा प्रकाशत गरे । त्यसको लामो समयको अन्तरालपछि उनले वि.सं. २०६१ सालमा 'देशको अभिभारा' कविता सङ्ग्रह प्रकाशित गरे । ३७ वटा कविताहरू सङ्ग्रहित गरिएको यस सङ्ग्रहमा बहुसंख्यक जनजीवनका भोगाइहरूलाई सरल, सुबोध्य, सहज भाषामा स्वाभाविक पाराले उल्लेख गरेका छन् । पद्य र गद्य कवितालाई दुई खण्डमा विभाजित गरी लेखिएको यस सङ्ग्रहमा पाँच वटा गद्य र अन्य बत्तीस वटा लोकलयमा संरचित कविताहरू समेटिएका छन् ।

पहारीको एउटै मात्र कविता सङ्ग्रह प्रकाशित भए पनि गुणात्मक दृष्टिले उत्कृष्ट छ । अन्य फुटकर कविताहरू विविध पत्रपत्रिकाहरूमा समेत पढ्न पाइन्छ । ऋषिकेश उपाध्यायका अनुसार कवि पहारी आफ्नो कृति 'देशको अभिभारा' कविता सङ्ग्रहमा हाम्रा विभिन्न जनजीवनका भोगाइका पाटाहरूलाई केलाउँदै, कतै हराउँदै, कतै निसासिँदै, कतै चुनौती दिँदै, कतै यथार्थ पस्कँदै, टुङ्गाउनीमा पुग्दा माछापुच्छ्रेलाई देखेर अलिकता आश्वस्त देखिए पनि फेरि वर्षा ऋतुमा आएर आँसु झारेर कहालीलाग्दो नेपाली तृणमूलका

जनजीवनप्रतिको दायित्वले पिरोलिएर रुन पुगेका छन् । .................. सौन्दर्यवादीहरूका दृष्टिमा यी कविताहरू केही होचा देखिए तापनि वस्तुवादीहरूका दृष्टिमा अत्यन्त समसामयिक र नेपाली धरातलको प्रतिनिधि मूलक बन्न पुगेका छन् (२०६७ : २८) । कुलप्रसाद खनालका अनुसार कवि पहारीका पद्य कविताले प्रस्तुत गरेका देशका विद्रूपता र गद्यले गरेका कलात्मक प्रस्फुटनले कविभित्रको राष्ट्रिय अहम् र काव्यकलाप्रतिको अनुरागलाई परिचित गराइरहेका छन् । कविता काव्यमा सरल भाषाको प्रयोग गर्दै जीवनजगत्का, समाज र सामाजिक व्यथाका अनि हात्तीपाइले राजनीतिले ग्रस्त राष्ट्रिय विद्रूपतालाई व्यक्त गर्ने हेमराज पहारी दुखेको आफ्नो देश देख्दा मन दुखाउने राष्ट्रवादी कविका रूपमा देखा पर्छन् (२०६७ : ३५) । त्यस्तै घनश्याम ढकालका अनुसार उत्ताउलो अभिव्यक्ति मन नपराउने पहारीका कवितामा समसामयिकता, जनजीवनका पीडा र उत्पीडनको बोध छ, पुँजीवादी विद्रूपताको चित्रण छ, परिवर्तनको चेत छ, सहिदप्रति आस्था र क्रान्तिपछि शान्तिको कामना छ । उनका कवितामा यथार्थता र प्रगतिशीलता नै सबैभन्दा बढी मुखरित भएको छ (२०६२ : १३५) । लक्ष्मण थापाका अनुसार उहाँका कवितामा समाजलाई अग्रगामी सुधार गर्दै जानुपर्ने सन्देशहरू हुन्थे भने भ्रष्टतन्त्र, आडम्बर, विभेद, कुरीति, कुसंस्कार र विकृतिलाई धारिलो प्रहार गरिएका हुन्थे । हाम्रो समाजमा विकासको नाममा भित्रिएका अपसंस्कृतिको धज्जी उडाउनु उहाँको खुबी थियो । उहाँ सभ्य, समानतापूर्ण, विभेदरहित र समतामूलक समाजको स्थापनाको सपना आफ्नो मानसपटलमा सजाएको निर्भीक, लोभलालच रहित, आडम्बर रहित सच्चा मानवतावादी र प्रगतिवादी व्यक्ति हुनुहुन्थ्यो (२०६७ : ३७५) । पहारीका कविताहरूको अध्ययन तथा विभिन्न साहित्यिक व्यक्तित्वहरूको धारणाबाट उनका कविताहरूमा यथार्थवाद, राष्ट्रप्रेम, प्रगतिशीतला, विकृति विसङ्गतिप्रतिको चोटिलो प्रहार पाउन सकिन्छ ।

### ३.२.३ नियात्राकार पहारी

नेपाली यात्रासाहित्यको आधुनिककालमा **उत्तरी गोलार्द्धको एक फन्को** (२०६३) लिएर देखा परेका पहारीको यस यात्रा-संस्मरणमा ८५ वटा संस्मरण शीर्षक तथा विभिन्न देशहरूका नक्सा समेत प्रस्तुत गरिएको छ । वि.सं. २०४२ सालमा गरिएको भ्रमणलाई लिएर २० वर्षपछि मात्र लेखिएको यस यात्रा-संस्मरण आयतनको हिसाबले ४१५ पृष्ठसम्म विस्तारित छ ।

नियात्राकार पहारीका बारेमा व्यक्त केही विद्वान्हरूको मूल्याङ्कन यस्तो छ : दीनबन्धु शर्माका अनुसार संसारले गरेका उन्नति र सुधारहरूलाई स्वीकार र अनुसरण गर्दै जेजसरी हुन्छ, केकसरी हुन्छ यो देशका रोग, भोक, गरिबी, असमानता र अशिक्षाजस्ता शत्रुलाई परास्त गर्ने तीव्र प्यास उहाँको प्रस्तुत कृतिमा अभिव्यक्त छ । यायावर भएर संसार चाहार्दा पनि आफ्नै देशको निम्ति असल उदाहरणहरू खोज्न मात्र उहाँका अन्वेषक इच्छाहरू सलबलाएका छन् (२०६३ : झ) । देवी नेपालका अनुसार वैचारिक स्पष्टता एवम् यथार्थवादी दृष्टिकोण नियात्राकार पहारीको उल्लेखनीय पक्ष हो । उनको अभिव्यक्तिमा समाजलाई हेर्ने मार्क्सवादी दृष्टि स्पष्ट रूपमा देखिन्छ । प्रस्तुत कृतिभित्रका ठाउँठाउँमा पाइने अभिव्यक्तिमा उनी पुँजीवादी मुलुकहरू (अमेरिका......) भन्दा साम्यवादी शासन भएका मुलुकहरू (क्युबा आदि) तिर अलि बढी ढल्किएका देखिन्छन् । उनीभित्र रहेको प्रगतिशील वा प्रगतिवादी विचारधाराले यहाँ ठाउँठाउँमा पोखिने मौका पाएको छ (२०६७ :४६) । रविलाल अधिकारीका अनुसार नियात्रा लेख्ने नाममा भावुकतामा बगेर पाठकलाई अलमलमा पार्ने अस्पष्टताका कुराहरू उहाँले लेख्नुभएको छैन । गएका ठाउँको ऐतिहासिक; भौगोलिक रूपबाट चिनारी गराउँदै वासिन्दा, सभ्यता, संस्कृतिजस्ता कुराहरूको पनि चिनारी गराएको देखिन्छ । भूमिका लेखक डा. दीनबन्धुजीले भनेजस्तै सूचनात्मकताको भार पनि बढी छ, जसले गर्दा कृति धेरै कुराको जानकारी गराउने लाग्छ (२०६७ : १०५) । यामबहादुर पौडेल क्षेत्रीका अनुसार उनी साहित्यिक सेवामा उदीयमान कवि, कथाकार एवं एक सफल नियात्राकार हुन् र समग्रमा एक प्रगतिशील साहित्यकार हुन् ; समाजसेवाका एक श्रद्धेय व्यक्तित्व हुन् । शिक्षण र पर्यटन व्यवसायी क्षेत्रमा भोक र प्यास मेटाइसकेका एक इमानदार सेवक हुन् । यी सच्चा देशभक्त हुन् । अन्ततः हृदयको गहिराइमा यी एक सच्चा मानवप्रेमी हुन् (२०६७ : ११२) । मोहन दुवालका अनुसार आफू पुगेका देशहरूका कोणकोणको चर्चा गरिएको यस चर्चायोग्य पुस्तकले पहारीको लेखकीय व्यक्तित्व उजागर गरेको छ । यात्रा-साहित्यमा देखा पर्दै आएका लैनसिंह वाङ्देल, डा.तारानाथ शर्मा, गङ्गाप्रसाद उप्रेती, घनश्याम राजकर्णिकार, प्रदीप नेपाल, श्रीकृष्ण गौतम, विजय चालिसे, कलाधर काफ्ले, इल्या भट्टराई आदिका नियात्राहरूभन्दा फरक प्रस्तुति लिएर देखा परेको यस सङ्ग्रहको अध्ययन पश्चात् मलाई पहारीद्वारा लिखित **उत्तरी गोलार्द्धको एक फन्को** नेपाली साहित्यमा नियात्राविधाको एउटा उत्कृष्ट कृति भन्ने लाग्यो । निबन्ध र प्रबन्धको विशेषता बोकेको यस ग्रन्थले पहारी सिद्धहस्त लेखकका

रूपमा प्रमाणित गरिदिएको छ (२०६७ : ३२४) । विभिन्न नौ वटा देशहरूका भौगोलिक, सांस्कृतिक, राजनीतिक, आर्थिक वैशिष्ट्य तथा त्यहाँका प्रगति सूचना, जीवनशैली र त्यसबाट हामीले पाउन सकिने ज्ञानलाई समेटिएको पहारीको यो कृति पाठकहरूको लागि उत्कृष्ट सावित भएको छ ।

### ३.२.४ गीतकार पहारी

साहित्यको विविध विधामा कलम चलाएका पहारीले वि.सं. २०५७ सालमा 'गण्डकीजस्तै जिन्दगी' गीत **मधुपर्क**मा प्रकाशित गराए । सानै उमेरदेखि नै गीतप्रति विशेष रुचि राख्ने पहारीको 'पोखरा' शीर्षकको गीत (वि.सं. २०५०) पोखरापत्रमा, वि.सं. २०५९ सालमा 'नयाँ वर्ष' को गीत गण्डकी साहित्य सङ्गममा, वि.सं. २०६४ सालमा 'जुझारु मदन' शीर्षकको गीत मदन भण्डारी स्मृति ग्रन्थमा प्रकाशित भयो । गीत रचनामा पनि विशेष रुचि देखाई निरन्तर रूपमा लागिपरेका पहारीको समसामयिक परिवेशलाई समेटेर रचिएको गीतसङ्ग्रह भने अप्रकाशित अवस्थामा रहेको छ ।

### ३.२.५ लेखक पहारी

विद्यार्थी कालदेखि नै विभिन्न लेखहरू लेखेर पत्र-पत्रिकामा प्रकाशित गर्न रुचि राख्ने पहारीको **रूपरेखा**मा 'जीवनको लक्ष्य' (२०२४), **प्रतिभा**मा 'Science and Its Contribution to our Society' (२०४०), **एक्काइसौं शताब्दी**मा 'फेवातालमा फेवा पोखरीतर्फ उन्मुख' (२०५४), **कान्तिपुर**मा 'प्राकृतिक चिकित्साका नेपाली कोश' (२०६२), **रेडियोसँग हुर्कंदा** पुस्तकमा 'बाबु बाकसा नन्द' (२०६२), **स्मारिका**मा 'पहरी र पहारी' ( २०६३), **ज्योति स्मारिका**मा 'सर्वगुणहरूका सङ्गम : जोर्जजोन' (२०६३), **गण्डकी अञ्चल समन्वय समिति**मा 'जीवहरूको उत्पत्ती कसरी भयो ?' (२०६४), **नयाँ अग्रगमन**मा 'सडेको चामलले व्यक्त गर्न खोजका कुराहरू' (२०६४), 'भोजभतेरमा देखिने राम्रा र नराम्रा कुराहरू' (२०६४), **राष्ट्रिय स्वाभिमान**मा 'जनपक्षीय पार्टी कुनचाहिँ हो ?' (२०६४), **राष्ट्रिय स्वाभिमान**मा 'संविधानसभासद् कि सांसद ?' (२०६४), **राष्ट्रिय स्वाभिमान**मा 'गाई नै दिन योग्य पात्रलाई गोबर किन नदिने ?' (२०६४), **राष्ट्रिय स्वाभिमान**मा 'नपत्याउने

खोलाले बगाउँछ' (२०६४) आदि लेखरचनाहरू प्रकाशित भएका छन् । अन्य विभिन्न पत्रपत्रिकाहरूमा समेत उनका लेखरचनाहरू पढ्न सकिन्छ ।

## ३.२.६ हेमराज पहारीका रचनाहरू प्रकाशित भएका पुस्तक-पत्रपत्रिकाहरू, संलग्न सङ्घसंस्थाका सूची

- **'भ्रम'** (कथा), निर्झरिणी पत्रिका (६ महिने मुखपत्र, राष्ट्रिय बहुउद्देश्यीय उच्च मा.वि., २०२१/२२), पुरानो टुँडिखेल, बगर, पोखरा ।
- **'श्रमको सम्मान'** (निबन्ध), गोरखापत्र राष्ट्रिय दैनिक (२०२३) ।
- **'मेरो मुटु'** (कविता), अस्कल मुखपत्र (अमृत साइन्स कलेजको वार्षिक मुखपत्र, २०२३), ठमेल काठमाडौं ।
- **'जीवनको लक्ष्य'** (लेख), रूपरेखा (साहित्यिक पत्रिका, २०२४), काठमाडौं ।
- **'आजको शिक्षा'** (कविता) र 'समालोचना', माछापुच्छे (स्वतन्त्र विद्यार्थी युनियन, पृथ्वीनारायण क्याम्पस, पोखराको मुखपत्र, २०२५/२६), पोखरा ।
- **'शिक्षक हुनु'** (कविता), समीक्षा साप्ताहिक (जनपक्षीय पत्रिका, २०३२), काठमाडौं ।
- **'लामपुच्छ्रे तारा'**,'आइन्स्टाइनका भविष्यवाणीहरू' (लेखहरू), 'तीसको दशकमा', गोरखापत्र राष्ट्रिय दैनिक (मिति.....), काठमाडौं ।
- **'Science and its Contribution to our society'** (लेख), प्रतिभा ( त्रिभुवन आदर्श माध्यमिक विद्यालय, फर्पिङको मुखपत्र-२०४०) ।
- **'तिमीलाई मिलोस् अविरल सुशान्ति'** (कविता), गोरखापत्र राष्ट्रिय दैनिक ( २०५१) ।
- **'फेवाताल फेवापोखरीतर्फ उन्मुख'** (लेख), एक्काइसौं शताब्दी (एमाले निकटस्थ पत्रिका, २०५४ पुस), काठमाडौं ।
- **'गण्डकी जस्तै जिन्दगी'** (गीत), मधुपर्क मासिक (२०५७ असोज), काठमाडौं ।
- **'जनताको चुनौती'** (कविता), घोषणा (नेकपा एमाले जिल्ला कमिटी, कास्कीको प्रकाशन, २०५७) ।

- **'जर्दानो ब्रुनो'** (संस्मरणात्मक लेख), नवयुवा मासिक (२०५८ पुस), काठमाडौं ।
- **'लोककवि अलिमियाँ'** (कविता), फूलबारी (नेपाल उत्पीडित जातीय मुक्ति समाजको मुखपत्र, २०५९), मोरङ ।
- **'यसरी नबसौँ अब'** (कविता), समष्टि (द्वैमासिक), कृषि विकास बैंङ्कको साहित्यिक पत्रिका-२०५८ ।
- **'त्यही पैसाको खेला'** (कविता), समष्टि (द्वैमासिक), कृषि विकास बैंङ्कको साहित्यिक पत्रिका-२०५९ ।
- **'पोखरा, पचासको दशकतिर'** (गीतहरू), पोखरापत्र (दैनिक), पोखरा ।
- **'कवि गाकुल जोशी'** (कविता), गण्डकी साहित्य सङ्गम (२०५९), पोखरा ।
- **'नयाँ वर्ष'** (गीत), साहित्य श्रृङ्खला (प्रराय‌ु सङ्घ, साहित्यिक विभाग-२०५९), कास्की ।
- **'देशको अभिभारा'** (कविता), निगालो (२०६०), पोखरा ।
- **'भगवान्'** (कविता), सिउँडी (२०६०), नवनीत साहित्य सागर, छोरेपाटन, पोखरा ।
- **'रुद्र सरको सम्झना'** (संस्मरणात्मक लेख), स्मारिका (तालबाराही मा.वि., बैदामको ४६औं वार्षिकोत्सवको विशेषांक-२०६१), पोखरा ।
- **'प्राकृतिक चिकित्साका नेपाली कोश'** (लेख), कान्तिपुर राष्ट्रिय दैनिक (२०६२ असार १२), काठमाडौं ।
- **'लस एन्जेल्स्मा हराउँदा'** (यात्रासंस्मरण), विराटेश्वर वार्षिक स्मारिका ( अफिसर्स क्लब, २०६२), विराटनगर, मोरङ ।
- **'बाबु बाकसानन्द'** (लेख), रेडियोसँग हुर्कँदा (तीनपुस्ते नेपालीको अनुभव-२०६२) पुस्तक ।
- **'नेपालीहरूको दुर्दशा'** (कविता), गण्डकी साहित्य सङ्गम (२०६३) ।
- **'२०६३ सालको सन्देश'** (कविता), अनुशीलन (नेपाल प्राध्यापक संगठन क्षेत्रीय समिति-२०६३), पोखरा ।

- **'पहरी र पहारी'** (लेख), स्मारिका (तालबाहारी बैदामको स्वर्ण महोत्सव-२०६३), पोखरा ।
- **'सद्गुणहरूका संगमः जोर्ज जोन'** (लेख), ज्योति स्मारिका (जर्ज जोन शिक्षा प्रतिष्ठान, २०६३), पोखरा ।
- **'जुझारु मदन'** (गीत), घोषणा (नेकपा एमाले जिल्ला कमिटी, २०६४) , कास्की ।
- **'दीर्घकालीन हित'** (गीत), गण्डकी साहित्य सङ्गम (२०६४), पोखरा ।
- **'जीवहरूको उत्पत्ति कसरी भयो ?'** (लेख), गण्डकी (नेकपा एमाले गण्डकी अञ्चल समन्वय समिति, २०६४) ।
- **'सडेको चामलले व्यक्त गर्न खोजेका कुराहरू'** (लेख), नयाँ अग्रगमन ( माओवादी निकटस्थ विचारप्रधान पत्रिका, २०६४), काठमाडौं ।
- **'भोज भतेरमा देखिने राम्रा र नराम्रा कुराहरू'** (लेख), आदर्श समाज दैनिक ( मिति ?), पोखरा ।
- **'यसरी बस्न हुन्छ र ?'** (कविता), साहित्य प्रभा (प्रगतिशील लेखक सङ्घ, २०६४), पोखरा ।
- '**Bad Luck on a Night Bus**' (कथा), The Himalayan Herald : Pelf-Nepal's Literary Journal (२०६४) ।
- **'संविधानसभासद् कि सांसद् ?'** (लेख), राष्ट्रिय स्वाभिमान साप्ताहिक (२०६४ चैत्र), पोखरा ।
- **'जनपक्षीय पार्टी कुनचाहिँ हो ?'** (लेख), राष्ट्रिय स्वाभिमान साप्ताहिक (२०६४ चैत्र), पोखरा ।
- **'गाई नै दिन योग्य पात्रलाई गोबर किन नदिने ?'** (लेख), राष्ट्रिय स्वाभिमान साप्ताहिक (२०६४ चैत्र २५), पोखरा ।
- **'नपत्याउने खोलाले बगाउँछ'** (लेख), राष्ट्रिय स्वाभिमान साप्ताहिक (२०६५ वैशाख ५), पोखरा ।
- **'सर्वव्यापी भ्रष्टाचार'** (गद्य कविता), हेरालो साप्ताहिक (२०६४), पोखरा ।

- **'देशको अभिभारा'** (कविता सङ्ग्रह), कविता क्लब (२०६१ श्रावण १६), पोखरा ।
- **'उत्तरी गोलार्द्धको एक फन्को'** (यात्रासंस्मरण), गण्डकी साहित्य सङ्गम (२०६३ पुस १५), पोखरा ।
- **'फेवाताल : हिजो, आज र भोलि'** (लेख), पोखराको जलसम्पदा (२०६५), पोखरा ।
- **'नौवटै तालहरूको अवलोकन'** (लेख), पोखराको जलसम्पदा (२०६५), पोखरा ।

## चौथो परिच्छेद

# उत्तरी गोलार्द्धको एक फन्को नियात्राको कृतिगत अध्ययन

### ४.१ कृति परिचय

**उत्तरी गोलार्द्धको एक फन्को** हेमराज पहारीको यात्रा संस्मरणात्मक कृति हो । यो पहारीलाई विदेश भ्रमणको निम्ता दिने उनका अनन्य मित्र प्याट्रिक ह्यारिगनलाई समर्पण गरेर वि.सं. २०६१ साल पुस १५ गते गण्डकी साहित्य सङ्गम पोखराद्वारा प्रकाशित कृति हो । ४१५ पृष्ठमा संरचित यस कृतिमा दीनबन्धु शर्माको विद्वतापूर्ण भूमिका रहेको छ । ८५ वटा शीर्षकहरू रहेको यस कृतिमा यात्रा गरिए जसरी नै 'अमेरिका जाने उत्कट इच्छा' बाट सुरु गरी 'पोखरादेखि नयाँ दिल्लीसम्म' हुँदै 'अन्त्यमा पोखरा' का संस्मरणलाई समेटेर टुङ्ग्याइएको छ । कृतिमा नियात्राकार हेमराज पहारी भन्छन् - आफ्नो यात्रालाई कुनै दिन लिपिबद्ध गर्नुपर्ला भनेर मैले सुरु-सुरुमा त टिपोटहरू लेख्ने गर्थें तर पछि झ्याउ लागेर लेख्न पनि छाडें । उत्तरी गोलार्द्धको एक फन्को मारेर नेपाल फर्केपछि धेरै वर्षसम्म म यो वा त्यो काममा अल्झिरहें । यात्रासंस्मरण लेख्ने काम ओझेलमा पर्‍यो । कवितातिर लागियो र एउटा सङ्ग्रह निकालियो । त्यसपछि मात्रै मलाई यात्रासंस्मरण लेख्न मन लाग्यो र लेख्न बसेँ । धेरै कुरा बिर्सिएछ र अगाडि बढ्नै सकिन । लेखाइको मेलो अगाडि सर्दै सरेन । तात्तातै ठोक्नुपर्ने फलामलाई मैले सेलाएपछि ठोकेँ । त्यो पनि सेलाएको बीस वर्षपछि । त्यसो हुँदा मलाई बढी परिश्रम गर्नुपर्‍यो (२०६३ : ट) । नियात्राकारकै अनुसार आर्जित ज्ञान, वर्गीय चेतना, उपलब्ध समय, साधन र स्रोतका हिसाबले मैले गर्न सक्ने कुरा भने यत्ति नै हो (२०६३ : ट) । भ्रमणको बीस वर्षपछि यात्रालाई कृतिगत रूपमा उतारे पनि भ्रमणमा सहयोग पुर्‍याउने मित्रहरूको सहयोगले यस कृतिलाई उनले जीवन्त बनाएका छन् ।

परिशिष्टमा दुवै गोलार्द्ध, मध्यअमेरिका, दक्षिण अमेरिका, अफ्रिका, मध्य पश्चिमी देशहरू, अष्ट्रेलियाका नक्साहरू राखी विभिन्न देशहरूको अवस्थितिको बारेमा पनि प्रस्तुत गरिएको छ । यात्राका क्रममा खिचिएका केही तस्वीरहरूलाई समेत आकर्षणका रूपमा कतै-कतै समाविष्ट गरिएका छन् । यस यात्रा-संस्मरणमा लेखकले भारत, जर्मनी,

होल्याण्ड, बेलायत, अमेरिका, क्यानडा, मेक्सिको, जापान, हङकङ, थाइल्याण्डको यात्रावृत्तान्त प्रस्तुत गरेका छन् । शीर्षकमै देश तथा सहरका नामहरू उल्लेख गर्दै त्यहाँका भूगोल, इतिहास, संस्कृति, आदिको चर्चा गरेर आफ्नो धारणा समेत प्रष्ट रूपमा राखेका छन् । कुमारी लामाका अनुसार हामी पश्चिमी राष्ट्रहरूसँग अपरिचित पाठकहरूलाई ती राष्ट्रहरू, त्यहाँको धर्म-संस्कृति, चालचलन र अन्य धेरैभन्दा धेरै जानकारी दिन यो सङ्ग्रह सफल छ । उनको सरल शैली र विश्लेषणात्मक क्षमताले गर्दा यो मोटो पुस्तक पढ्दा पाठकलाई दिक्दारी लाग्नुको सट्टा तुरुन्त अर्को शीर्षकमा जान मन आतुर गराउँछ । पश्चिमी देश र संस्कृति सबै राम्रै राम्रो नभनिकन उनीहरूको गल्ती, कमजोरी र कु-संस्कृतिको बारेमा खुलेर व्याख्या गर्नु उनको विशेषता हो (२०६५ : ?) । समालोचक हुमाकान्त पाण्डेले कृति विवेचनाका क्रममा प्रमुख विवेचकको तर्फबाट व्यक्त गरेका विचार यस्तो छ - यो कृति बजारुस्तरका अरू कृतिहरूभन्दा अलि भिन्न र पठनीय छ । कृतिलाई आद्योपान्त पढेर हेर्दा यो कृति लेख्नका लागि मात्र लेखिएको तथा लेखक हुने रहरलाई मेटाउनका लागि मात्र लेखिएको ठहर्दैन । यस पुस्तकमा निजी अनुभवको बखान मात्र नपस्की समाजलाई उपयोगी हुने कुराहरू पनि पस्किएका छन् । कृतिमा लेखकको लेखकीय व्यक्तित्व र तटस्थ व्यक्तित्व मुखरित भएको छ (स्रोत भि सी डी, २०६३) । त्यसैगरी कृष्णराज अधिकारीका अनुसार यस कृतिमा लेखकमा रहेको राष्ट्रप्रेमको भावना सर्वत्र सल्बलाइरहेको पाइन्छ र कृतिको वैचारिक प्राप्ति पनि यही हो । भाषिक सरलता, सरसता र स्पष्टता प्रभावकारी शैली अनि विदेशी शब्दलाई पनि नेपालीकरण गरी प्रयोग गरिनुले यो कृति सामान्य लेखपढ गर्न सक्ने व्यक्तिहरूको लागि पनि उत्तिकै पठनीय र सम्प्रेषणीय देखिन्छ । यात्रा साहित्यमा यो एउटा महत्त्वपूर्ण प्राप्ति हो (२०६३ : ?) । दीनबन्धु शर्माका अनुसार एक लाख बीस हजार शब्दहरूद्वारा सजाइएको **उत्तरी गोलार्द्धको एक फन्को** नामक कृतिमा एघारवटा ठाउँहरू र नौवटा मुलुकहरूका बारेमा आफ्ना भोगाइहरू व्यक्त गरिएको छ । प्रत्येक ठाउँको भौगोलिक, सांस्कृतिक, ऐतिहासिक, भाषिक र राजनैतिक कुराहरू समेट्ने प्रयास गरिएको छ । ती ठाउँका क्रियाकलाप र तिनीहरूप्रति आफ्नो प्रतिक्रिया व्यक्त गरिएको छ । उताका कुरा र यताका कुराहरूको तुलना र विवेचना गरिएको छ । यसमा प्रयुक्त भाषा शुद्ध, सरल र परिमार्जित छ । यसमा लक्षणा र व्यञ्जनाको भन्दा अभिधा अर्थको बढी प्रयोग गरिएको छ । यसमा आत्मपरकता पर्याप्त छ तर त्यो भावनात्मकभन्दा वस्तुगत छ । सूचनात्मकताको हकमा यो पुस्तक अग्रपंक्तिमा

उभिन्छ (स्रोत भि सी डी, २०६३) । अतः पहारीको यो कृति पाठकहरूको लागि सरस, सरल र जानकारी मूलक बन्न पुगेको छ ।

### ४.१.१ विषयवस्तु

आख्यानलाई साहित्यको प्रत्येक विधामा अनिवार्य तत्त्व मानिएको छ । यात्राका क्रममा यात्राकारसँग साक्षात्कार हुन आएका हरेक नयाँ परिवेश, प्रकृति, अनुभव, समाज, घटना, सूचना आदि नै नियात्राको आख्यान हो । यस कृतिमा पनि यात्रा गर्ने इच्छा, यात्रा गर्दाको अनुभव, प्राप्त सूचना, यात्रा टुङ्ग्याइएको प्रसङ्गहरू आख्यानका रूपमा आएका छन् ।

पहारीले आफूले भ्रमण गरेका देशहरूका ऐतिहासिक, भौगोलिक, राजनीतिक, आर्थिक, भाषिक, सामाजिक विशेषताहरूका साथमा पश्चिमी जीवनशैली र प्राप्त प्रेरणालाई अनुभवका आधारमा शीर्षकहरूमा उठान गरेका छन् । आख्यान सामान्य किसिमका भए पनि कतिपय भावहरू अत्यन्त गहन छन् । देखेका कुराको सरसर्ती वर्णन मात्र नगरी गहिराइमा पुगी विवेकको प्रयोग गर्दै सकारात्मक तथा नकारात्मक पक्षलाई केलाउने काम समेत गरेका छन् ।

'अमेरिका जाने उत्कट इच्छा' बाट सुरु गरिएको यो कृति 'अन्त्यमा पोखरा' आएर टुङ्गिएको छ । विभिन्न ठाउँहरूमा भ्रमण गर्दाका अनुभवको चित्रात्मक प्रस्तुति, भेटिएका मित्रहरूको यथार्थ विवरण, भोगाइका सत्य विवरण, ठक्कर खाँदाका दुःखाइ, खुसी र उमङ्गका तरङ्गहरू, प्रत्येक देशका सवल र दुर्वल पक्षहरू, पश्चिमी जीवनशैली, संस्कार, पश्चिमी प्रगतिको रोचक तथा रमाइलो विवरण, यात्राका समयमा उत्पन्न विविध विचारहरू, सूचना, शैक्षिक अवस्था, पश्चिमी मानसिकता, भाषिक, राजनीतिक जानकारी, प्रवासी नेपालीहरूको वेदना, विदेशी भूमिमा नेपाल, नेपाली र नेपाली संस्कारहरूको महत्त्व, पश्चिमका कमजोर पक्षहरू अमेरिकी चाडबाडहरू, ऐतिहासिक, धार्मिक, स्वास्थ्य सम्बन्धी जानकारी, ह्यारिगनप्रति समर्पण लगायतका यात्राका क्रममा साक्षात्कार हुन आएका घटना, समाज, परिवेश तथा प्रसङ्गलाई नै नियात्राकारले आख्यानको रूपमा समेटेका छन् ।

## ४.२ वैशिष्ट्यगत योगदान

हरेक व्यक्तिको कुनै वस्तुलाई हेर्ने दृष्टि र सोचाइ अलग-अलग हुन्छ । लेखकहरूमा पनि ती प्रवृत्तिहरू हुनु स्वाभाविकै हो । तिनै प्रवृत्तिहरूका कारण प्रत्येक लेखकहरूले आफ्नो अलग्गै पहिचान निर्धारण गरेका हुन्छन् जुन कुरा **उत्तरी गोलार्द्धको एक फन्को** नियात्राका लेखकमा पनि लागू हुन्छ । यस कृतिमा निहित वर्ण्य विषय र विशेषतालाई निम्नलिखित रूपमा हेर्न सकिन्छ -

### ४.२.१ राष्ट्रप्रेम

अनुशासित, गम्भीर तथा शान्त स्वभावका धनी पहारी राष्ट्रलाई अगाध माया गर्ने राष्ट्रभक्त साहित्यकार हुन् । १६ वर्षसम्म एउटै विद्यालयमा अध्यापन गरेर थुप्रै होनाहार नागरिक निर्माण गर्न सक्षम पहारीको 'देशको अभिभारा' को प्रत्येक अध्यायमा समेत राष्ट्रप्रेमको भावना पाइन्छ । कृति अध्ययन पश्चात् विदेश भ्रमणमा रहँदा पाइला-पाइलामा स्वदेशको सम्झना गरेका छन् । त्यसकारण देशको माया हृदयभरि भएको आभाष पाइन्छ । हाम्रा ऐतिहासिक गाथा, प्राकृतिक, सांस्कृतिक लगायतका वैभवहरू सम्झेर गर्वित भएका छन् भने कमजोरीहरूप्रति चोटिलो प्रहार गरेका छन् । नेपाललाई हरेक क्षेत्रबाट सवल, सुदृढ र विकसित बनाउनको लागि धेरैभन्दा धेरै पाठहरू पढाएका छन् । भ्रष्टप्रवृत्तिलाई जरैदेखि उखेले देश र जनताको हित र कल्याण हुने अभिमत ठाउँ-ठाउँमा प्रकट गरेका छन् । नियात्राकारका अनुसार नेपालमा दण्डित तिनै हुन्छन्, जो द्रव्यविहीन, लबीविहीन र अग्रगमनकारी छन् । जस्तोसुकै अपराधी पनि यहाँ पाँच घण्टा लामो वयान दिएपछि दोषमुक्त हुन्छ (२०६३ : २४९) । यसबाट पहारी देशलाई कुमार्गतिर घचेट्नेहरूप्रति आक्रोशित भएको स्पष्ट हुन्छ ।

नेपाल प्रकृतिको अनुपम वरदान हो भन्दै राष्ट्रको हावा, पानी, माटोप्रति लेखकले अत्यन्त गहिरो प्रेम प्रकट गरेका छन् । हाम्रा नदीहरूलाई पूजा मात्र नगरी माया गर्न आग्रह गरेका छन् । विदेशी स्कुलमा प्रवेश गर्दा दौरा-सुरुवाल र टोपी लगाएको नेपाली र नेपालको चित्र बनाई गर्व गर्ने पहारीमा राष्ट्र र राष्ट्रियताप्रति कति भक्तिभाव थियो भन्ने कुरा स्पष्ट हुन्छ । उनले मुलुक छोडेपछि राष्ट्र र राष्ट्रियताप्रति अझ माया बढ्ने देशप्रेमी युवाहरूको भाषा अभिव्यक्त गरेका छन् । विदेश भ्रमणमा गएको धेरै समयपछि नेपालीको

घरमा पुग्दा नियात्राकार भन्छन् - मलाई त्यो घरमा बसेर नेपाली बोल्न पाउँदा, दुःखसुखका कुरा गर्न पाउँदा र कसैले पकाएर प्रेमपूर्वक दिएको दालभात खान पाउँदा एउटा गुमेको स्वर्गको पुनर्प्राप्ति भएजस्तै लाग्यो (२०६३ : ३००) । कोलोऱ्याडोबाट युटाह र नेभाडा भ्रमणका क्रममा आफ्नै देश नेपालको लेते, मार्फा, जोमसोम, कागबेनीको खुब सम्झना गरेका छन् । घरको आर्थिक समस्याले पटक-पटक तर्साउँदा पनि अमेरिका बस्ने मन पटक्कै नभएको र राष्ट्रको सेवा गर्नुपर्छ भन्ने विचार उनमा आएको छ । अमेरिकाको सुखसुविधा र ग्रिनकार्डले उनको मन त्यहाँ बस्न सकेन र उनले आफ्ना भावनाहरू यसरी पोखेका छन् - दुब्ली, पातली र झुत्रे-झाम्री आमालाई बिर्सेर म अमेरिकाको अवसरहरूको स्वर्णभूमिमा रमाउन सकिनँ । विविधताको महासागरमा पौडी खेल्नुभन्दा मलाई झरनाको झङ्कारसँगै गीत गाउन मन लाग्यो । तयारी सुखसुविधाको खोजीमा बाहिरिनुभन्दा तिनलाई आफ्नै देशमा उत्पादन गर्न मन लाग्यो । ती उत्पादित नभएसम्म औसत नेपालीले जे खान्छन् मैले पनि त्यही खाने र औसत नेपालीले जे लगाउँछन् मैले पनि त्यही लगाउने निधो गरेँ । औसत नेपाली जति बाँच्छन् म पनि त्यति वर्ष बाँच्ने निर्णय गरेँ । उनीहरूको भन्दा लामो आयु, मीठो खाना र राम्रो नाना मलाई चाहिएन । त्यसैले म नेपाल फर्के र सन् १९८९ अक्टुबर ४ तारिखको दिन २ बजे नेपाल आमाको चरण स्पर्श गरेँ (२०६३ : ३९०/३९१) । जब नेपाली आकाशमा जहाज आइपुग्यो त्यतिबेला उनलाई कोक्रामा रोइरहेको बच्चाले आमाको काख फेला पारे सरह भएको थियो । थकाइ मेटाउन, मीठो सपना देख्न र पारिवारिक मायामा लुटपुटिन घर चाहिने विचार राख्ने पहारीलाई ४ वर्षपछि आफ्नो घरमा आइपुग्दा स्वर्ग नै पुनः प्राप्त गरे सरह भएको थियो । नेपाल आइसकेपछि पनि नेपालप्रतिको चिन्ता बढेर गएको तथा समाजसेवामा नै उनको समय व्यतित भएको पाइन्छ ।

यसरी म्युनिख सहर भ्रमण गर्दा एक जना पाकिस्तानीले नेपाल त भारतको एउटा भाग होइन ? भनेर सोध्दा त्यसलाई हरिलठ्ठक ग्वामाको संज्ञा दिने देशभक्त पहारीले नियात्राका प्रत्येक शीर्षकभित्र राष्ट्रलाई कुनै न कुनै रूपमा सम्झिएका छन् र आफूभित्रको राष्ट्रियतालाई उजागर गरेका छन् ।

## ४.२.२ तुलनात्मकता

हरेक राष्ट्रमा पुग्दा लेखकले त्यहाँको प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक, राजनीतिक, भौगोलिक, साहित्यिक, भाषिक लगायतका कुनै न कुनै जानकारी तथा त्यसको नेपाल र नेपाली प्रवृत्तिसँग तुलना गरेकै पाइन्छ । जस्तो -

### ४.२.२.१ पश्चिमी संस्कार तथा सांस्कृतिक पक्षको तुलना

पश्चिमी वा विकसित मुलुकहरूतिर १८ वर्ष पुगेका लगभग सबै छोराछोरीहरूले हाइस्कुल पास गरेपछि बाबुआमाको घर छोड्ने जानकारी दिँदै नियात्राकारले त्यहाँको सम्पन्नताले धानेको चर्चा गरेका छन् । हामी पूर्वीयाहरू परनिर्भरताका कारणले मात्रै रुग्ण सम्बन्धमा जकडिएर बस्न बाध्य भएको कुरा उल्लेख गर्दै नियात्राकार पहारी यसरी सांस्कृतिक पक्षलाई तुलनात्मक रुपमा प्रस्तुत गर्दै भन्छन् - यो तारतम्य नबुझ्ुन्जेलसम्म ती हामी पूर्वीया, जो दुईतीन पुस्तासम्म एउटै छतमुनि बस्छौं, का नजरमा निर्दयी र निर्मोही देखिन्छन् (२०६३ : १५) । नियात्राकार कोलन सहर भ्रमणका क्रममा देखेको राइन नदीको किनारमा अवस्थित कोलन सहरका पुराना चर्चहरूलाई बाग्मतीको किनारमा अवस्थित मन्दिरहरू र कोलन सहरलाई पर्यटकीय क्षेत्र ठमेलसँग तुलना गरेका छन् । सोही सहरको यात्रावर्णनको क्रममा पश्चिममा सबैले एकैचोटि आफैँले झिक्दै खाने, पाहुनाहरूको लुगा फुकालेर लगाइदिने प्रचलन रहेको पनि उल्लेख गरेका छन् ।

आफ्नै संस्कारको नकारात्मक पक्षलाई पनि इमानदारीपूर्वक व्यक्त गर्दै हामीले संस्कृतिको नाममा पूजा त गर्छौं तर कुनै पनि कुराको महत्त्वबोध गर्दैनौं भन्दै नियात्राकारले यसो भनेका छन् -हिन्दूले शाब्दिक सम्मान दिन जानेको छ तर तदनुसारको व्यवस्था मिलाउन जानेको छैन । कुनै पनि महत्त्वपूर्ण बोटबिरुवा, पशुपन्छी, श्रद्धेय नर-नारी र चीजबीजलाई धूप-अक्षताले पूजा गरेर तिनीहरूको अपहेलना गर्ने पाखण्डी प्राणी हामी नै हौं (२०६३ : २४) । नियात्राकारले पश्चिममा श्रीमान्, श्रीमती र प्रेमी-प्रेमिकाबीचको माया, सहयोग साथ दोहोरो भएको कुरा उल्लेख गर्दै भनेका छन् - सार्वजनिकरूपमा प्रेम प्रदर्शन गर्दा अशिष्ट र अभद्र भइन्न । बरु नगर्दा निर्मोही र चिसो फलाम बन्न पुगिन्छ । जसलाई हामी प्रदर्शन भन्छौं त्यो त उनीहरूका दृष्टिमा स्वतस्फूर्त सार्वजनिक अभिव्यक्ति हो । बाटामा हिँड्दा हात समातेर नहिँड्ने, अरूका अगाडि

अक्कलझुक्कल म्वाइँ नखाने, बेलामौकामा बाहिर रेष्टुराँमा लगेर नख्वाउने, कहीँ कतै घुमाउन नलैजाने, जन्मदिनमा उपहार नदिने, गृहधन्दाहरूमा नसघाउने, अरूका अगाडि काखमा बस्न नदिने र ढाड नकनाइदिने श्रीमान्लाई अमेरिकी श्रीमतीहरूले पटक्कै मन पराउँदैनन् । हामी नेपालीलाई भने एउटै छाता ओढेर हिँड्नुपर्दा पनि लज्जाबोध हुन्छ । उहिले-उहिले त एक-दुइवटा छोराछोरी नजन्मिकन श्रीमान्-श्रीमती आपसमा खुलेरसमेत बोल्दैनथे (२०६३ : १८४) । पश्चिमेलीहरूको खानेकुरा पनि बाँडीचुँडी नखाई आफैंले झिकेर खाने र नचुठी पुछ्ने चलन छ । औद्योगिक मुलुकका मानिसको बसाइ स्थिर नहुने, चलायमान हुने, कृषि पेसामा आवद्ध समाज मात्र एकै थलोमा बस्ने संस्कारको जानकारी उनले दिएका छन् ।

बुबा, आमाको घर, प्रशस्त धन भए पनि छोराछोरी नयाँ काम र नयाँ ठाउँको आवश्यकताले चलायमान हुने त्यहाँको संस्कार र पुर्खौंदेखि जरो गाडेर संयुक्त परिवारमा बस्दै आएको नेपाली संस्कारबीच तुलना गर्दै नियात्राकार भन्छन् - नेपालमा कुनै पनि आमाले आफ्नो छोरालाई यसरी  राख्न सक्दिन । बरु भोकै बस्छे तर आफ्नो छोरालाई यसरी अलग राख्दिन । यसरी नेपाली आँखाले हेर्दा यी बूढी निर्दयी र निर्मोही देखिन्छिन् । यिनको छोरा पनि जोइटिङ्ग्रे र स्वार्थी देखिन्छ नेपाली नजरमा । तर यिनीहरूको चलनमा न आमा निर्दयी हुन् न त छोरो जोइटिङग्रे हो (२०६३ : ६४) । हाम्रो सन्दर्भमा त अविवाहित छोरीले त्यसरी बाउआमालाई एक्लै छाडेर सहरमा बस्नै सक्तिन । तर अमेरिकामा १८ वर्ष पुगेकी छोरी हामीकहाँझैं बा-आमासँग बसेमा उसलाई अर्कै नजरले हेरिन्छ । ........ जन्मेको केही दिनपछि बच्चालाई अर्कै कोठामा सुताइन्छ र हुर्काइन्छ । ती हामीकहाँझैं २४ सै घण्टा आमाको काख र विस्तरामा हुँदैनन् । पश्चिमी देशहरूमा ससाना बच्चाहरूको पनि आफ्नै अलग कोठा हुन्छ । त्यहाँ सबै थरीका रंगीविरंगी खेलौनाहरू र लुगाहरू थुपारिएको हुन्छ र बच्चा एक्लै बस्दा पनि रमाइरहेको हुन्छ । हो, यही सानैदेखिको एक्लाएक्लै बस्ने आदतले गर्दा पश्चिमाहरू बुढेसकालसम्म पनि एक्लाएक्लै बस्न सक्ने भएका हुन्छन् (पहारी, २०६३ : २२०) । जुन परम्पराले गर्दा पश्चिमाहरूलाई आत्मनिर्भर र स्वावलम्बी समेत बनाएको छ ।

नियात्राकारका अनन्य मित्र प्याट्रिक ह्यारिगनसँगको भेटपछि उनले जानकारी दिएको पश्चिमी संस्कारबाट पश्चिमीहरूलाई अझ धेरै जान्न मद्दत पुऱ्याउँछ । मितव्ययी भएर खर्च गर्न, अनावश्यक आवाज ननिकाल्न, नलजाउन, फोहोरलाई कागजले पुछ्न,

जहाँ पायो त्यहीँ फोहोर नगर्न, अरुको प्रेम प्रसङ्ग, मनोरञ्जनमा बाधा नपुऱ्याउन, महिलाहरूलाई उमेर, तलब लगायतका निजी कुरा नसोध्न, आफ्नो खानाको आफैं व्यवस्था गर्न, घरबाहिर निस्कँदा परिचयपत्र, घरको ब्लक नं., फोन नं. र ढोकाको साँचो लिएर निस्कन अह्राएका छन् । नेपाली संस्कारको अध्ययन गरेका ह्यारिगनले नियात्राकारलाई सांस्कृतिक चोट नलागोस् भनी यी सबै संस्कारको बारेमा जानकारी गराएका हुन् । पश्चिमी नारीहरू परपुरुषसँग नारिएर फोटो खिच्न आपत्ती नमान्ने, विद्यालयमा खानेकुराहरू पनि सबैको सबैलाई चल्ने, जुठो भन्ने शब्दै नरहेको, बालबालिकालाई धेरैबेर रुवाउन नपाउने आदि संस्कारको बारेमा समेत उनले उल्लेख गरेका छन् ।

बर्क्लीमा भेटिएका मित्र टम पिन्च नेपालमा काम गरेर फर्किएका अमेरिकी शान्ति सेनाका पूर्व स्वयंसेवक हुन् । ती मित्रले अमेरिका र नेपालको संस्कृतिको तुलना यसरी गरेका छन् - अमेरिकामा भान्छामा डकार्न, जुठेल्नामा खकार्न, बालबच्चालाई हकार्न, वैयक्तिक स्वतन्त्रतालाई नकार्न र पुरुषहरूको प्रभुत्वलाई सकार्न पाइँदैन (२०६३ : २३४) । त्यसैगरी अर्को अनौठो परम्पराका बारेमा नियात्राकार भन्छन् - हामीकहाँ कुनै उत्सव मनाउँदा उत्सव अवधिभरि दियो बालिन्छ तर यहाँ बलिरहेको बत्ती निभाएपछि बल्ल उत्सव सुरु हुन्छ । हामीकहाँ आफ्नो लोग्ने गुमाएकी विरक्त विधवाले सेतो लुगा लगाउँछिन् भने यहाँ पति प्राप्त गरेकी प्रसन्न दुलहीले विवाहको दिनमा सेतो लुगा लगाउँछिन् (२०६३ : २६६) । यस्ता ठीक विपरीत संस्कारहरू देख्दा हाम्रा परम्परा उनीहरूलाई अनौठो र उनीहरूका परम्परा हामीलाई अनौठो लाग्नु स्वाभाविकै हो । त्यसैले हरेक क्षेत्र, वर्ग र तप्काका मानिसहरूको सोचाइ, व्यवहार, रीति, परम्परा अलग-अलग किसिमको हुन्छ, जहाँ जस्तो परम्परा छ त्यहाँ त्यही सही र मान्य हुन्छ भन्दै सबै जातिले सबै जातिको संस्कार तथा सकारात्मक पक्षलाई स्वीकार गरी सम्मान गर्दै नकारात्मक पक्षलाई विदाइ गर्नुपर्ने विचार नियात्राकारले व्यक्त गरेको पाइन्छ ।

### ४.२.२.२ प्राकृतिक तथा भौगोलिक पक्षको तुलना

१६ वर्षसम्म स्कुलमा अध्यापन गराएका नियाात्राकारमा विभिन्न विषयहरूमा केही न केही ज्ञान भएको यस नियात्राको अध्ययनबाट पुष्टि हुन्छ । लेखकले यात्राका क्रममा पुगेका प्रायः ठाउँहरूको विविध पक्षको जानकारी दिई नेपालको परिप्रेक्ष्यमा तुलना गरी

प्रस्तुत गरेका छन् । नियात्राकार अमेरिकाको गोल्डेनगेट पुगेपछि त्यहाँको सौन्दर्यले मोहित भएर उनी प्रकृतिलाई मानवीय हातले सिंगारेपछि त्यसको सौन्दर्यमा कति निखार आउँछ भन्ने कुरा बुझ्न एकपल्ट गोल्डेनगेट जानुपर्छ भन्छन् ।

नियात्राकारले आफू घुमेका र अमेरिकाका ५० वटा राज्यहरूका नक्सा उतारेर उत्तरी गोलार्द्धको भूगोलको चिनारी गराउने प्रयत्न पनि गरेका छन् । जसले पाठकहरूलाई अझ बढी आकर्षित गरेको छ । अमेरिकाको भौगोलिक क्षेत्रफल अत्यन्त विस्तृत र व्यापक रहेकाले त्यसले समयमा पारेको अन्तरलाई नियात्राकारले यसरी व्यक्त गरेका छन् - अलास्का उच्चतम र न्यूनतमहरूको क्रीडास्थल हो । उत्तरी अमेरिकाका सबभन्दा अग्ला पहाड र सबभन्दा लामा नदीहरू यहीँ छन् । माइनस ८०° सम्मको सबभन्दा चिसो तापक्रम, सबभन्दा लामो रात, सबभन्दा लामो दिन र सबभन्दा ठूलो जङ्गल यही अलास्कामा छ । अन्यत्र सितिमिति नदेखिने अनौठा प्रकारका जङ्गली जन्तुहरू पनि यहीँ विचरण गर्छन् । यहाँ मध्यरातमा पनि विना कुनै कृत्रिम प्रकाशको सहायताले दृश्यावलोकन गर्न र मैदानमा खेलहरू खेल्न सकिन्छ । ६ महिनाको दिन र ६ महिनाको रात हुने ठाउँहरू पनि अलास्कामा छन् । अलास्का ऐतिहासिक रूपले एस्किमोजस्ता आदिवासीहरूको भूमि हो । फिरन्ते स्वभावका एस्किमोहरू नेपालका राउटेहरू झैं घुमफिर गरिरहन्थे र घुमफिरको क्रममा रुसको साइबेरियासम्म पुग्दथे (२०६३ : २९२) । यसरी सानो क्षेत्रफलको राष्ट्रमा जन्मिएका नियात्राकारले निकै ठूलो क्षेत्रफल भएको राष्ट्रमा र त्यहाँको आश्चर्यलाग्दो वातावरणमा पुग्दाको क्षणलाई रोचक ढङ्गले प्रस्तुत गरेका छन् ।

### ४.२.२.३ प्रविधि तथा प्रगतिको तुलना

अहिलेको परिप्रेक्ष्यमा समेत हरेकको सपनाको देश बनेको अमेरिका लगायतका विश्वका विकसित राष्ट्रहरूको भ्रमण गर्ने सौभाग्य प्राप्त गर्नु नै लेखकको लागि गर्वको कुरा हो । हरेक ठाउँका मित्रहरूको साथले उहाँ कम बजेटमा पनि उत्तरी गोलार्द्धकै फन्को मार्न सक्षम हुनुभएको छ । विभिन्न सांस्कृतिक बन्धनमा जेलिएको, आर्थिक, प्रशासनिक अवस्था कमजोर भएको एउटा सानो मुलुकको मध्यम वर्गीय परिवारको व्यक्ति त्यसरी कम खर्चमै सुविधा सम्पन्न, भौतिक विकासले चुलिएका राष्ट्रहरूमा पुगेर सुविधा उपभोग गर्न पाउँदा एकातिर दङ्ग र फुरुङ्ग छन् भने तिनको सवल र दुर्वल पक्षहरूको पनि यथार्थ

रूपमा चित्रण गरेका छन् । विकसित मुलुकहरूको पद्धति देखेर उनी छक्क परेका छन् । ती राष्ट्रहरूमा चिठीबाट सुन, चाँदी, हिरा-मोती समेत घरमै पुग्छन् र सम्बन्धित व्यक्ति नभेटिएमा फिर्ता आउँछ । ती व्यवस्थाहरूसँग तुलना गर्दै नियात्राकार भन्छन्- हामीकहाँ त एउटा मोटो चिठी पनि सकुशल गन्तव्यमा पुग्दैन । त्यसको बीचमा शल्यक्रिया हुन्छ, आन्द्राभुँडी झिकिन्छ र बाहिरको छालालाई नालीमा फ्याँकिन्छ । हिन्दू दर्शन र बौद्ध दर्शनको व्यावहारिक पक्ष बुझ्न मोटामोटा चिठीचपेटाहरूको भेषमा हुलाकको यात्रा गर्नुपर्दछ । कुखुरा चोर्ने स्याल, पार्सलको भुँडी फोरेर खाने ब्वाँसा र पत्रहरूको गोपनीयता निचोरेर तनक्क पिउने चितुवाहरू हुलाक घरहरूमै पाइन्छन् (२०६३ : २०) । पश्चिमी राज्यहरूमा संस्था, कार्यालयहरूमा भीडभाड, कोलाहल, सन्त्रास, अशिष्टता, ढिलासुस्ती पाइँदैन । नियात्राकार एकले अर्कालाई बाधा नपार्नु र दुःख नदिनु त पश्चिमी जीवनको अनुकरणीय पक्ष मान्छन् । नियात्राकार यात्रा गर्दाको समयमा नेपालमा टि.भी., मोटर, रेफ्रिजेरेटर, वासिङ मेसिन लगायतका सामग्री आवश्यकताको चिज नभई सामाजिक आडम्बर र सम्पन्नताको द्योतक थियो तर पश्चिमी संसारका बुज्रुकहरूले भने पत्रपत्रिका, टि.भी., पुस्तक, सि.डी., भि.सी.डी. आदिको बाढीबाट बुद्धिमानी ढङ्गले बच्ने उपाय समेत जानिसकेका थिए । चलचित्र हेर्ने मात्र होइन सुटिङसमेत कसरी हुन्छ पूर्ण परिचित थिए । हरेक क्षेत्रमा आधुनिक पद्धति भित्र्याइसकेका पश्चिमाहरूले नेपालमा अहिले हामीले प्रयोग गर्ने ढिकी, जाँतो, मुदुस, हलो, जुवा, घट्ट, भजाली, बञ्चरो लगायतका सामग्रीहरू सङ्ग्रहालयमा थन्क्याइसकेका थिए । यो देख्दा नियात्राकारले 'हाम्रो नेपाल त पश्चिमाहरूको लागि एउटा ठूलो म्युजियम घर रहेछ भन्नु स्वाभाविकै हो ।

उनीहरूको जीवनशैली पनि स्वतन्त्र तथा आत्मनिर्भर खालको थियो । आफ्नो कमाइले घर-घडेरी जोड्न, पारिवारिक दायित्व वहन गर्न नपर्ने आफ्नो इच्छाले खर्च गर्न, घुम्न, मनोरञ्जन गर्न सक्थे । ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको तालिकालाई साकार तुल्याएका थिए । विद्यालयमा पनि आधुनिक शैलीले रुचिकर क्षेत्रको विषय पढ्न पाइन्थ्यो । उता हरेक विषयमा प्रयोगशाला उपलब्ध थियो, यता नेपालको कतिपय ठाउँमा भने निःशुल्क पठनपाठनका लागि पनि घरघरमा बोलाउन जानुपर्ने अवस्था थियो । होहल्ला, भीडभाड नहुने, फराकिला, सफा, चौडा सडकहरूमा हजारौं सवारी साधनहरू (ट्रक, कार, बस, पाङ्ग्रे भीमकाय ट्रकहरू......) अनुशासित ढङ्गले ट्याँ-ट्याँ, टूँ-टूँ नगरी कुद्थे । नियात्राकारले पश्चिमेलीहरूलाई भौतिक विकासका साथै

प्रयोग पद्धतिमा पनि अनुशासित भएको पाए । त्यतिबेला नै नियात्राकारले पहिलोपटक फोनमा जडित सन्देश सङ्कलन उपकरण, निजी कम्प्युटर, खेत जोत्ने तथा कृषि क्षेत्रका धेरै काम गर्ने अत्याधुनिक ट्रयाक्टर, फ्रिज, ओभन, वासिङ मेसिन, माइक्रोवेभ लगायतका थुप्रै आविस्कारहरू भएको देखे । जहाँ घरभित्र बसीबसी गेटमा आएको पाहुना चिनेर विद्युतीय स्वीच थिचेर ढोका खोल्ने, ट्राम (रेलजस्तो यात्रुबाहक बस) मा हरियो बटन थिचेपछि ढोका खुल्ने र बन्द हुने, विद्युतीय भऱ्याङ, ठूला-ठूला पसलहरूमा जडिएको भिडियो क्यामरा, ढाँटछल गरे थाहा पाउने मेसिन, सडक-सडकमा सार्वजनिक टेलिफोन बुथ, बुथमा टेलिफोन डायरी आदि प्रविधि तथा पद्धतिको व्यवस्था छ र त्यहीँ सवारी नियमहरू पनि कडा छन् । यही कुरा मनन गरी नियात्राकार भन्छन् - नेपालका जस्ता कहालीलाग्दा भीर पाखा र भिराला नदीका किनारैकिनार भएर जाने थोत्रा राजमार्गहरूमा थोत्रा गाडी लापर्वाही तरिकाले गुडाउन दिनु भनेको प्रकारान्तले मान्छे मार्ने लाइसेन्स प्रदान गर्नु हो (२०६३ : ८८) । त्यस्तै शौचालयमा हात सुकाउने विद्युतीय तरिका, हवाइजहाजले सवारी साधन, वस्तुभाउ, बालीनालीमा लाग्ने किरा नियन्त्रण गर्ने तरिका, सुरुङ मार्गबाट एकैचोटि जहाजमा पुगिने प्रविधिको बारेमा पनि उनले जानकारी दिएका छन् । लेखक आवश्यकता नै आविष्कारको जननी भएको कुरा व्यक्त गर्दछन् । भान्छाकोठादेखि लगाउने, खाने, हिँडडुल गर्ने, कार्यालय हरेक ठाउँमा आधुनिक उपकरणहरूको प्रयोगले उनीहरूलाई विकासशील राष्ट्रहरूबीचको दूरीबाट अझ टाढा-टाढा हुत्याउँदै छ । हरेक क्षेत्रका (भरिया, भाँडा माझ्ने, ड्राइभर-जो हाम्रो देशमा हेपिएका वर्ग छन्) कामदार तथा कामहरूलाई सम्मानयोग्य बनाइदिएको छ ।

भौतिक उन्नतिमा निकै पछि परेको नेपालमा जन्मी हुर्केर सूचना, सञ्चार, प्रविधिको विकासले उचाइ छोइसकेको मुलुक भ्रमणका क्रममा आफ्नो संस्कार-संस्कृति, सोचाइ-भोगाइभन्दा भिन्न संसारमा पुग्दा उनलाई पाइला-पाइलामा ठेस लागेको छ, रोमाञ्चक बनाएको छ साथै आफूलाई अनौठा लागेका चीजबीजको परिचय नेपाली पाठकहरूलाई समेत गराएर उनले यसलाई पर्याप्त जानकारी मूलक बनाएका छन् । अहिलेको सन्दर्भमा हेर्ने हो भने धेरै जसो विकासका बारेमा सूचना-सञ्चारको माध्यमबाटै भए पनि नेपालीहरू परिचित भइसकेका छन् । सो कारणले भने भ्रमणको बीस वर्षपछि प्रकाशित यो नियात्रा प्रकाशनमा ढिलो भएको महसूस हुन्छ । यी सबैको तुलनामा नेपाल अत्यन्त अविकसित कछुवाको गतिमा हिँड्दै गरेको, प्रगतिको तुलनामा भर्खरै मात्र सुरुवात

हुँदै गरेको राष्ट्रजस्तो लाग्छ तापनि पहारी यहाँको विश्वलाई लोभ्याउने सुन्दरता, ममता, स्नेह, पारिवारिक स्नेह, मातृप्रेमका कारण जन्मभूमिलाई स्वर्ग ठान्दै पुनः यही मुलुकमा फर्केर आफ्नो अलग्गै पहिचान बनाउन सफल भए । उनको हार्दिकता, त्याग र साहसलाई सम्मान गर्नैपर्छ ।

## ४.२.२.४ राजनीतिक जानकारी तथा तुलना

अन्य विविध क्षेत्रमा जस्तै राजनीतिको क्षेत्रमा पनि उनको चासो रहेको पाइन्छ । केही ठाउँहरूको राजनीतिक विश्लेषण गर्दै पहारीले आफ्नो धारणा समेत राखेका छन् । नियात्राकारका अनुसार अमेरिकामा थुप्रै समाजवादी पार्टी, वातावरणवादी पार्टी, वामपार्टी र अन्य स-साना पार्टीहरू पनि छन् तर ती पार्टीहरू डेमोक्र्याट पार्टी र रिपब्लिकन पार्टीको प्रतिस्पर्धामा अहिलेसम्म आउन सकेका छैनन् (२०६३ : २७८) । अमेरिकीहरू मिडिया-माइन्डेड हुने हुनाले उम्मेदवारले पैसाको खोलो बगाएर मिडियामा जमी जनमतलाई प्रभाव पार्न सके मात्र चुनाव जित्न सक्छन् नत्र तत्कालीन डेमोक्र्याट पार्टीका सशक्त उम्मेदवार माइकल डुकाकस म्यासाच्युएटले जस्तो दुर्गति भोग्नुपर्छ । त्यतिखेर डुकाकसले थुप्रै राम्रा कामहरू गरे पनि विपक्षी पार्टी रिपब्लिकनको उम्मेदवार जर्ज बुसले उनलाई प्रदूषणकारी, समाजवादीपाराको गैर-अमेरिकी तत्त्व भनी लाञ्छना लगाई कमजोर बनाइदिएका थिए । मूलधारको अमेरिकी मानसिकता समाजवाद विरोधी देखिन्छ भने गैर एङ्ग्लोस्याक्सन र होचो उम्मेदवारलाई अमेरिकीहरू पटक्कै मन पराउँदैनन् ।

नेपालको राजनीतिक अवस्था, चुनावी माहोल बुझेका नियात्राकार यहाँ र त्यहाँको चुनावी वातावरणको तुलनात्मक स्वरूप व्यङ्ग्यात्मक रूपमा नियात्राकार यसरी प्रस्तुत गर्दछन् - चुनावमा पैसाको प्रयोग प्रशस्त गरिए पनि प्रचार-प्रसारका लागि गरिन्छ, मतदाता किन्नको लागि प्रयोग गरिन्न । विपक्षीका पर्चा, पम्प्लेट, तुल, व्यानर च्यात्ने, विपक्षीका समर्थकलाई पिट्ने, होच्याउने, बुथ क्याप्चर गर्ने, मरेको मान्छेको नाममा भोट हाल्ने जस्तो निकृष्ट क्रियाकलाप र अरूका भित्ता पर्खाल रंगले बिगार्ने अतिक्रमणकारी चरित्र प्रचार-प्रसारको क्रममा प्रदर्शन गरिन्न । न त सत्ताधारी उम्मेदवारले पद र प्रशासनको दुरुपयोग गरेर आफ्नो पार्टीलाई जिताउने प्रयत्न नै गर्दछ (२०६३ : २७८/२७९) । अमेरिकीहरूले साम्यवादीहरूको भन्दा आफ्नो जीवनस्तर बढी सुविधाजनक पाउने हुनाले पूँजीवादका केही नकारात्मक पक्ष भए पनि वेवास्ता गर्छन् र

स्वीकार्छन् तसर्थ नियात्राकारको धारणा अनुसार साम्यवादी व्यवस्था स्थापित भएमा मुलुकमा प्रतिक्रान्ति हुने कारणहरूको निराकरण नगरिकन र विपन्न वर्गका जनताहरूको जीवनस्तर, चेतनास्तर र चरित्रस्तर पूँजीवादी देशका समकक्षीहरूको भन्दा राम्रो नपारिकन साम्यवादी व्यवस्था टिकाउन सकिन्न । समाजवादी नेता तथा राष्ट्रहरूबाट भएका केही अक्षम्य गल्ती तथा उनीहरूकै आन्तरिक कारणले त कमजोर भएका छन् नै त्यति मात्र नभई पूँजीवादी राष्ट्रहरूद्वारा समेत ढलाइएका छन् ।

समाजवादको पक्षमा देखिएका पहारी सच्चा समाजवादमा अनुशासित जनसमुदायको माग गर्ने, पराइलाई चोट लाग्दा आफूलाई दुख्ने, दुःख-सुख बाँड्ने एउटा बृहतखालको पारिवारिक व्यवस्था भएको देख्न चाहन्छन् । विवाह र परिवारलाई बन्धन र बोझ ठान्ने, व्यक्तिवादी संस्कार र उन्मुक्त वातावरणमा हुर्केका स्वच्छन्दतावादी अमेरिकी युवायुवतीहरूलाई पूँजीवादी व्यवस्था मन पर्नुको कारण पनि नियात्राकारले यसैलाई मानेका छन् । अमेरिकामा राष्ट्रपति एउटा पार्टीको भए पनि अरू पदहरू अन्य पार्टीको हुन सक्छ । त्यहाँका जनताहरू साक्षर, शिक्षित र चेतनशील भएकाले सबै कुराको निर्णायक जनप्रतिनिधिहरूलाई बनाउँदैनन् । यसबाट पाठ सिकेर तथा हाम्रो नेपालमा विगतमा गरिएका राष्ट्रघाती सन्धिहरू र सांसद सुविधाका यावत् कुराहरूलाई दृष्टिगत गर्दा सबै कुराहरूका निर्णायक जनप्रतिनिधिहरूलाई बनाउन नहुने धारणा नियात्राकारको छ ।

अमेरिकामा प्रत्येक चार वर्षमा राष्ट्रपति र अन्य जनप्रतिनिधिहरूको चुनाव हुन्छ र जतिसुकै सफल राष्ट्रपति पनि दुई पटकभन्दा बढी राष्ट्रपति हुन पाउँदैन । गर्न सक्नेले आठ वर्षमा आफ्नो खुबी देखाउँछ । हाम्रो देशमा एउटै पार्टीको एउटै व्यक्ति आजीवन एउटै पदमा टाँसिएको पटक्कै मन नपराउने नियात्राकारलाई त्यहाँको उपर्युक्त संवैधानिक प्रावधान खुब मन पर्छ । यसरी नियात्राकाले अमेरिकी राजनीति, जनताको रुचि, त्यसको समीक्षा तथा आफ्नो धारणालाई पनि यस कृतिमा प्रस्तुत गरेका छन् ।

### ४.२.३ धार्मिक चर्चा

हाम्रोजस्तो सानो मुलुकभित्रै त विविध धर्म, जात-जाति, संस्कृतिका मानिसहरूको बसोबास छ भने अमेरिकाजस्तो विशाल राज्यमा धार्मिक, सांस्कृतिक विविधता नहुने कुरै

भएन । विविध चाडबाडको बारेमा जानकारी दिने क्रममा उनले शीर्षक तथा उप-शीर्षकमा उल्लेख गरेका छन् ।

नेपालका राष्ट्रिय विभूति गौतम बुद्धले फैलाएका बौद्ध धर्म विश्वभर चर्चित छ । कतिपय अमेरिकीहरू समेत यस धर्मका अनुयायी बनिसकेका छन् । उनीहरू बुद्धलाई बुढ भन्दछन् । बुद्ध धर्मको अध्ययन पश्चात् कतिपय पश्चिमा गोराहरू लामा, कोही स्वामी, कोही सन्यासी बनेका छन् भने तिनीहरूले नेपाल, भारत, भुटान, तिब्बत र जापानका बौद्ध गुम्बाहरू र स्तूपहरूको भ्रमण गरेर तिनीहरूलाई अमेरिकी शैलीमा ढालेर परिष्कृत ढङ्गले त्यहाँ बौद्ध ध्यानकेन्द्रहरू समेत निर्माण गरेको कुरा नियात्राकारद्वारा उल्लेखित छ ।

नियात्राकारका अनन्य मित्र प्याट्रिक ह्यारिगन आध्यात्मिक पाराका र हिन्दू धर्मशास्त्रका विद्यार्थी भएकाले पहारीलाई उनीसँग मन्दिर, भजन-कीर्तन गरिएका ठाउँहरूमा समेत जाने अवसर मिलेको थियो । ह्यारिगनसँग पहारी एकपटक सनातन धर्ममन्दिरमा पनि पुगेका थिए । त्यहाँ 'हरिबोल हरिबो बोल हरिबोल मुकुन्द माधव गोविन्द बोल' भन्दै भजन गाइएको थियो । त्यसैक्रममा श्वेत वस्त्रधारी गुरुले आएर नियात्राकारलाई आज यहाँ पशुपतिनाथको देशबाट एकजना सज्जन आउनुभएको छ भनेर परिचित गराएका थिए । यसबाट अमेरिकामा पनि हिन्दू धर्म र हिन्दू धर्मका आराध्यदेव पशुपतिनाथको कति महत्त्व रहेछ भन्ने स्पष्ट हुन्छ । त्यहाँ उपस्थित भक्त र भक्तिनीहरूलाई हिन्दू नामले बोलाइन्थ्यो । जस्तै क्रिसलाई कृष्ण, पिटरलाई पिताम्बर, डेब्रालाई देविका, एण्ड्रीयालाई आराधना, लोरालाई ललिता आदि । सम्भव नभएर होला त्यहाँ नाघेर हिँड्न, किताब कुल्चन, देब्रे हातले दिन, महिनावारी भएकालाई पूजामा भाग लिन रोक भने लगाइएको थिएन । त्यहाँका भक्त-भक्तिनीहरू नेपालीहरूभन्दा बढी धार्मिक र हिन्दूमार्गी भएका र उनीहरूलाई दत्तात्रेय, अवधूत, गणेश र अन्य शब्दहरूको शाब्दिक अर्थ कण्ठस्थ भएको समेत उल्लेख छ । अमेरिकीहरूको हिन्दूधर्मप्रतिको आस्था र आशक्ति देखेर नियात्राकार समेत चकित परेको कुरा व्यक्त गरेका छन् ।

विकसित र अविकसित राष्ट्रको धार्मिक संस्कार पनि आ-आफ्नो शैलीको हुँदो रहेछ । एउटै हिन्दू धर्मको गायत्री मन्त्र अमेरिकामा हार्मोनियम, तबलाको तालमा सार्वजनिक रूपमा गाइँदो रहेछ भने नेपालमा अरूले सुन्नु हुँदैन भनी ब्राह्मणहरूलाई मात्र कानमा सुनाइन्छ । त्यस्तै जापानको धर्म र संस्कृतिमा प्रबल रूपमा बौद्ध धर्मको र आंशिक रूपमा हिन्दू धर्मको छाप परेको कुरा पनि नियात्राकारका जापानी मित्र ओकामोतोजीबाट

रहस्योद्घाटन भएको छ । अर्कोतर्फ पहारीले धर्मलाई विभाजनको दोषी, मानिसलाई भाग्यवादी, अपाङ्ग बनाउने, छुवाछुत, शोषण, जातीय विभाजन, असमानता र लैङ्गिक विभेदलाई संस्थागत गर्ने तत्त्व मानेका छन् । धर्मले हाम्रा परिवर्तनकारी चेतनाका खुट्टा काटेर दान-दक्षिणा र भिक्षावृत्तिमा जोड दिएकाले नियात्राकारले यसको खुलेर नै विरोध गरेका छन् ।

धर्म, संस्कार सम्बन्धी विविध जानकारीसँगै नियात्राकारले एउटा छुट्टै शीर्षक 'अमेरिकी चाडबाड' मा अमेरिकामा मनाइने प्रमुख चाडहरूको बारेमा महत्त्वपूर्ण जानकारी दिएका छन् । भूतप्रेतरूपी सामाजिक विकृतिहरू हटाएर प्रत्येक घरमा सुखशान्तिको बहाली गराउने उद्देश्यसहित मनाउने बालचाड ह्यालोविन (Hallowin), रेड इण्डियनहरूप्रति कृतज्ञ आप्रवासीहरूले उनीहरूप्रति आभार व्यक्त गर्न र धन्यवाद ज्ञापन गर्न मनाइने धन्यवाद ज्ञापन दिवस, हामी नेपालीहरूको दसैंजस्तै ठूलो चाड क्रिसमस डे, जिसस क्राइस्टको पुनर्जन्मको रूपमा मनाइने इस्टर आदि चाडहरूको महत्त्व र मनाउने तरिका समेत नियात्राकारले प्रस्तुत गरेका छन् ।

### ४.२.४ प्रकृतिप्रेम

साहित्य समाजको पानी हो । यसले सफा, स्वस्थ पानीले झैं प्यास पनि मेटाउँछ र दुषित पानीले झैं रोगी पनि बनाउँछ भन्ने धारणा राख्ने नियात्राकार पहारीका अनुसार जसले प्रकृतिलाई माया र स्नेह गर्दैन त्यसले आफैंलाई र कसैलाई पनि माया गर्दैन । शान्त स्वभावका पहारी प्रकृतिलाई अत्यन्त माया गर्ने व्यक्ति हुन् । उनको घर बगैंचाभित्र छ, फूलहरूका सौखिन थिए उनी । पहारी फेवातालको संरक्षण, प्रवर्द्धन र विकासमा जीवनपर्यन्त लागिरहे । कृतिमा पनि उनलाई यात्रा गरेको ठाउँको प्रकृतिले खिचेको छ र नेपालका प्राकृतिक सौन्दर्यलाई समेत बारम्बार सम्झन पुगेका छन् ।

सिकागो र न्युयोर्कजस्तो व्यस्त सहरी क्षेत्रबाट अलग हरियाली र शान्त नेब्रास्का सहरमा नियात्राकारलाई अझ २/४ दिन बस्ने मन थियो । त्यहाँको प्रकृतिले उनलाई खिचेको थियो । कोलोऱ्याडोको हिमाल र डाँडाकाँडा देख्दा उनलाई आफ्नै घर आएजस्तो लागेको थियो । त्यस्तै गोल्डेनपार्क घुम्दा नियात्राकार भन्छन् - प्रकृतिलाई मानवीय हातले सिंगारेपछि त्यसको सौन्दर्यमा कति निखार आउँछ भन्ने कुरा बुझ्न एकपल्ट गोल्डेनगेट पार्कमा जानुपर्छ । त्यो दिन आकाश सफा थियो, खुलेर घाम लागेको थियो र त्यो पार्क

खुलेर प्रस्तुत भएको थियो (२०६३ : २३६) । उनलाई स्वदेश वा विदेश हरेक क्षेत्रको प्रकृतिले खुब लोभ्याएको छ । यसबाट पनि प्रकृतिप्रतिको प्रेम स्पष्ट हुन्छ ।

पहारी आफ्नो घर वरपर समेत विविध किसिमका फूलहरू रोप्न मन पराउँथे । रामबहादुर पौडेलका अनुसार प्रकृतिबाट आनन्द मिल्छ भन्ने कुरामा विश्वास राख्ने भएकाले उहाँले विभिन्न थरीका फूल बिरुवाहरू रोपेको देख्न पाइन्छ । उहाँ पुस्तक र पत्रपत्रिकाहरू किनेर मात्रै पढ्नुपर्छ भन्ने मान्यताजस्तै फूल-बिरुवाहरू पनि किनेर मात्रै सार्नुपर्छ भन्ने मान्यता राख्नुहुन्थ्यो (२०६७ : ३५४) । त्यस्तै स्मृतिग्रन्थमा प्रकाशित नियात्राकारकै 'फेवातालः हिजो, आज र भोलि' शीर्षकको लेखमा पहारी भन्छन् - फेवाताललाई सुव्यवस्थित र सिँगारपटार गर्न सके पोखरालाई पनि स्विट्जरल्याण्डको लोकार्नो नगरीको हाराहारीमा पुऱ्याउन सकिन्छ र यहाँ पनि त्यहाँ झैं डलरको बाढी भित्र्याउन सकिन्छ ।............. हामीले आफ्ना गल्तीहरू सच्यायौं र प्रकृतिलाई पनि अनुशासनमा राख्यौं भने फेवाताललाई अझैं दीर्घजीवी र बहुउपयोगी बनाउन सकिन्छ ।....... सेती नदीको नहरमा मिसिएर आएका ढलहरूले फेवातालको नसामा कीटाणुहरू घुसाइदिएका छन् र फेवाताल सिकिस्त बिरामी भएको छ (२०६७ : ५२४) । यसरी उनको यस नियात्रा तथा अन्य लेखहरू अध्ययन गर्दा, उनी प्रकृतिसँगै सम्बन्धित संस्थाहरूमा संलग्न हुँदा र उनको घरवरपरका दृश्यहरूलाई नियाल्दा उनी प्रकृतिमा रमाउने प्रकृतिप्रेमी साहित्यकार हुन् भन्न सकिन्छ ।

### ४.२.५ विज्ञान सम्बन्धी जानकारी

अन्तर्राष्ट्रिय उन्नति-प्रगतिको दाँजोमा नेपाल त उनीहरूको लागि एउटा सङ्ग्रहालयजस्तो साबित भएको छ । त्यहाँका हरेक विकास तथा वैज्ञानिक चमत्कारहरू तत्कालीन समयमा नियात्राकारलाई अद्भूत लाग्नु स्वाभाविकै हो । अहिलेको परिवेशमा भने सहरी क्षेत्रमा कतिपय ती सामग्रीहरू उपयोगमा आइसकेका छन् । टेलिफोन, मोवाइल, टेलिभिजन, इन्टरनेट आदिको सुविधाले हरेक राष्ट्रलाई साँघुरो बनाएको छ । तत्काल हरेक आविष्कारसँग परिचित हुने सुअवसर त जुटेकै छ तर पनि स्रोत, साधन र योग्य जनशक्तिको अभावले अझ पनि हामी धेरै पिछडिएका छौं । यस्तो अवस्थाबाट

गुज्रेका हामीलाई त्यतिबेलाको त्यहाँका आविष्कारहरू पढ्दा समेत आश्चर्य लाग्नु कुनै नौलो कुरा होइन ।

तत्कालीन समयमा पश्चिमी मुलुकहरूको भ्रमण गरेका नियात्राकार पश्चिमेलीहरूले गरेको वैज्ञानिक उन्नति, प्रगति, त्यसभित्रको इमानदारी देखेर खुब रमाएका छन् र दङ्ग पनि परेका छन् । छिमेकी राष्ट्र भारतमा पुग्दा नै भरेङबाट जहाज चढ्ने बानी परेका नियात्राकार सुरुङ मार्गबाट एकैचोटि जहाजको पेटमा पुग्दा अचम्मै परेका थिए ।

उनले कतै विकासको इतिहास, कतै वैज्ञानिक चमत्कारका सकारात्मक त कतै नकारात्मक पक्षहरूको बारेमा जानकारी दिएका छन् । नियाात्राकार भन्छन् - हाम्रा पुर्खाहरूको पुच्छर थियो । त्यसले झिँगा र अरू कीराहरू धपाउने काम गर्थ्यो । विकासको क्रममा हाम्रा पुर्खाहरू उभिएर हिँड्न थाले । यसो हुँदा अगाडिका दुई खुट्टा स्वतन्त्र भए र ती हातमा विकसित भए । झिँगा धपाउने काम अब हातले गर्न थाल्यो र पुच्छर बेकम्मा सावित भयो र कालान्तरमा त्यो लोप भयो । अनुपयोगी अङ्ग बिस्तारै लोप हुँदै जान्छ भनी जीवविज्ञानले भन्छ (२०६३ : ३२३) । नियात्राकारकै अनुसार विकसित मुलुकहरूमा बहुप्रचलित यो एटीएम (ATM) कार्डले भारतीय गणितज्ञ श्री निवास रामानुजको सिद्धान्त अनुसार काम गर्दो रहेछ र ATM Card का जन्मदाता त हाम्रै छिमेकी देशका नागरिक पो रहेछन्, जो १९ औं शताब्दीको प्रारम्भतिर मद्रास (चेन्नई) को बन्दरगाहमा क्लर्कको काम गर्थे (२०६३ : ३३२) । कपडा धुने, सुकाउने मेसिन, बटन थिच्दा रोकिने ट्राम, विद्युतको माध्यमबाट खुल्ने र बन्द हुने भऱ्याङ, मानिसको निगरानी राख्ने भिडियो क्यामरा, 8D सिनेमा हलको दृश्य, टिभी, मोटर, रेफ्रिजेरेटर, सिडी, भिसिडी, मोबाइल सबै विज्ञानकै चमत्कार हुन् । यसरी हरेक विकसित राष्ट्रहरूमा उपयोगमा आएका प्रविधिहरूलाई पनि नियात्राकारले प्रशस्त उल्लेख गरेका छन् ।

### ४.२.६ स्वास्थ्य सम्बन्धी जानकारी

आफूले यात्रा गर्ने क्रममा सिकेका स्वास्थ्य सम्बन्धी केही जानकारीहरू समेत नियात्राकारले दिएका छन् । हावाको फोहोराले बढारिएको दृश्य देख्दा नियात्राकार भन्छन् - हाम्राजस्ता धुलेसडकहरूमा यस्तो जुक्ति त्यति प्रभावकारी नहोला तर त्यसले हाम्रो ढाडलाई सिधा राख्न र सफाइ कार्यलाई तीव्रता प्रदान गर्न ठूलो मद्दत गर्छ । मेरुदण्डलाई

सिधा राख्न सकियो भने मात्रै पनि धेरै प्रकारका स्वास्थ्यजन्य दुष्प्रभावबाट बच्न सकिन्छ (२०६३ : १४५) । अमेरिकामा रुघा लाग्दा पनि तातोपानीले नुहाएर सुन्तलाको चिसो जुस पिइन्छ । पेय पदार्थ चिसै भए पनि त्यसमा विद्यमान भिटामिन 'सी' र अन्य तत्त्वहरूले रुघाको बिरामीलाई फाइदा गर्ने कुरा नियात्राकारले अमेरिकामा थाहा पाए । त्यस्तै हाम्रो हात सबैभन्दा फोहोरी अङ्ग हो, यसले हजारौं चिज छोएर अदृश्य फोहोर सङ्कलन गरेको हुन्छ भन्दै उनी भन्छन् - पश्चिमाहरूले खाना खाँदा काँटाचम्चाको प्रयोग गर्ने, स्वास्थ्यकर्मीहरूले हातमा पञ्जा लगाउने, स्वास्थ्य सचेतहरूले बजारिया रोटी खाँदा कागजले समात्ने र खाद्य पदार्थलाई सुरक्षित ढङ्गले पुरियाबन्द गर्ने कुरा यही तथ्यमा आधारित छ (२०६३ : २५७) । खाना खाँदा ठूला-ठूला गाँस हालेर खाने नेपाली परम्परा र चराले चारो टिपेझैं गरी भातका सिता-सिता टिपेर खाने जापानी परम्परा दाँज्दै नियात्राकार यसो भन्छन् - स्वास्थ्यका दृष्टिले भने चरीताले ख्वाइ स्वस्थ्यप्रद मानिन्छ, किनकि भोजन ससानो गाँसमा चपाउँदै-चपाउँदै बिस्तारै खानाले त्यो राम्ररी पच्छ । काकासनमा बसी भोजन ग्रहण गर्ने परम्परागत नेपाली पारा र बज्राशनमा बसी खाना खाने जापानी शैली पनि योग स्वास्थ्यका दृष्टिले उत्तम आसन मानिन्छन् । काकासनमा बस्दा साँप्राले पेट थिचेको हुन्छ र धेरै खाना खान सकिन्न, जुन स्वास्थ्यको लागि उत्तम मानिन्छ । बज्राशनमा बस्दा रक्त वहाव पेटको पाचन संस्थानमा केन्द्रित हुन्छ र खाना चाँडै पच्छ (२०६३ : ३५९/३६०) । यसरी भ्रमणका क्रममा विदेशी नागरिकहरूबाट सिकेका सामान्यभन्दा सामान्य तर स्वास्थ्य सम्बन्धी महत्त्वपूर्ण जानकारीहरू नियात्राकारले यस कृति मार्फत् दिएका छन् ।

### ४.२.७ प्रगतिवादिता

पहारी प्रगतिवादी विचारप्रति झुकाव राख्ने साहित्यकार हुन् र यो प्रवृत्ति **उत्तरी गोलार्द्धको एक फन्को** कृतिमा पनि पाइन्छ । अङ्ग्रेजहरूले गोर्खाली सेनाहरूप्रति गरेको अन्यायलाई नियात्राकारले यसरी प्रस्तुत गरेका छन् - अङ्ग्रेजहरूले एकातिरबाट हामीलाई हाम्रा विकास-निर्माणका कामहरूमा आर्थिक एवं प्राविधिक सहयोग गरेर गुन लाएका छन् भने अर्कोतिरबाट वीर बलभद्र कुँवरजस्ता आफ्ना शत्रु सेनाहरूको सालिक स्थापना गरेर होस् आफ्नो पक्षमा लड्ने अन्य गोर्खालीहरूको सालिक स्थापना गरेर होस् तिनीहरूको मुक्तकण्ठले प्रशंसा गरेका छन् । यसरी गोर्खाली सेनाहरूको उच्च मूल्याङ्कन गर्ने

अङ्ग्रेजहरूले आफ्ना विभेदकारी सैन्यसुविधा-नीतिद्वारा हामी गोर्खालीहरूको अपमान पनि गरेका छन् । गोर्खाली सेनाहरूप्रतिको पक्षपातपूर्ण रबैयाले यही कुरा भन्छ (२०६३ : ४६) । प्रगतिवादी विचार भएका नियात्राकारले साम्यवादी राज्यहरूको सकारात्मक पक्षलाई पनि आँखा चिम्लिएका भने छैनन् ।

कला र साहित्य मार्फत् पनि समाज परिवर्तनको इच्छा राख्दै नियात्राकार भन्छन् - कला र साहित्य वास्तविक जीवनको प्रतिनिधि मात्र भएर हुन्न । त्यो मार्गदर्शक पनि हुनुपर्छ र त्यसले अगुवाको भूमिका निर्वाह गर्नुपर्छ, तर त्यो वास्तविक जीवनको ठ्याम्मै विपरीत ढङ्गले प्रस्तुत हुनुहुन्न । मूलधारका भारतीय र नेपाली चलचित्ररूले गरिब र उपेक्षितहरूलाई सपनाको संसारमा बाँच्न सिकाएका छन् र नियतिवादी बनाएका छन् । परिवर्तनकामी चेतनालाई भुत्ते बनाउनु सिवाय तिनले कुनै नौलो सन्देश दिन सकेका छैनन् (२०६३ : ८४) । अमेरिकाको हुकुमी प्रवृत्तिलाई सङ्केत गर्दै नियात्राकार भन्छन् - अरू देशका आन्तरिक मामलाहरूमा हात नहालिकन र अरू देशका स्रोतसाधनहरूमा आँखा नगाडिकन अमेरिका आफ्नै देशमा अर्थात् स्वःस्थानमा बसिदिएको भए विश्वमा यति जनधनको क्षति हुनै पाउने थिएन । तिनले जे भनिन् ठीकै भनिन्, चाहे त्यो कुरा तिनको देशले बुझोस् या नबुझोस् । अमेरिकाले मात्र होइन, यस अर्थमा स्वःस्थानबाट विचलित हुने अरू राष्ट्रले पनि विश्वमा विनाश गरेका छन् । स्वःस्थान, स्वःसिद्धान्त र स्वःआस्थाबाट विचलित हुने नेताहरू र बुद्धिजीवीहरूले पनि उत्तिकै गद्दारी गरेका छन् (२०६३ : १२८) । नियात्राकारका अनुसार चाहे अमेरिकामा होस् या अन्यत्र यौनधन्दा अस्तित्वमा आउनु र मौलाउनुको प्रमुख कारण एउटै छ - त्यो हो महिलाहरूलाई भोग-विलासको रूपमा हेर्ने सामन्तवादी आँखा तथा उसलाई वस्तुसरह किनबेच गर्न सकिने पूँजीवादी धारणा (२०६३ : २०४) । नियात्राकार अझ अगाडि भन्छन् - आफ्नो मातहत र प्रभावमा रहेका केही मान्छेहरूले आफूलाई मानिदिएको भरमा हामीले आफूलाई सर्वमान्य र सर्वज्ञ ठान्नु हुँदैन । राष्ट्रिय अहङ्कार, क्षेत्रीय सङ्कीर्णता, जातीय जडता, धार्मिक कट्टरता र स्थानीय कूपमण्डुकताबाट मुक्त हुन अन्तरघुलन आवश्यक छ । अन्तरघुलनबिना सामाजिक रूपान्तरण सम्भव देखिन्न । त्यसका लागि सहयात्रा, सहभोज, सहवास र सहचिन्तन र भ्रमण आवश्यक छ ।..........ती विकसित राष्ट्रहरू नयाँ-नयाँ प्रविधि, कुशल व्यवस्थापन, सुशासन, कठोर परिश्रम, पेसामुखीपना र समयको सदुपयोगजस्ता गुणहरूले मात्रै समृद्ध नभई अन्तर्राष्ट्रिय व्यापार एवं गरिब देशहरूका प्राकृतिक स्रोत र श्रमको दोहनले पनि

मौलाएका हुन् (२०६३ : ४००) । नियात्राकारकै अनुसार हाम्रो देशले उनीहरूका आन्तरिक मामलामा बाह्र हातको टाँगोले पनि छुँदैन तर उनीहरूले हाम्रा आन्तरिक कुरामा पनि कूटनीतिक मर्यादा नाघेर औंलो घुसारिरहेका हुन्छन् । औंलो घुसार्न नदिए सहायता नदिने धम्की दिन्छन् । हामी आत्मनिर्भर हुन नखोजेकाले यस्तो धम्की र हस्तक्षेप बेहोर्न परेको हो । हामीसँग पनि आफ्नै पौरखले आत्म-निर्भर हुन सक्ने क्षमता छ, तर हामीलाई सधैं पराश्रयी बनाउन चाहने राष्ट्रहरूले यहाँका शासकहरूसँग मिलेर आत्मनिर्भर हुन दिएका छैनन् (२०६३ : ४०२) । नियात्राकारका यिनै विचारहरूले नै उनलाई प्रगतिवादी साहित्यकार बनाएको छ ।

उनका विभिन्न लेख रचना तथा नियात्राकै अध्ययनबाट साहित्यकर्मीहरूले गरेको मूल्याङ्कन यसप्रकार छ : दीनबन्धु शर्माका अनुसार - लेखकको प्रगतिशील एवम् राजनीतिक आग्रह पनि कृतिमा देखिन्छ । मध्य अमेरिकाको प्रसङ्गमा क्युबाका वामपन्थीहरूप्रति र अमेरिकाको चुनावमा पूँजीवादीका विरोधीहरूप्रति उहाँको सहानुभूति देखिन्छ । उहाँ पूँजीवादी संरचनाको समाज उन्नतिशील अवस्थामा रहेको देखेर भोगेर पनि त्यसको पतन हुने भविष्य देख्नुहुन्छ र पूर्वी युरोप वा सोभियत सङ्घको साम्यवाद उन्मुख भनिएको संरचनाको पतनलाई प्रत्यक्ष देखेर पनि त्यसलाई एउटा मोडेलको मात्र असफलता भन्दै कुनै दिन समाजवादी समाजको खुड्किलो हुँदै सच्चा साम्यवादी समाजको स्थापना हुन्छ भन्ने धारणाप्रति प्रकारान्तले सहमति जनाउनुहुन्छ (२०६३ : झ) । भवानीप्रसाद पाण्डेका अनुसार साहित्यकार त्यसमा पनि प्रगतिवादी साहित्यकार हुन चाहनेहरूमा असत्यसँग जुध्ने साहस र निर्भीकता हुनुपर्छ । हेमराजले यस प्रवृत्तिको पालना गरेको पाइन्छ (२०६७ : २८१) । जीवेन्द्रदेव गिरीका अनुसार उनी वामपन्थी थिए र कतिपय वामपन्थीहरू साम्राज्यवादीको संज्ञा दिँदै अमेरिकाको नाउँसम्म पनि उच्चारण गर्न चाहँदैनन् । उनले भने मनमा जे आयो त्यसलाई जस्ताको त्यस्तै सबैका सामु राखिदिए ( २०६७ : ३७) । गिरीकै अनुसार उनी **उत्तरी गोलार्द्धको एक फन्को**मा आफ्नो मुलुक नेपाल र यहाँको खराब शासन एवम् चलन व्यवहारबारे विभिन्न प्रसङ्गमा कुरा उक्काएका छन् । त्यसबाट उनी समाज बदल्न चाहन्छन् भन्ने कुरा स्पष्ट हुन्छ (२०६७ : ४०) । देवी नेपालका अनुसार वैचारिक स्पष्टता एवम् यथार्थवादी दृष्टिकोण नियात्राकार पहारीको उल्लेखनीय पक्ष हो । उनको अभिव्यक्तिमा समाजलाई हेर्ने मार्क्सवादी दृष्टि स्पष्ट रूपमा देखिन्छ । प्रस्तुत कृतिभित्रका ठाउँठाउँमा पाइने अभिव्यक्तिमा उनी पूँजीवादी मुलुकहरू (

अमेरिका आदि) भन्दा साम्यवादी शासन भएका मुलुकहरू (क्युबा आदि) तिर अलि बढी ढल्किएका देखिन्छन् । उनीभित्र रहेको प्रगतिशील वा प्रगतिवादी विचारधाराले यहाँ ठाउँठाउँमा पोखिने मौका पाएको छ (२०६७ : ४६) । देवी नेपालकै अनुसार उनीभित्र रहेको गरिबवर्गप्रतिको सहानुभूति वा भोका-नाङ्गाहरूको अधिकार-खोजीप्रतिको झुकाव र पुँजीवादी शासन-पद्धतिप्रतिको असन्तुष्टि धेरै ठाउँमा अभिव्यक्त भएको पाइन्छ । उनको सैद्धान्तिक मतभेद साधारण वा अन्धपरम्परावादी नभएर बौद्धिक एवम् तार्किक देखिन्छ । उनले असललाई असल र खराबलाई खराब भन्नमा कुनै कन्जुस्याइँ गरेका छैनन् (२०६७ : ४७) । कुञ्जराज थापाका अनुसार वास्तवमा उहाँले एक आदर्शवादी, यथार्थवादी, मार्क्सवादी चिन्तकका रूपमा आफूलाई प्रस्तुत गर्दै घटनाहरूलाई केलाउन खोज्नुभएको छ । उहाँ भन्नुहुन्छ - परिश्रम जीवनको मीठो फल हो, यसैले नै राष्ट्रलाई सक्षम बनाउँदै लान्छ त्यसैगरी समय नै धन हो यदि यसलाई पहिचान गर्न सकियो भने (२०६७ : १२४) । सरुविन्दका अनुसार वामपन्थी भएकै कारण विश्वका नामी लेखकहरू पुँजीवादी पुरस्कारका लागि योग्य मानिएनन् । उनीहरूको राजनीतिक जीवनलाई कृतिगत आधारमा उभ्याइयो । सायद हेमराज पहारीको कृतिगत मूल्याङ्कन पनि राज्यले ठीक यही ढङ्गले गऱ्यो । उनी सधैं नेपथ्यमा रहे । पुरस्कार, मानसम्मान र विभूषणका साङ्लाहरूले उनलाई ऐँठन गरेनन् । किनकि उनी सुरुदेखि अन्त्यसम्म वामपन्थी भएर रहे, वामपन्थी भएरै गए ( २०६७ : ४१७) । सकारात्मक परिवर्तनको चाहना राख्ने प्रगतिवादी विचारधाराका नियात्राकारलाई मूल्याङ्कन गर्दै विश्व शाक्य भन्छन् - वामपन्थी सोच र झुकाउ भएर पनि उहाँमा राजनैतिक दम्भ, उन्माद र पूर्वाग्रह भएको मलाई लागेन (२०६७ : ४०३) । यसरी उनको कृतिमा प्रस्तुत विचार तथा अन्य विश्लेषकहरूले गरेको समीक्षाका आधारमा उनी प्रगतिशील विचारधारामा साहित्यकार हुन् भन्ने कुरा प्रष्ट हुन्छ साथै यस कृतिमा पनि प्रशस्तै त्यस्ता प्रगतिवादी विचारहरू पाउन सकिन्छ ।

### ४.२.८ मानवतावादी चिन्तन

नियात्राकार भ्रमणमा हुँदा धेरै विदेशीहरूले मानवताकै आधारमा अत्यन्त सहयोग गरेका छन् भने कोहीकोहीचाहिँ मानवताको दायराबाट भाग्ने कोशिस गरेका छन् । होल्याण्डमा रेलको जाने र आउने टिकट एकैचोटि पेश गर्नुपर्ने अवस्थामा त्यहाँको कर्मचारीले नियात्राकारप्रति सहानुभूति प्रकट गरेर एकतर्फी टिकटकै आधारमा पनि भिसा

प्रदान गरेका थिए । पुनः होल्याण्ड आउन नसक्ने पहारीको अवस्थाप्रति लक्षित गर्दै त्यहाँका डचहरूले होल्याण्डबाट तुरुन्त लण्डन घुम्न जान सल्लाह दिँदै लण्डन आतेजाते पानीजहाजको टिकटको समेत उनीहरूले व्यवस्था गरिदिन्छन् । त्यस्तै लण्डन घुमाउने वाचा गरेको एलन भन्ने मित्र नियात्राकार त्यहाँ पुग्दा अन्यत्रै बसाइँ सरिसकेका रहेछन् तैपनि आफ्नो अनुपस्थितिमा एलनले त्यो काम उनकै सहनिवासीलाई जिम्मा लगाएर गएका थिए । लण्डनकै घरधनी पिटरले बुद्धको देशबाट आएका पहारीलाई देवदूत सरह व्यवहार गरेका थिए साथै कमजोर आर्थिक अवस्थालाई बुझेर सात समुद्रपारिको एउटा नेपालीलाई विश्वास गरेर घरको साँचो समेत सुम्पेका थिए । विदेशी मित्रहरूको सहयोगप्रति प्रफुल्लित हुँदै नियात्राकार भन्छन् - श्रमको सम्मान गर्ने, समयको सदुपयोग गर्ने, चर्को स्वरले नबोल्ने, नेपालीहरूलाई विशेष माया गर्ने मेरा बेलायती मित्रहरूलाई म कहिल्यै बिर्सन सक्दिन (२०६३ : ५३) । त्यस्तै होल्याण्डमा पिटर दम्पत्तीबाट पाएको अपार सहयोग र मानवीयताका कारण नियात्राकार पहारी यस्तो विचार व्यक्त गर्दछन् - मानिस रगतको नाताले र भौगोलिक निकटताले मात्र प्यारो हुन्न । ऊ एउटै जात, रङ्ग, भाषा, धर्म र एउटै आस्थाले मात्र पनि आत्मीय हुँदैन । मानिसलाई आत्मीय बनाउँछ कसैको सहयोगी व्यवहार र मायाले । मानिसलाई शीतलता प्रदान गर्दछ मित्ररूपी वृक्षका गाढा छायाँले ( २०६३ : ५५) । अमेरिका यात्राको व्यवस्था मिलाउने र यात्रा अवधिभरि नियात्राकारका मित्र ह्यारिगनले गरेको साथ र सहयोग कुनै स्वार्थ र नाताको कारणले गरिएको थिएन । विशुद्ध मानवताको सिङ्गो उदाहरण त उनै प्याट्रिक ह्यारिगन नै हुन् । औसत अमेरिकीभन्दा भिन्न, महान् विचार भएका, आफ्नै दाजुभाइजस्ता लाग्ने ह्यारिगनको मित्रप्रतिको आत्मबलिदानको भावनाले कृतज्ञ हुँदै पहारी भन्छन् - धेरैभन्दा धेरै ठाउँहरू आफ्नो नेपाली मित्रले देखोस् भन्ने उहाँको उदात्त चाहनासँग म राम्ररी परिचित भएँ । उहाँले मलाई न्युयोर्क झरेपछि अर्को जहाज समातेर मिसिगन आउनू भन्न सक्नुहुन्थ्यो । तर विचराले त्यसो पनि गर्नुभएन । उहाँ त बाह्र घण्टा ड्राइभ गरेर न्युयोर्क आउनुभयो र १९ घण्टा ड्राइभ गरेर उहाँले मलाई मिसिगन ल्याउनुभयो (२०६३ : ७३) । अपरिचित व्यक्तिहरूको मानवीय सहयोगकै कारण नियात्राकारले उत्तरी गोलार्द्धको फन्को मार्न सफल भएको छ ।

नियात्राकार अमेरिकामा हराउँदा, ३ पटक नेपाल आएका, नेपालीलाई माया गर्ने एक जना ट्याक्सी ड्राइभरले खुब सहयोग गरे । खानाको पैसा समेत तिरेर ती व्यक्तिले आफ्नै ट्याक्सीमा घर पुऱ्याइदिए र बक्लीबाट लेखकले उनलाई नेपालबाट ल्याएको

कोसेली समेत पठाएका थिए । त्यस्तै जापानी मित्र ओकामोतोले पहारीलाई घुमाउन असमर्थ हुँदा पैसा दिएका थिए । ओकामोतो दम्पत्तीको आतिथ्य र उदारताले पहारीलाई द्रवीभूत बनाएको थियो । टोकियोमा एकजना अपरिचितले निकै कम समयमा टोकियो टावरको दृश्यावलोकन गराएर फर्काएको थियो । यसरी नियात्राकारले मानवीय व्यवहार गर्ने ती पश्चिमेलीहरूको खुला हृदयले प्रशंसा गरेका छन् र आफूले पनि उनीहरूलाई सत्व्यवहार गरेका छन् ।

अर्कोतर्फ नैतिकताबाट भाग्न खोजेका केही व्यक्तिहरूमा मानवताको अभाव भएका केही प्रसङ्ग पनि पहारीले यस नियात्रामा उल्लेख गरेका छन् । हामीकहाँ एक्लै हिँडडुल, घुमफिर गर्ने अभ्यास नहुनुको एक कारण मानवीयताकै कमीलाई स्वीकार्दै पहारी भन्छन् - मानिसलाई जङ्गली जनावर, प्रतिकूल प्रकृति र विषालु कीटपतङ्गको भन्दा मानिसकै बढी त्रास छ । मानिसहरूमा पनि पुरुषवर्ग ज्यादै डरलाग्दो छ । मानिस अझै मायालु र सुसंस्कृत बन्न सकेको छैन (२०६३ : २८) । न्युयोर्क एयरपोर्टमा त्यहीँ बस्ने क्रिस र डेभिड व्यस्तताका कारण देखाई लिन नआएको, बर्क्लीमा प्याट्रिकले डेरा नपाएर केही दिन नियात्राकार अन्यत्रै बस्नुपर्ने बाध्यताका कारण एकजना नेपाली नरेन्द्र गुरुङलाई फोन गरी समस्या बताउँदा पनि लिन आउँछु भनी कहिल्यै नआएको घटनाबाट मानवताको कर्तव्यबाट पन्छिन खोज्ने नेपाली तथा विदेशीको दरिद्रता उजागर हुन्छ । अमेरिकीले हरेकले हरेकप्रति गर्ने कर्तव्य, सराहना, कृतज्ञता, धन्यवाद ज्ञापनजस्ता संस्कारहरू सम्झँदै नेपाली संस्कारसित यसरी दाँज्छन् - नेपालमा कतिपय सासूहरू बुहारीलाई फुर्क्याउनु हुन्न, फुर्क्याएमा मात्तिन्छन् भन्ने धारणा राख्छन्, तर यस्तो धारणा आधुनिक मनोविज्ञानसँग मेल खाँदैन । एक सराहनाको शब्दले मानिसको मनोबल बढ्छ भने र ऊ प्रोत्साहित हुन्छ भने एक शब्द खर्च गर्न किन कन्जुस्याइँ गर्ने ? बचनं किं दरिद्रम् ? ( २०६३ : १५२) । हरेक मानवले एकअर्कालाई विशुद्ध हृदयले साथ गरेमा हरेक ठाउँमा सुख तथा संवृद्धि छाउने नियात्राकारको धारणा स्पष्ट रूपमा आएको छ ।

विकासशील राष्ट्रप्रति सहयोग गरेको जस्तो देखाए पनि मानवीय कर्तव्य पालन गर्नपट्टि भन्दा बोट-बिरुवा, कुकुर-बिराला, बाल-बालिका र पशु-पन्छीप्रति बढी संवेदनशील हुने विकसित देश र त्यहाँका नागरिकहरूप्रति लक्षित गर्दै नियात्राकार भन्छन् - ती देशहरूले एउटा युद्धमा खर्च गर्ने पैसाले पचासवटा नेपालको कायापलट गर्न सकिन्छ । एउटा युद्धपोत र सयौं बमवर्षक विमान बनाउने पैसाले नेपालमा सबै जिल्लाहरूमा राम्रा-

राम्रा अस्पताल र विद्यालयहरू बनाउन सकिन्छ । एउटा धनाढ्यको परिवारले वर्षैभरि पिउने महंगो रक्सीको पैसाले हजारौं गरिब बिमारीहरूलाई स्लाइन पानी दिन सकिन्छ । तिनीहरूले गैरआधारभूत आवश्यकताका वाहियातका कुरामा उडाउने पैसाले हजारौं गरिबहरूको मुखमा माड लगाउन र कुपोषणले मर्ने बच्चाहरूलाई जीवनदान दिन सकिन्छ । विकसित देशहरूमा कुकुर-बिरालाहरूलाई पाल्ने वार्षिक खर्चले हजारौं अनाथहरूको आँसु पुछ्न सकिन्छ (२०६३ : ४०१) । यसरी नियात्राकारले यात्राका क्रममा पाएका प्रशस्त मानवीय साथ र सहयोगको वर्णन गर्नुका साथै कतिपय ठाउँमा मानवताको खडेरी परेकाले मानवीय कर्तव्यबाट भाग्न नहुने आशय पनि प्रकट गरेका छन् ।

## ४.२.९ सूचनामूलकता

अमेरिका धेरै जान चाहने, धेरैको सपनाको देश भएकाले अमेरिका जान चाहनेका लागि यो कृति सूचना मूलक बन्न पुगेको छ । त्यहाँको संस्कार, प्रविधिलगायत नीतिनियमको बारेमा समेत धेरै कुराहरू पढ्ने अवसर यसमा प्राप्त गर्न सकिन्छ । नियात्राकारका अनुसार अमेरिकामा काम गर्ने इजाजत पत्र (ग्रीनकार्ड) तिनले पाउँछन् जसले अमेरिकी महिला विवाह गरेका छन् या जसलाई अमेरिकी सरकारले काम गर्न बोलाएको छ या जोसँग करोडौंको व्यापार गर्न सक्ने सम्पत्ति छ या जसलाई अमेरिकी रोजगारदाताले विकल्पविहीन कामदारको रूपमा सरकार समक्ष भर्ना गर्न अनुरोध गरेका छन् या जसले डिभि भिजा प्राप्त गरेका छन् या जो बेलाबेलामा खुला गरिएका समावेशी कार्यक्रमहरूमा छानिन सफल भएका छन् (२०६३ : १३९) । अभिभावकको स्वीकृतिविना बालबच्चाहरूको फोटो खिच्न खोज्दा एकपटक नियात्राकारसामु प्रहरी आई सोधपुछ गरेको थियो । त्यो घटनापछि त्यहींका नेपालीबन्धुले नियात्राकारलाई यस्तो जानकारी गराएका थिए - यहाँ थुप्रै बालदुराचारीहरू छन् । तिनीहरूले बालबालिका चोरेर अश्लील चलचित्र बनाउँछन् र नाफा कुम्ल्याउँछन् । यो मुलुकमा कुनै अपरिचित बालबालिकालाई मायाले काखमा लिने र मिठाई दिने काम पनि नगर्नु होला । रोइरहेकालाई किन रोयौं भनेर पनि नसोध्नुहोला । यिनीहरू दुःख-पीडा पनि बाँड्दैनन् । एक्लै रुन चाहन्छन् । यहाँ कसैप्रति दयालु र मायालु बन्न खोज्दा बक्रदृष्टिले हेरिन्छ र बिनाकसुर फन्दामा पारिन्छ । यहाँ त अपरिचित व्यक्तिका घरमा जान पनि हुन्न । गएमा पुलिसको पक्राउमा परिन्छ (पहारी, २०६३ : १४८/१४९) ।

त्यस्तै 'थाहा पाउनुपर्ने अन्य कुराहरू' शीर्षक नै उल्लेख गरेर लेखकले अमेरिकामा रहँदा जान्नुपर्ने धेरै कुराहरू उल्लेख गरेका छन् । उनले फोनमा बोल्ने, सन्देश टिप्ने शैली, शिष्टाचारका शब्दहरू, खाने तरिका तथा संस्कार, विपरीत लिङ्गीप्रति घुलमिल हुने तरिका, प्रशंसा गर्दा, क्षमा माग्दा, पुरस्कार दिँदा-लिँदा बोल्ने शब्दहरू, सबैप्रति गर्नुपर्ने इमानदार आचरण, डक्टरको सिफारिसविना औषधी किन्न नपाइने व्यवस्था आदिबारे थुप्रै जानकारी यस शीर्षकमा दिएका छन् । अमेरिकामा काम गरी बस्ने व्यक्तिसँग परिचयपत्र, सामाजिक सुरक्षापत्र, द्रव्य उल्खननकारी प्लाष्टिकपत्र, गोल्डकार्ड, सवारी चालनको इजाजतपत्र, ग्रिनकार्ड आदि साथमै हुन्छन् । नियात्राकारका अनुसार गोल्डकार्ड भनेको एक प्रकारको ऋणपत्र हो । गहकिलो कमाइ भएको व्यक्तिलाई बैंकले गोल्डकार्ड (स्वर्णपत्र), डायमन्डकार्ड (हीरकपत्र) र प्लाटिनियमकार्ड प्रदान गर्दछ । यस्ता पत्रधारीहरूको सामाजिक प्रतिष्ठा उँचो भएको मानिन्छ । ग्रिनकार्ड भनेको अमेरिकामा काम पाउने इजाजतपत्र हो । यो पत्रविना काम गरी बसे त्यो काम र बसाइ अवैध हुन्छ (पहारी, २०६३ : ३३१) । अमेरिकामा घर भाडामा बस्दा प्रत्येक महिनाको भाडा र सुरक्षा रकम अग्रिम रूपमा दिइन्छ । घर छोड्ने बेलामा सरसफाइ गरी पहिलाको जस्तै बनाएर छाड्दा सुरक्षा रकम फिर्ता हुन्छ नत्र टुटफुट सामानमा त्यो रकम काटिने गर्दछ । यसरी अमेरिका तथा पश्चिमी मुलुकहरूको विभिन्न नीति नियमहरूको बारेमा जानकारी दिएर नियात्राकारले यस कृतिलाई सूचना मूलक समेत बनाएका छन् ।

## ४.२.१० अमेरिकी जीवनशैलीको चित्रण

विकास र प्रविधिले सम्पन्न अमेरिकामा कामको ज्याला राम्रो पाइन्छ, त्यहाँको समाज रुढिवादी छैन, अमेरिकीहरू पोसाकभन्दा कामलाई बढी महत्त्व दिन्छन् । मनको कुरा व्यक्त गरिहाल्ने हुनाले तिनीहरूलाई बुझ्न सजिलो हुन्छ र तिनीहरू इमानदार पनि हुन्छन् । अमेरिकीहरू युवावस्थामा काम नगरी बसे भने उनीहरूको वृद्धावस्थाको जीवन कष्टकर बन्छ । १८ वर्षपछि बाबुआमाको घर छाड्ने संस्कारले पनि आफ्नो हरेक खर्चहरू आफैंले पुऱ्याएर भविष्यको लागि कर तिरेर व्यवस्थित वृद्धाश्रमको व्यवस्था गर्नु उनीहरू सबैको साझा लक्ष्य हो । तलबको २५-३०% कर, बाँकी केही स्वास्थ्य बिमा, केही सवारी साधन बिमा, बालबच्चा हुनेको बालबच्चाका लागि खर्च आदिमा सकिन्छ । जति धेरै बिमा

गऱ्यो त्यति व्यस्त र तनावपूर्ण जीवन त बन्छ नै तर भविष्यमा त्यति नै धेरै सुरक्षित पनि हुन्छ । सेवा-निवृत्ति भएपछि मात्र आराम मिल्दछ ।

पश्चिमाहरू कामबाट यदाकदा फुर्सद मिलिहाले कतै घुम्ने, टिभी हेर्ने वा पत्रपत्रिका पढेर समय बिताउँछन् । छरछिमेकीसँग आवतजावत, सम्पर्क हुँदैन । असी-पचासी वर्षका एकल मानिसहरू पनि पुनर्विवाह गर्छन्, छुट्टै उत्साह र उमङ्गका साथ बाँच्छन् । नयाँ-नयाँ सीप, भाषा सिक्छन्, विदेश भ्रमण गर्छन् । घरका हरेक आफ्नो काम आफैं गर्छन्, आफ्नो अभाव आफैं पूरा गर्छन् । सबैले सबैको सम्मान गर्छन् । कसैले कसैलाई भेदभाव र घृणा गर्दैनन् । मन नपरेको कुरा मनमा नलुकाई व्यक्त गर्दछन् । कसैले कसैलाई बाधा पुऱ्याउँदैनन् । तिनीहरूको हरेक दिन तालिकामा बित्छ ।

अमेरिकी जीवनशैलीका थुप्रै सकारात्मक पक्ष भए पनि नकारात्मक पक्षविहीन भने हुन सकेको छैन । अमेरिकीहरू खुला हृदयका हुने हुनाले उनीहरूसँग मित्रता त सजिलै बस्छ तर त्यो सतही हुन्छ । बढी स्वतन्त्रता भएकाले हाइस्कुल पढ्दापढ्दैका किशोरीहरू आमा बन्न पुग्छन् । १८ वर्षपछि पनि बाबुआमाको घर बस्ने छोराछोरी नामर्द कहलाउँछन् । आफैंले जीवनसाथी रोज्न नसके विवाह हुन नसक्ने अवस्था उत्पन्न हुन्छ । आफन्त, पारिवारिक मेलमिलाप तथा महत्त्व निकै कम हुन्छ । नागरिकको अनुशासन तथा राज्य व्यवस्था अनुकरणीय भए पनि गरिब, मगन्ते, यौनव्यवसायी र भिखारीहरूको समस्या समाधान हुन सकेको छैन । यसरी अमेरिकी जीवनशैली तथा स्वभावलाई उल्लेख गर्दै सबल पक्षको प्रशंसा गरी दुर्वल पक्षलाई पनि उजागर गर्ने काम नियात्राकारले गरेका छन् ।

## ४.२.११ विदेशी दृष्टिमा नेपाल र नेपाली

नियात्राकार विदेश भ्रमणमा निस्कनु अगावै विदेशी पर्यटकसँग राम्रो हेलमेल बढेकाले उनीहरूसँग विदेशमा समेत सुमधुर सम्बन्ध स्थापित भयो । आ-आफ्ना दृष्टिकोण, जीवनशैली आदिको बारेमा खुला रुपमा आदानप्रदान भयो । तिनै मित्रहरूले गरेका व्यवहार, व्यक्त गरेका विचारहरूबाट नेपाल र नेपालीप्रतिको उनीहरूको दृष्टिकोण बुझ्न सकिन्छ ।

नेपालको जातभात, भ्रष्टाचार, ढिलासुस्ती र महिलाप्रतिको भेदभाव मन नपराउने अमेरिकी मित्र न्यान्सीका अनुसार नेपालको हरियाली, डाँडाकाँडा र हिमालमा चुम्बकीय

दृश्य छ । नेपालीहरू धनमा गरिब भए पनि मनका धनी छन् । थोत्रो लुगा लगाउने भरियाहरू हाँसीहाँसी भारी बोक्छन् । बिनाजुत्ता पैदल हिँड्छन् । तैपनि गुनासो गर्दैनन् । नेपालीहरूको आतिथ्य त झन् प्रशंसनीय छ । नेपालीले पाहुनाको लागि आफ्नो विस्तरा समेत छोड्छ (पहारी, २०६३ : १८८) । त्यस्तै नियात्राकारका अनुसार बेलायतीहरूले हामीलाई वीर, शूर र लडाकु जातिका रूपमा हेर्छन् भने अमेरिकीहरूले शान्त, मिलनसार र रमाइला मान्छेका रूपमा हेर्छन् । नेपाललाई चिन्ने अमेरिकीहरूले नेपालीलाई माया नै गरेको पाइयो । पहाड, पर्वत र पर्वतारोहणका सौखिन अमेरिकीले हामीलाई उच्च हिमाली शिखरका बासिन्दाका रूपमा हेर्छन् भने बुद्ध धर्मका अनुयायीहरूले हामीलाई सहिष्णु, अहिंसावादी र शान्त जातिका रूपमा हेर्छन् र हिन्दूधर्मका ज्ञाता र मर्मज्ञहरूले कैलाशपति शिवका सन्ततिका रूपमा हेर्छन् (पहारी, २०६३ : २०६) । त्यसैले पश्चिमेलीहरूको पारिवारिक विखण्डन नरुचाउनेहरू हाम्रो आत्मियता, सौहार्द्रताको प्रशंसा गर्दछन् । सोझा, सरल, इमानदार, परिवारोन्मुख, मित्रोन्मुख नेपालीहरूलाई पैसाको गरिब भए पनि मनको धनी मान्दछन् । गरिब भए पनि शान्त, सहिष्णु, हँसिला देख्छन् । विदेशीहरू नेपालको जातीय तथा लिङ्गीय विभेद, ढिलासुस्ती, भ्रष्टाचार बाहेक अन्य हरेक पक्षलाई मन पराउँछन् ।

### ४.२.१२ नेपालको अन्धपरम्परा तथा कमजोर पक्षको विरोध

नेपालको सुन्दरता, प्राकृतिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक सम्पदाको जति प्रशंसा गरेका छन् त्यति नै लेखकले यहाँका कमजोर पक्षको तथा अन्धपरम्परा, रुढिवादी संस्कार, विभेद लगायतका कुराहरूको पनि विरोध गरेका छन् । लेखकका अनुसार नेपालका हिन्दूहरू पशुपन्छी, बोटबिरुवा, श्रद्धेय नर-नारी तथा चीज-बीजलाई पूजा त गर्छन् तर अपहेलना धेरै गर्छन्, माया तथा महत्त्वबोध गर्दैनन् । शौचालय त के मन्दिरजस्तो पवित्र स्थललाई समेत दुर्गन्धित बनाउँछन् । खडेरी पर्दा जलश्रोतको उचित व्यवस्थापन गर्नपट्टि नलागेर नेपालका कुनै ठाउँहरूमा महिलालाई मध्यरातमा नाङ्गै हलो जोत्न लगाउँछन् । यहाँ चाकडी, चाप्लुसी, भनसुन, घुसखोरी उकासिएको छ । यहाँ प्रदूषणकारी थोत्रा गाडी, समयावधि समाप्त भएका औषधी, अनुदानित विषादि, निकै पुरानो प्रविधि, फोहोर-मैलाको थुप्रो छ । नेपालका साझा सम्पदा वेवारिसे सन्ततिहरूझैं

उपेक्षित र प्रताडित छन् । जनताको आर्थिक अवस्था अत्यन्त कमजोर छ । नेपालको कमजोर र फितलो कानुनका कारण मर्न नपर्ने मरिरहेका छन्, द्रव्यविहीन, लवीविहीन अग्रगमनकारी दण्डित छन्, झ्यालखानामा कोचिनुपर्नेहरू माला लगाएर हिँडिरहेका छन् । यहाँका विक्रेता, सरकारी कर्मचारी, नर्स, डक्टर लगायतका सेवा प्रदायकहरूमा पश्चिमेलीहरूको जस्तो विनम्रता, सेवाभाव, समर्पणभाव, पटक्कै छैन । नेपाल फोहोरको डङ्गुरजस्तो बन्दै छ, साँघुरा सडक छन्, सम्पूर्ण प्रदूषणहरूको घर बन्दैछ । आफ्नो वचनप्रति प्रतिबद्ध नरहने, समयको दुरूपयोग गर्ने, कामभन्दा कुरा बढी गर्नेहरूको जमात यहीँ छ । शास्त्रीय शैलीको गुजारामुखी कृषि प्रणालीबाट युवा पुस्ता भाग्दै छ । निर्धारित समयको मूल्य छैन । यी आदि थुप्रै कमजोरी तथा नकारात्मक पक्षहरूको चर्चा लेखकले गरेका छन् ।

यसका साथै नेपालको पुरुषप्रधान समाजको विकृति र यसबाट उत्पन्न भेदभावलाई पनि उनले थुप्रै ठाउँमा उजागर गरेका छन्, पुरुषप्रधान सोंचलाई प्रगतिको बाधक ठहऱ्याएका छन् । नेपाली महिलाहरू परम्परागत चुलोमा निकै कष्ट पूर्वक खाना पकाउँछन्, परिवारका सम्पूर्ण सदस्यलाई पर्खेर, खुवाएर मात्र चिसो खाना खान्छन्, जुठेल्नामा बसेर एक डोको भाँडा माझ्छन् । यो उनीहरूको विवशता हो । नेपालमा घरायसी काम गर्ने, भाँडा माझ्ने लोग्ने मान्छे लज्जाबोध गर्छ, जोइटिङ्ग्रे ठहरिन्छ, हुनेखाने नै रहेछ भने कन्जुस ठहरिन्छ । सासूहरू बुहारीलाई माया गर्नै नहुने ठान्छन् ।

पुरुषप्रधान समाजको परनिर्भरतामा हुर्केका स्वयम् नियात्राकार पहारीको आत्मनिर्भर पश्चिमी समाजमा पुगेपछि आँखा खुल्छ र भन्छन् - हामी पुरुषप्रधान समाजमा हुर्केका हुनाले सबै काम घरका गृहिणीहरूले गरिदिऊन् भन्ने चाहँदा रहेछौं र गाग्रीको पानीधरि आफूले सारेर नखाँदा रहेछौं । काखमा लिएको बच्चाले दिसा गर्दा 'ए फलानाकी आमा बच्चाले फोहोर गऱ्यो स्यार्न आइजा' भन्दा रहेछौं र बच्चाकी आमा खाँदा-खाँदैको चिया छाडेर दिसा ततेर्न आइपुग्नुपर्छ । मानौं कि यो बच्चा आफ्नो तर त्यसले गरेको फोहोर त्यो बच्चाकी आमाको हो । काखमा लिने दायित्व बाबुको हो तर सिँगान पुछिदिने दायित्व आमाको हो । यस्ता मूल्य र मान्यतामा हुर्केका हामीलाई पाइला-पाइलामा ठेस लाग्छ (पहारी, २०६३ : २११) । नियात्राकार अझ अगाडि भन्छन् - हामीकहाँ श्रीमान्को अधोवस्त्र धुने श्रीमती पोइटिङ्ग्रे हुन्न तर श्रीमतीको पेटीकोट धुने श्रीमान् जोइटिङ्ग्रे हुन्छ । हामीमा विद्यमान सामन्ती संस्कार र सस्तो श्रमको सहज

प्राप्तिले गर्दा हामीलाई बाबुसाहेब बनाएको छ (२०६३ : ३५९) । यसरी उनले नेपालको प्रशासनिक, आर्थिक, कानुनी कमजोरीसँगै अन्धपरम्पराले जन्माएका वर्षौं पुराना विभेदहरूलाई पनि उजागर गरेर त्यसलाई पन्छाउनुपर्ने र आधुनिक तथा सभ्य बन्नुपर्ने तथ्य अगाडि सारेका छन् ।

## ४.२.१३ ह्यारिगनप्रति समर्पण

अमेरिकाको मिसिगन राज्यमा बस्ने प्याट्रिक ह्यारिगन नेपाल र नेपालीलाई माया गर्ने विदेशी पर्यटक हुन् । यिनै पर्यटकसँग फेवातालमा पौडी खेल्ने क्रममा चिनजान भई लेखकको मित्रता कायम भएको थियो । उनै मित्रले लेखकको हैसियत बुझेर युरोप झर्न पाउने, जापान भएर फर्कन पाउने सुविधा सहितको जहाज खर्च बेहोरेर टिकट पठाई अमेरिका घुम्ने निम्ता दिएका थिए । नेपाल घुम्न आउँदा जर्मनीमा गाडी चलाउने काम गर्दै गरेका प्याट्रिक त्यतिबेला भने विद्यार्थी थिए । एक विद्यार्थीले नेपालीप्रति एउटा दुर्लभ यात्राको अवसर प्रदान गरेकाले लेखक अत्यन्त आभारी छन् । उनैको त्यो अवसरको कारणले नै अहिले हामीमाझ यो कृति जन्मन सफल भएको हो । नेपथ्यमा रहेर अत्यन्त सहयोग गर्ने यी मित्रले अमेरिका बसुञ्जेल पनि लेखकलाई आफ्नो जीवनमै समावेश गरेर हरेकपल साथ दिएका छन् ।

अमेरिकाको मिसिगनबाट न्युयोर्कमा १२ घण्टाको ड्राइभिङ गरेर लेखकलाई आफैं लिन पुगेका र १९ घण्टा ड्राइभ गरेर मिसिगन लगेका मित्र प्याट्रिकको त्यो समर्पणको प्रशंसा गरेर साध्य नै छैन । औसत अमेरिकीभन्दा भिन्न, महान्, आफ्नै दाजुभाइको जस्तो सहयोग गर्ने ती मित्रको महानताले लेखकका आँखा रसाएका छन् र उनले ह्यारिगनसामु हार्दिक कृतज्ञता प्रकट गरेका छन् । नेपाली जीवनशैली, संस्कार, संस्कृति बुझेका ती मित्रले नेपाली मित्र पहारीमा साँस्कृतिक चोटपटक नलागोस् भनेर अमेरिकी संस्कार तथा जीवनशैलीको परिचय पनि मजाले दिएका छन् । त्यो पनि भूतपूर्व शिक्षक पहारीको सम्मान गर्दै । ह्यारिगनका ती साथ र सहयोगप्रति कतै पनि कमजोरी बनाएर लेखकले दुरुपयोग गरेका छैनन् र ह्यारिगनले पनि त्यसको फाइदा उठाएर लेखकको मन दुखाउने काम बिर्सिएर पनि गरेका छैनन् ।

आध्यात्मिक विचारधाराका प्याट्रिक अन्य पश्चिमेलीजस्ता स्वच्छन्दपाराका नभएकै कारण पनि उनीसँग लेखकको बसाइँ समस्याजनक नभई सुखद रहेको तथ्य उजागर भएको छ । उनीसँग अमेरिकाका विभिन्न राज्यहरू त सँगै घुमे नै त्ससँगै विभिन्न धर्मका मठमन्दिरहरू समेत पुग्ने र त्यहाँको साँस्कृतिक, धार्मिक महत्त्व बुझ्ने अवसर पनि प्राप्त गरे । लेखक र ह्यारिगनको मित्रता धार्मिक आस्था र राजनीतिक विचारभन्दा निकै माथि थियो । विदेश यात्राको त्यत्रो चाँजोपाँजो मिलाउने मित्रको पढाइका कारण आर्थिक अवस्था कमजोर हुँदा लेखकले सक्दो आर्थिक सहयोग गरेका छन् तर त्यसलाई स्वीकार्दा ह्यारिगनको आँखा आँसुले छचल्किएको थियो । यसरी हरेक पक्ष तथा क्षेत्रबाट सहयोग गर्ने मित्र ह्यारिगनप्रति किताबभरि नै आभार त प्रकट गरेका छन् नै यो सिङ्गो कृति नै लेखकले उनै अनन्य मित्रमा समर्पण गरेका छन् ।

## ४.२.१४ तस्वीर र चित्रहरूको प्रयोग

नियात्राकार पहारीले आफ्नो कृतिलाई जीवन्त बनाउनका लागि कतिपय शीर्षकहरूका पृष्ठमा यात्राका क्रममा खिचिएका तस्वीरहरू समेत राखेका छन् । ती तस्वीरहरूसँगै विभिन्न देशको भौगोलिक अवस्थिति जनाउने नक्साहरूको पनि व्यापक प्रयोग गरेका छन् । आवरण पृष्ठमै उत्तरी गोलार्द्धको नक्सा अंकित गरेका पहारीले कतै सहर, कतै व्यक्ति, कतै विभिन्न देशका नक्सा, नदी आदिका तस्वीरहरू राखेर कृतिलाई अझ आकर्षक बनाउने काम गरेका छन् ।

यस नियात्राको पृष्ठ ६ मा नेपाल, भारत लगायतका देशहरू स्पष्ट देखिने नक्सा, पृ. ९ मा मित्र रामनारायणको परिवारसँग नियात्राकार सहितको नयाँ दिल्लीमा खिचिएको तस्वीर, पृ. १० मा एसिया महादेशका सम्पूर्ण देशहरू देखिने नक्सा, पृ. १३ मा जर्मनीको फ्र्याङ्कफर्ट सहरको तस्वीर, पृ. २३ मा जर्मनी, होल्याण्ड लगायतका देशहरूको नक्सा, पृ. २६ मा डच मित्रहरूसँग लेखक सहितको फोटो, पृ. ३१ मा डच बालबालिकाहरूसँग लेखक सहितको तस्वीर, पृ. ३३ मा सेभेनिङगनस्थित कुरहाउस नामक प्राचीन होटलको तस्वीर, पृ. ३५ मा देहागस्थित बिनेन होफ नामक सरकारी भवनको तस्वीर, पृ. ३९ मा युरोप महादेशको नक्सा, पृ. ४० मा होल्याण्ड, फ्रान्स, स्वीट्जरल्याण्ड लगायतका देशहरूको नक्सा, पृ. ५५ मा लण्डनस्थित बीगबेन र टेम्स नदीको तस्वीर, पृ. ६६ मा अन्टार्टिका बाहेक ६ वटै महादेश देखिएको नक्सा, पृ. ७४ मा न्युयोर्कस्थित स्वतन्त्रताकी

देवी र जुम्ल्याहा भवनहरूको तस्वीर, पृ. ७६ मा लेखक र उनका अनन्य मित्र प्याट्रिक ह्यारिगनको तस्वीर, पृ. ७८ मा प्याट्रिकको घरअगाडि लेखक, प्याट्रिक र अन्य सदस्यहरूसँग को सामूहिक तस्वीर, पृ. ८१ म ह्यारिगन परिवारसँग खाना खाँदाको तस्वीर, पृ. ८५ मा लेखक, प्याट्रिककी बहिनी र भान्जाको संयुक्त तस्वीर, पृ. १०४ मा अमेरिकाको ५० वटै राज्यहरू देखिने नक्सा, पृ. १०७ मा उत्तर र दक्षिण अमेरिकाको नक्सा, पृ. ११३ मा लेखक, जीवन र सिड्नीले स्केटिङ गर्दाको तस्वीर, पृ. १२० मा लेखक र नरेन्द्र गुरुङको छोरा-छोरीको संयुक्त तस्वीर, पृ. १४९ मा अमेरिकी मित्रहरूसँग लेखकको तस्वीर, पृ. १५२ मा युसी बर्क्लीको परिसरको तस्वीर, पृ. १५७ मा विदेशमा नेपाली लोकनृत्य प्रदर्शन गरेको तस्वीर, पृ. १६१ मा दक्षिणी गोलार्द्धको नक्सा, पृ. १७६ मा लेखकले अमेरिकी विद्यालयभित्र पढाउँदाको तस्वीर, पृ. १७७ मा रेलको चित्र, पृ. २१३ मा मेक्सिको लगायतका केही देश तथा महासागरको नक्सा, पृ. २२३ मा सनफ्रान्सिस्को सहरको तस्वीर, पृ. २४२ मा पश्चिमी र पूर्वी गोलार्द्धको नक्सा, पृ. २५३ मा पाङ्ग्रे कुर्सीमा एक अपाङ्ग प्रदर्शनी हेर्दै गरेको तस्वीर, पृ. २५७ मा विदेशमा नेपाली चाडबाडमा जमघट भएका नेपालीहरूको तस्वीर, पृ. २६६ मा क्रिस्मसमा लेखकका मित्र बिल र उनकी आमासँगको तस्वीर, पृ. २९१ म अलास्काका आदिवासी एस्किमोहरूको तस्वीर, पृ. २९२ मा अलास्काको नक्सा, पृ. २९७ मा मित्र फिलिप तथा अलास्काको पाङ्ग्रे र मूल घरको तस्वीर, पृ. ३०१ मा एक मुस भन्ने जनावरको तस्वीर, पृ. ३०४ मा गुनबहादुर र ज्योति तथा उनीहरूका छोराछोरीका तस्वीर, पृ. ३१२ मा रवि दाइ, लेखक सहित अलास्का निवासी नेपाली बन्धुहरूसँगको तस्वीर, पृ. ३२५ मा सामाजिक सुरक्षाकार्ड, परिचय पत्र र सवारी चलाउने अनुमति पत्रको तस्वीर, पृ. ३४४ मा उत्तरी गोलार्द्धको नक्सा, पृ. ३४५ मा आदिवासी अमेरिकी इन्डियनहरूले आधुनिक पहिरन लगाएको तस्वीर, पृ. ३५१ म जापानको नक्सा, पृ. ३५४ मा अन्तर्राष्ट्रिय तिथिरेखा देखिने नक्सा, पृ. ३५७ मा लेखक, ओकामोतो दम्पत्तीको संयुक्त तस्वीर, पृ. ३७८ मा नेपाल, हङकङ लगायतका देशहरूको नक्सा, पृ. ३८६ मा लेखकको हङकङमा खिचिएको तस्वीर, पृ. ३९० मा नेपाल फर्किंदा विमानस्थलमा आफन्तहरूसँग खिचिएको तस्वीर, पृ. ३९४ मा उत्तरी गोलार्द्धको नक्सा, पृ. ४०४ देखि ४०९ सम्म विभिन्न देश, महादेश तथा गोलार्द्धका नक्साहरू उतारेका छन् ।

यसरी उनले यस कृतिमा तस्वीर, नक्साहरूको व्यापक रूपमा प्रयोग गरेका छन् । कतैकतै भने फोटो खिचिएको कुरा उल्लेख गरे पनि तस्वीर अभाव भएको भेटिन्छ । जस्तै

: हाइडेको एक स्कुलको छात्रछात्रा र शिक्षकहरूसँग बसेर खिचिएको फोटो (पृ. ६३), मेक्सिकोमा गधामा चढेर खिचिएको फोटो (पृ. २१४), नेपालप्रेमी अमेरिकी दम्पत्तीको फोटो (पृ. ३१०) आदि खिचिएको जानकारी दिएर पनि ती तस्वीरहरू समेटेका छैनन् । सन्फ्रान्सिस्को सहर घुम्दा क्यामरा हराएर धेरै अभिलेख हराउँदाको नमीठो पनि उनले पोखेका छन् । केही तस्वीर राख्न नसके पनि अत्याधिक तस्वीर र नक्साहरूको प्रयोग पहारीले यस कृतिमा गरेका छन् ।

## ४.२.१५ नियतिवादप्रति विश्वास

हामी भाग्यमा धेरै विश्वास गर्ने संस्कारमा हुर्केका मानिस हौं । हाम्रो भाग्य छैंटौं दिनमा भावीले नै कोरेको हुन्छ रे । यही सोंचाइबीच हुर्केका लेखक पनि नियतिमा खुब विश्वास गर्छन् । यो संस्कृतिसँगै लेखकको जीवनी अध्ययन गर्दा नियतिले उनलाई विभिन्न ठाउँमा सहारा दिएको छ भने कतिपय ठाउँमा पछारेको पनि छ र नियतिकै कारण लेखकले दुर्घटनाको सिकार बनेर अल्पायुमै थुप्रै कामहरू थाँती राखेर यस धर्तीबाट बिदा लिनुपरेको छ ।

लेखक डेनाली राष्ट्रिय निकुञ्ज घुम्न जाँदा डेनियल भन्ने मित्रलाई भेट्न असमर्थ हुन्छन् । साह्रै महङ्गो होटलमा बस्न पनि उनको आँट आउँदैन । पाल टाँगेर बस्न खोज्दा जङ्गली जनावरको डरले बस्न सक्दैनन् । त्यो अत्यन्त समस्याजनक अवस्थामा उनको भेट अचानक खोजकै मित्र डेनियलसँग हुन्छ । यहाँनेर उनको भाग्यले साथ दिएको देखिन्छ । फेयरबैंकबाट केही नेपालीहरूसँग 'प्याक्सन लेक' घुम्न जाँदा लेखकको नेपालप्रेमी अमेरिकी दम्पत्तीसँग भेट हुन्छ र उनीहरूको आत्मीयताको प्रशंसा गर्दै उनीहरूसँगको भेटलाई नियात्राकार भाग्यकै उपज मान्छन् र भन्छन् - कहाँ हो कहाँका र कता हो कताका चार दिसाका मान्छे उत्तरी गोलार्द्धको सुमेरु वृत्तको आसपासमा अवस्थित एउटा रमणीय तालमा भेट हुनु पनि एउटा भाग्यकै कुरा हो । यहाँ हामी पुनः यसरी भेट हुन सक्दैनौं ( पहारी, २०६३ : ३११) । लेखक अमेरिकामा हुँदा विभिन्न घटनाहरू घट्छन् । नेपालमा सत्याग्रहको आन्दोलन भएको थियो । स्पेन, अमेरिका, जापान, बेलायतमा विभिन्न हवाइ दुर्घटना भएको थियो । लेखक जर्मनीको फ्र्याङ्कफर्ट विमानस्थलमा उत्रनु अघिल्लो दिन ठूलो विष्फोट भएको थियो । यी सबैबाट बच्न सक्नुको पछाडि लेखक संयोग वा नियतिकै कारण मान्दछन् ।

दोश्रो विवाह गरेर पनि सन्तान विहिन हुनुपरेका लेखकले अभिभावकीय जिम्मेवारी भने सफलता पूर्वक निर्वाह गरे । अमेरिका जाने उत्कट इच्छाकै कारण १६ वर्षसम्म मल्टि-पर्पस हाइस्कुल पोखरामा नै टाँसिएर बसेका लेखकको इच्छा पूरा नहुँदै शिक्षकहरूलाई अमेरिकामा तालिम दिने अमेरिकी कोटा बन्द हुन पुग्यो । फेवातालमा पौडी खेल्दा भेटिएको विदेशी मित्रको सहायताले उत्तरी गोलार्द्धको फन्को मार्न सफल भए । विभिन्न स्वदेशी तथा विदेशी मित्रहरूको सहारा पाए । जो कोहीलाई यस्तो अवसर प्राप्त हुँदैन । हरेक स्थानमा कोही न कोही उनको सहारा दिन आइपुग्छन् । विदेश यात्रालाई सदुपयोग गर्दै आफ्नो आर्थिक अवस्थालाई पनि सवल बनाउन पुग्छन् । अवकास प्राप्त हुने बेलाको शिक्षकको जागिर उनको हातबाट गुम्छ । ग्रिनकार्ड पाएका एक नेपाली फर्केर नेपाली आमाकै शरणमा आई साहित्य तथा समाजको सेवा गर्दै आफ्नो नाम अमर बनाउने बाटोमा अग्रसर हुन्छन् । समाजसेवा गर्दागर्दै मोटरसाइकलले ठक्कर दिएर उनको भौतिक इहलिला सदाका  लागि समाप्त हुन्छ । कहिले अभिभावक, कहिले शिक्षक, शिशु, मित्र, समाजसेवी, साहित्यकार आदिको भूमिका निर्वाह गर्दागर्दै यस धर्तीलाई छाडेका स्वर्गीय पहारीको जीवनमा विभिन्न खालको परीक्षा लिएर वास्तविक जीवनमा भने लेखकलाई हराएर नियतिले जितेको छ । प्रकाशोन्मुख थुप्रै रचना तथा थालिएका थुप्रै कामहरू टुहुरा भएका छन् ।

## ४.२.१६ कृतिगत/लेखकीय विचार वा सन्देश

लेखकले यस कृतिमा यात्राको सरसर्ती वर्णन मात्र नगरेर पश्चिमी संस्कार तथा संस्कृति, भाषा, साहित्य, भूगोल, इतिहास आदिको बारेमा जानकारी, नेपालसँगको तुलना, सकारात्मक र नकारात्मक हरेक पक्षको जानकारी प्रस्तुत गरेका छन् । विभिन्न भूगोलका नक्साहरू समावेश गरी अमेरिका जान चाहनेहरूका लागि विविध ज्ञान समेत दिएका छन् ।

यस कृतिबाट हामीले विविध सूचनाका साथै सन्देश पनि प्राप्त गर्न सक्छौं । जीवेन्द्रदेव गिरीका अनुसार उनी अमेरिका पुगून् वा बेलायत, जर्मनी डुलून् वा जापान उनले आँखा चिम्म गरेर त्यहाँको प्रशंसाको गीत गाएका छैनन् । त्यहाँको व्यक्तिगत स्वतन्त्रताको कुरा गर्दा त्यसबाट पारिवारिक जीवनमा परेको असरबारे पनि तुरुन्तै टिप्पणी गरेका छन् । त्यहाँको कु-संस्कृतिको पनि आलोचना गरेका छन् । अमेरिकालाई अवसरको

स्वर्णपुरी भने पनि त्यहाँ विद्यमान एकल जीवन, छाडा यौन अनि भोकानाङ्गाका समस्यातिर पनि उनका तिखा नजर पुगेका छन् (२०६७ : ३९) ।

विज्ञानका चमत्कारहरू हेरेर त्यसको नक्कल गरी हामी जस्ता अल्पविकसित राष्ट्रहरू पनि विकसित राष्ट्र बन्न सक्ने विभिन्न उपायहरू उनले दिएका छन् । होल्याण्ड (नेदरल्याण्ड) भ्रमणका क्रममा पहारी भन्छन् - यहाँ नहरहरू बनाएर नदीको पानीलाई उपयोग गरिन्छ र बढी भएको पानी वायु सञ्चालित पम्पहरूद्वारा महासागरमा फ्याँकिन्छ । होल्याण्डले अपनाएको यो तरिका प्रकृतिको प्रकोपसँग जुधिरहेका मानिसहरूको लागि एउटा ठूलो पाठशाला हो (२०६३ : २७) । लेखक हामीसँग अमूल्य प्राकृतिक सम्पदा, बहुउपयोगी वस्तुहरू हुँदाहुँदै तिनीहरूको पेवाधिकार समेत आफूमा सुरक्षित राख्न नसकेको बताउँदै हामी सम्पन्न हुनको लागि ती सम्पदाहरूको उचित परिचालन, व्यवस्थापन र वितरण गर्नुपर्ने सन्देश उनले दिएका छन् । त्यस्तै विदेश भ्रमणमा निस्कनुअघि आफ्नो देश र यहाँको पहिचानको पूर्ण रूपमा ज्ञान लिएर जाँदा आफूप्रति विदेशीहरू आकर्षित हुने उनको अनुभव छ । विदेशीहरू नेपालको सगरमाथा, बुद्ध, हिन्दूत्व आदिको बारेमा अझ धेरै हामीबाट जान्न चाहन्छन् ।

पश्चिमाहरू कमाउन सक्ने हुँदा नै कर तिरेर वृद्ध अवस्थाको लागि उचित वृद्धाश्रम तय गरिसकेका हुन्छन् । हामीकहाँ भने वृद्धाश्रमप्रतिको नकारात्मक धारणा रहेकाले त्यसलाई हटाउनुपर्ने उनको विचार छ किनभने घरको सीप, ज्ञान, परिस्थितिले व्यक्तिको उचित स्याहारसुसार गर्न नसकिने हुनाले बच्चाबच्चीलाई शिशुस्याहार केन्द्र, किशोरकिशोरीलाई विद्यालयमा, युवायुवतीलाई जीवन संघर्षको लडाइँमा र वृद्धवृद्धालाई सुव्यवस्थित वृद्धालयमा राखिन्छ । अमेरिकामा विद्यार्थीहरूलाई सरल तरिकाले पढाइन्छ । विद्यार्थीहरूको इच्छा विपरीत नभई लाभदायक रूपमा विभिन्न उपायहरू अपनाएर पढाइने हुँदा पश्चिमीहरू गुणात्मक ज्ञान हासिल गर्दछन् त्यसैले पाठ्य कुरालाई श्रव्य र दृश्य बनाउन सके त्यो छिटो सिकिने लेखक बताउँछन् ।

कुनै पनि काम गर्दा निहुरिएर गरे ढाड दुख्छ, चाँडै कुप्रो भइन्छ । दुइटा साँप्रा, पाखुरा र घुँडाको बलले भारी उचाल्दा शरीरलाई असर नगर्ने कुरा पनि लेखकले पाठकहरूलाई सिकाएका छन् । खाना खाँदा, पढ्दा समेत मेरुदण्ड सिधा बनाउनुपर्ने कुरा उनले बताएका छन् । त्यस्तै कुनै पनि मान्छे सम्झौताबिना नयाँ व्यक्ति, नयाँ परिवेशमा

रमाएर बस्न पटक्कै सक्दैन । लेखकमा अमेरिकाप्रति वितृष्णा पैदा हुँदा एकपटक मित्र एरिकले लेखकलाई आफ्नो अपेक्षा बदल्नुपर्ने सन्देश दिएका छन् ।

तीतो सत्यलाई उजागर गर्दै मित्रको स्मरणमा पहारी भन्छन् - कुनै पनि ठाउँ र परिस्थितिमा रमाएर बस्नलाई आफ्नो अपेक्षालाई बदल्नै पर्छ यदि त्यस्ता ठाउँ, व्यक्ति र परिस्थिति अपरिवर्तनीय छन् भने । आफ्नो अपेक्षालाई घटबढ गर्न नसक्नेहरू परिवारसँग या अरू कसैसँग पनि मिलेर बस्न सक्दैनन् । यस्ता व्यक्तिहरू सदासर्वदा समायोजनको समस्याले ग्रस्त हुन्छन् (पहारी, २०६३ : १९२/१९३) । जीवन आश्चर्यहरूको घर हो । हामीले नसोचेको कुरा पाउँछौं, सोचेको प्राप्त गर्न सक्दैनौं त्यसैले जीवनलाई उनी लक्षित कुराहरूको अप्राप्ति र अलक्षित कुराहरूको प्राप्ति ठानेर हरेक कुरा स्वीकार्नुपर्ने धारणा राख्छन् । विकसित राष्ट्रहरूमा परिचय पत्रलाई दिइने महत्त्वलाई हृदयङ्गम गर्दै लेखक भन्छन् - नेपालमा पनि यस्तो परिचयपत्रको व्यवस्था र अनिवार्यता गर्न सके कतिपय प्रकारका विकृतिहरूलाई निराकरण गर्न र कयौं राम्रा कुराहरूलाई सुव्यवस्थित गर्न सकिने थियो । चुनावमा हुने धाँधलीलाई न्यूनीकरण गर्न र अनुदानित वस्तुलाई लक्षितवर्गका व्यक्तिहरूमा पुऱ्याउन परिचयपत्रको नितान्त खाँचो छ (२०६३ : ३२६) । यसरी उनले यस कृतिमा विभिन्न विषयका खुराकहरू पस्केर यसलाई हरेक तहका व्यक्तिहरूले पढ्नुपर्ने सन्देश मूलक कृति बनाएका छन् ।

## ४.३ भाषाशैली

नियात्राकार पहारीमा साहित्यप्रतिको अभिरुचि स्कुलदेखि नै थियो । त्यतिबेलादेखि नै उनले थुप्रै लेख रचनाहरू प्रकाशित गरिसकेका थिए । उनका रचनाका भाषाशैली पनि क्रमशः परिष्कृत हुँदै गएको पाउन सकिन्छ । जीवेन्द्रदेव गिरीका अनुसार **उत्तरी गोलार्द्धको एक फन्को** पढ्दा यो एक विज्ञान शिक्षकको नभई सिद्धहस्त साहित्यिकको अभिव्यक्ति हो भन्ने अनुभव हुन्छ । लेखनाथ, भूपि, धर्मराज थापा आदिका साथै संस्कृत साहित्यका उद्धरण समेत प्रस्तुत गरी आफ्नो भनाइका दृष्टान्त दिने अनि विभिन्न उखानटुक्काको प्रयोगद्वारा अभिव्यक्तिलाई जीवन्त तुल्याउने काम नियात्राकारले यसमा गरेका छन् । विभिन्न आकर्षक शीर्षकमा छोटाछोटा निबन्धका छाँटले शृङ्खलाबद्ध तुल्याई प्रस्तुत गरिएका यहाँका विषयवस्तुका हाँगाहरू निकै झ्याङिएका छन् । उनले चहारेका विद्यालय,

सङ्ग्रहालय, उद्यान, साँस्कृतिक कार्यक्रम, हाटबजार, सहर र बस्तीहरू, गाडी र जहाजका यात्राहरू आदि सबैको विषय र प्रस्तुति अर्थपूर्ण छ । यहाँका संवादका टुक्राहरू पनि उत्तिकै रोचक छन् । भाषाको प्रवाह स्पष्टता र छरितोपना यस कृतिको अर्को उल्लेख्य पक्ष हो (२०६७ : ४१) ।

पहारीले आलङ्कारिक शैली अपनाई कृतिलाई काव्यात्मक बनाएको तथ्य उजागर गर्दै देवी नेपाल भन्छन् - गद्य अभिव्यक्तिभित्र पाइने कवितात्मक तरङ्ग नियात्राकारको हेमराज पहारीको अर्को उल्लेखनीय विशेषता हो । यहाँ कतैकतै नियात्राकार पहारीलाई कवि पहारीले अतिक्रमण गरेजस्तो लाग्छ । आलङ्कारिक प्रस्तुति र व्यञ्जनात्मक बिम्बयोजनाले अभिव्यक्तिमा प्रभावकारिता थपिएको पाइन्छ (२०६७ : ४७) । रविलाल अधिकारीका अनुसार लेखाइएका सन्दर्भमा भाषिक सुन्दरता र आलङ्कारिकतालाई पनि नियात्राकारले समेट्नुभएको छ । विश्वबजारलाई विशाल काय हात्ती र जापानलाई सानो माउतेमा आरोप गरेको माथिको अभिव्यक्ति एउटा आलङ्कारिक अभिव्यक्तिको नमुना हो । भूमिकालेखक डा. दीनबन्धुजीले उल्लेख गरेको “अमेरिकामा भान्छामा डकार्न, जुठेल्नामा खकार्न, बालबच्चालाई हकार्न, वैयक्तिक स्वतन्त्रतालाई नकार्न र पुरुषको प्रभुत्वलाई सकार्न पाइँदैन” भन्ने वाक्यमा पनि अन्त्यानुप्रासको आलङ्कारिकता छ (२०६७ : १०४) । यसरी सरल, सुबोध्य, साहित्यिक भाषा प्रयोग गर्न सक्षम नियात्राकारले कतै काव्यात्मक, कतै वर्णनात्मक शैलीलाई अपनाएका छन् । उनले अङ्ग्रेजी, संस्कृत, स्पेनी, हिन्दी, ठेट तत्सम, तद्भव, अङ्ग्रेजीबाट सिधै उल्था गरेका शब्दहरू, उपमा, उपमेय अलङ्कार, उखान-टुक्काको प्रयोग गरेका छन्, कतै व्यङ्ग्यात्मक भाव तथा हास्यरसको पनि सम्मिश्रण गराएका छन् । कतै-कतै भने केही वर्णविन्यास, पदसङ्गति सम्बन्धी त्रुटिहरू भेट्न सकिन्छ भने कतै मातृभूमिको (पश्चिमाञ्चल क्षेत्र) भाषिकाको समेत असर भेट्न सकिन्छ ।

यस कृतिमा प्रयुक्त अन्य भाषाहरूका केही उदाहरणहरू :

**१) हिन्दी भाषा**

) आप नेपालमे मत जाइए । साला ! पहाडमे क्या है ? कुछ भी नही । उहाँपे तो केवल बन्दर, मच्छर और भैंस रहते हैं । (पृ.१३५)

- कौन पुछे खेसरीका दाल ? (पृ.२३९)
- आपको कहाँ जाना है ?....... तो चलिए मै आपको ड्रप कर दुंगा । इस पार्टीमे कुछ मजा नही आया । (पृ. २६७)

**२) अङ्ग्रेजीबाट सिधै उल्था गरिएका शब्दहरू**

- Break Fast (व्रततोडुवा)
- Twilight (मिर्मिरे उज्यालो)............।

**३) केही अशुद्ध शब्दहरू**

दुइपल्ट (दुईपल्ट), ई (यी), गर्दैछु (गर्दै छु), प्रीतीभोज (प्रीतिभोज).........।

**४) आञ्चलिक भाषाहरू**

ततेर्न (स्याहार्न), क्यार्नी (के गर्ने ?), दकुर्छ (दौडन्छ), उक्काउनु (उप्काउनु), जानपर्छ (जानुपर्छ)................।

नियात्राकार पश्चिमाञ्चलको पोखरामा जन्मेर हुर्केका हुनाले यहाँको भाषिक कथ्य रूपको आञ्चलिक प्रभाव कृतिको लेख्य रूपमै पाउन सकिन्छ । नेपालको पश्चिमाञ्चलमा 'जानुपर्छ', 'हिँड्नुपर्छ', 'हेर्नुपर्छ' आदि क्रियापदी रूपलाई क्रमशः 'जानपर्छ', 'हिँड्नपर्छ', 'हेर्नपर्छ' भनेर प्रयोग गरिन्छ । यसैगरी 'दगुर्छ' वा 'दौडन्छ' लाई 'दकुर्छ' भने 'उप्काउनु' लाई 'उक्काउनु', क्रियापदमा जोडिने 'उन्जेल' प्रत्ययका सट्टा 'इन्जेल' प्रत्यय, 'तिग्रो' लाई 'साँप्रो' आदि भाषिकाहरूको प्रयोग नियात्राकारले यस कृतिमा गरेका छन् ।

**५) अङ्ग्रेजी भाषा**

Regan has got to go, Black English, A lot of, Please, help yourself if you like it ................ Etc.

**६) उखानहरू**

'तेल पनि देऊ र घसी पनि देऊ' (पृ. २१०)

'कपडामा रद्दी फाइबर मान्छेमा रद्दी ड्राइभर' (पृ. ३०७)

'नहिँड्ने बाटाको नामै नसोध्नू' (पृ. ३८४)

'ज्ञानले मान्छे शूरो हुन्छ र अज्ञानताले काँतर हुन्छ।' (पृ ३८४)

**७) संस्कृत भाषा**

बचनं किं दरिद्रम् ? (पृ. १५२)

लेखकले रचनामा भाषिक सरलताको प्रयोगसँगै नियात्राकारले यात्राका क्रममा भोगेका, अनुभव गरेका कुराहरूमा हास्य रस समेत मिसाएर अझ आकर्षक बनाएका छन् कतै व्यङ्ग्यात्मकताको प्रयोग गरेका छन् । कतै आफ्नो कमजोरीको यथार्थताको चित्रण गरी पाठकलाई हँसाउने काम गरेका छन् । नेपालको वातावरण, खानासँग अभ्यस्त पहारी विदेशमा नयाँ-नयाँ प्रकारका खानाहरू खाँदा उत्पन्न समस्यालाई यसरी व्यक्त गर्छन् - नयाँ प्रकारका खानाहरूलाई मेरो पाचन प्रणालीले ग्रहण गरिसकेको छैन । पेटमा गडबडी भइरहन्छ । गाजरको जुस, गोलभेंडाको जुस र हट्डग्ले पेटमा कुस्ताकुस्ती खेलेजस्तो छ । यो द्वन्द्व समाधान नहुञ्जेल आन्द्रारूपी किस्नेभीरको पहिरो गइरहेको छ । नयाँ खानामा अभ्यस्त भएपछि मात्रै यो पहिरो थामिन्छ (२०६३ : १६) । यात्रा प्रारम्भ गर्दा दिल्लीजस्तो गर्मी ठाउँमा जाँदा सुट लगाएको देखी एक परिचारिकाले मुखै फोरेर दाइलाई गर्मी भएको छैन ? भनेर प्रश्न गर्छिन् । त्यसको जवाफमा नियात्राकार लज्जाबोधक अनुहार देखाउँदै 'अहँ, भएको छैन' भन्छन् ।

होल्याण्ड लगायत कयौं राष्ट्रहरूले गरेको आर्थिक विकासलाई लक्षित गर्दै नेपालमा प्रशस्त स्रोत भएर पनि पछि पर्नुको मूल कारण बताउँदै नियात्राकार यसरी व्यङ्ग्य गर्छन् - श्री ३ र श्री ५ हरूले तिनीहरूको चोरी निकासी गर्ने र तिनको मासु ज्युनार गर्ने काम परापूर्व कालदेखि निर्बाधपूर्वक र निर्लज्जतापूर्वक गरिरहेका छन् । तिनै भक्षकहरू प्रकृत्तिका रक्षक टोपलिएका छन् । यो देशको माटो, पानी, बोटबिरुवा र पशुपन्छीहरूमा सम्पूर्ण जनताको हक स्थापित नभएसम्म हाम्रो देशको हीरा हाम्रा लागि जीरा समान हुनेछ । हामीलाई प्रकृतिले वरदान दिएको छ तर व्यवस्थाले टुहुरो पारेको छ र भीख मागेर खानुपर्ने बनाएको छ (२०६३ : ३८/३९) । जीवनलाई रसिलो बनाउन चाहने पश्चिमीहरू मनोरञ्जनलाई पनि जीवनको महत्त्वपूर्ण हिस्सा मान्छन् । धेरै तरिकाबाट उनीहरू आनन्द लिइरहेका हुन्छन् । 'सुरा' र 'सुन्दरी' बाहेक आनन्दको स्रोत नदेखेका पूर्वीयहरूले भौतिक

आनन्द लिने सवालमा पश्चिमीहरूलाई जित्न नसक्ने कुरामा पहारी यसरी व्यङ्ग्य गर्छन् - 'तिनले तीन त्रिलोक र चौध भुवन तिनै दुइटा 'सु' मा देख्छन् । कतिलाई जग्गा-जमिन ओगट्नुमा मात्रै आनन्द छ, तर सम्पत्ति अनुसारको रहनसहनमा बस्न तिनले जानेका छैनन् । चार-पाँचवटा घरका मालिक र दुई-तीनवटा मौजाका मालिकको चित्त, छाती र स्तर मगन्तेको भन्दा पनि सानो छ (पहारी, २०६३ : २७१) । उच्च प्रविधि प्रयोग गर्न थालिसकेको अमेरिकामा ATM कार्डबाट पैसा झिक्न मिल्छ भन्ने थाहा पाएर हेर्न जाँदाको अनुभवलाई हास्य रस मिसाई नेपालीहरू प्रविधिको ज्ञानबाट कति पछि परेका रहेछन् भन्ने कुराको लेखकको व्यङ्ग्यात्मक प्रस्तुति यस्तो छ - पैसाको सिक्काहरू निल्ने भेन्डिङ्ग मसिनले पैसा निलेर अखबार, टिकट र अन्य वस्तुहरू हगेको त मैले देखेको थिएँ । तर पैसै नलिइकन प्लास्टिकको पात निलेर पैसा छेर्ने अजीव यन्त्र मैले देखेको थिइन ( २०६३ : ३३०) । यसरी नियात्राकारले सरल, सरस, सुन्दर, रोचक भाषाशैलीका साथै केही हास्यव्यङ्ग्य समेत प्रयोग गरेर नेपाली भाषा साहित्यमा पनि महत्त्वपूर्ण योगदान दिएका छन् ।

## पाँचौं परिच्छेद

# निष्कर्ष

नेपालकै प्रसिद्ध फेवाताल नजिकै गोविन्दप्रसाद र फूलमाया पहारीको गोलो घर र एउटा धनसार थियो । सोही घरमा (लालुपाते मार्ग, बैदाम पोखरा-८) वि.सं. २००२ साल कार्तिक १९ गते हेमराज पहारी जन्मिएका थिए । पिता गोविन्दप्रसाद र माता फूलमायाको जेठो सन्तानका रूपमा जन्मिएका हेमराज पहारी अत्यन्त मेधावी बालक हुने भविष्यवाणी चिना हेराउनेले गरेका थिए । उनीपछि दुर्गा र तुलसी गरी दुई बहिनी तथा एक भाइ शङ्कर समेत जन्मिए । चिना हेराउँदा गरिएको भविष्यवाणी अनुसार नै उनले पोखराका एक कुशल शिक्षक, प्रगतिशील साहित्यकार तथा एक समाजसेवीका रूपमा प्रसिद्धी कमाउन सफल भए ।

उनको बाल्यकाल साथीभाइहरूसँग फेवातालमा पौडी खेलेर, डुङ्गा चलाएर, बाँदरहरू धपाएर तथा घरमै बुबासँग अध्ययन गरेर निकै रमाइलोसँग बित्यो । उनका पिताको इच्छा संस्कृत पढाएर पण्डित बनाउने भएकाले उनलाई चिसाखोलामा पढाइयो । फुर्सदमा चित्र बनाउने तथा कलात्मक कार्यमा लागिरहने पहारीका अक्षर अत्यन्त सुन्दर थिए । उनलाई संस्कृत विषय अध्ययनमा खासै रुचि नलागेकाले पछि बुबालाई मनाएर वि.सं. २०१४ सालबाट पोखराको टुँडिखेल नजिकैको मल्टिपर्पस हाइस्कुलमा कक्षा ४ मा भर्ना भई पढे । ४ कक्षामा प्रथम भएकाले एकैचोटि ६ मा अध्ययन गरेका उनी पढाइमा पनि अत्यन्त चलाख थिए । वि.सं. २०२१ मा प्रथम श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरे र काठमाडौं पब्लिक साइन्स कलेज (हाल अमृति साइन्स क्याम्पस) मा भर्ना भए तर क्षयरोग लागेकाले त्यतिखेरको पढाइ खासै राम्रो हुन सकेन । उनको छात्रवृत्तिमा विदेश जाने इच्छा पूरा नभएपछि पोखरा फर्किएर अङ्ग्रेजी विषय लिई पढ्न थाले । नेपाली रचनामा देशभरकै सर्वोत्कृष्ट अङ्क ल्याएका कारण बी.ए. पास हुँदा उनले ‘अर्जुन स्वर्णपदक’ समेत प्राप्त गरेका थिए । इन्जिनियर बन्न चाहने पहारी बी.ए., बी.एड. गरेर पोखरामै शिक्षक बने र वि.सं. २०४१ (१६वर्ष) सालसम्म निरन्तर अध्यापन गरिरहे । शिक्षक हुँदा उनको झुकाव

वामपन्थी राजनीतितिर रह्यो र वि.सं. २०४१ मा पेन्सनको सुविधा लगायत शिक्षक हकहितका लागि गरिएको आन्दोलनमा उनी सक्रिय भए ।

पोखराको मल्टिपर्पस हाइस्कुलमा अध्यापन गराएको १६ औं वर्षमा उनका विदेशी मित्र प्याट्रिक ह्यारिगनले उनलाई अमेरिका भ्रमणको सम्पूर्ण व्यवस्था मिलाएर निम्ता दिए । केही महिनाका लागि भ्रमणमा निस्किएका उनी उत्तरी गोलार्द्धको फन्को मार्दै ९ वटा मुलुक तथा थुप्रै सहरहरूको भ्रमण गरी अमेरिकाको ग्रीनकार्ड प्राप्त गर्न सफल भए । त्यहाँ उनले प्रशस्त दुःख गरेर ह्यारिगनलाई समेत सहयोग गर्न सक्ने गरी आर्थिक अवस्था मजबुत बनाए तर पनि विदेशी भूमिमा रमाउन नसकी जिन्दगीभरिको सपनालाई चटक्कै त्यागेर मातृभूमिको मायाले ४ वर्षपछि नेपाल फर्किए र यहीँ रमाउँदै पर्यटन व्यवसाय गर्दै साहित्य तथा समाजको सेवामा लागि परे ।

परिपक्व नहुँदै इच्छा विपरीत लक्ष्मीसँग वैवाहिक बन्धनमा बाँधिएका पहारी पहिलो विवाहसँग खासै सन्तुष्ट थिएनन् । हेमराज र लक्ष्मी दुवैमा खोट लगाउने ठाउँ नभेटिए पनि उनीहरूको सम्बन्ध सुमधुर हुन सकेन । सँगै बस्न नसके पनि लक्ष्मीले पारपाचुके नगरी अर्को विवाह गर्ने सहमति दिइन् । त्यसपछि उनले वि.सं. २०५० सालमा रीतासँग विवाह गरे । उनले जीवनमा निकै आरोहअवरोहको सामना गर्नुपर्‍यो । वि.सं. २०२८ सालमा पिताको निधन पश्चात् जेठो छोरो भएकाले घर गृहस्थीको भार उनीमाथि पर्‍यो । भाइ शङ्कर सानै, बहिनी तुलसी छोटो समयमै विधवा, तुलसीको छोरा १ वर्ष मात्र भएका थिए । यस्तो परिस्थितिमा पनि उनले घर तथा भाइ, भान्जा सबैलाई हेर्ने जिम्मेवारी कुशलता पूर्वक निर्वाह गरे । नियतिले उनलाई भने निसन्तान नै बनायो । त्यसको पीडा त थियो नै तर पनि उनको यो दाम्पत्य जीवन भने सुखद नै थियो ।

निकै आकर्षक व्यक्तित्वका धनी पहारी समयको समेत असाध्यै ख्याल गर्दथे । हरेक ठाउँमा निश्चित समयमै पुग्ने उनी अनावश्यक गफ गर्ने, अरूको कुरा गर्ने काम पटक्कै गर्दैनथे । अन्तर्मुखी स्वभावका पहारी सधैं सफा र आकर्षक पोसाकमा प्रस्तुत हुन्थे । बाल्यकालमा चञ्चले स्वभावका भए पनि उनको त्यो स्वभाव किन र कहिलेदेखि हरायो त्यो भने यसै भन्न सकिन्न । अन्याय, शोषण, छुवाछुत र भेदभावका विरोधी तथा मार्क्सवादबाट प्रभावित उनी स्वाभिमानी तथा प्रकृतिप्रेमी थिए । उनले धेरै वर्ष शिक्षणको अनुभव सङ्गाली, ४ वर्ष विदेश भ्रमणपछि पनि यही देशमा फर्केर साहित्य मार्फत समाजमा योगदान दिँदै विभिन्न संघ-संस्थाहरूमा समेत संलग्न भई काम गरे । उनी

'गण्डकी साहित्य सङ्गम', 'प्रगतिशील लेखक संघ', 'अखिल नेपाल लेखक संघ', 'निगालो साहित्य समूह', 'एकीकृत अखिल नेपाल जनसाँस्कृतिक महासङ्घ', विभिन्न वातावरणीय, मानवअधिकार र अन्य सामाजिक संस्थाहरूमा समेत संलग्न थिए । उनले फेवाताल संरक्षण समितिको अध्यक्ष, योग, प्राकृतिक तथा वैकल्पिक चिकित्सा परिषद्को सचिव भएर समेत काम गरे । अमेरिका भ्रमणपछि फर्किएर आफ्नै घरमा सुन्दर तथा शान्त ट्रान्क्विलिटी लज (पाहुनाघर) स्थापना गरी पर्यटन व्यवसाय सञ्चालन गरे । हाल सो लज उहाँकी श्रीमती रीता पहारीले सञ्चालन गर्नुभएको छ ।

यस्ता साहित्यकार तथा समाजसेवी पहारीले समाजसेवाकै क्रममा आफ्नो ज्यान अकालमै गुमाए । हुन त जन्मजस्तै मृत्यु निश्चित छ तर पनि उनको मृत्यु अकालमै, अनपेक्षित रूपमा भयो । फेवाताललाई प्रदूषण रहित तथा पुरानै आकारमा फर्काउने उद्देश्यले स्थापित संस्था फेवाताल संरक्षण समितिका अध्यक्ष पहारीलाई वि.सं. २०६६ साल फागुन ७ गते सो कार्यमा सहयोग जुटाउन केही सहकर्मी सहित लेखनाथको विजयपुरस्थित पृतनापतिको कार्यालयमा गएर फर्कंदा पश्चिमतिरबाट आएको मोटरसाइकलले ठक्कर दियो । उपचारका लागि काठमाडौं लैजाँदै गर्दा उनले संसार त्यागे । यसरी ६६ वर्षको उमेरमा नै एक आदर्श शिक्षक, निःस्वार्थ समाजसेवी तथा प्रगतिशील र देशभक्त साहित्यकारको दुःखद् अन्त्य भयो ।

मल्टिपर्पस हाइस्कुलमा अध्ययनरत हुँदादेखि नै साहित्यप्रति रुचि राख्ने पहारीको सर्वप्रथम वि.सं. २०२० सालमा विद्यालयबाट प्रकाशित 'निर्झरिणी' पत्रिकामा 'भ्रम' कथा प्रकाशित भयो । बी.ए. को परीक्षामा नेपाली रचनामा सर्वोत्कृष्ट नतिजा ल्याई 'अर्जुन स्वर्णपदक' पाएका पहारीको प्रथम प्रकाशित रचना 'भ्रम' कथा नै हो । शिक्षण अवधिमा केही कविताहरू रचना गरे पनि उनले साहित्य लेखनलाई निरन्तरता भने दिएनन् । पछि जीवनको उत्तरार्द्धतिर मात्र साहित्यप्रति झुकाव देखियो । अमेरिकाबाट फर्केपछि उनले वि.सं. २०६१ सालमा **देशको अभिभारा** (कविता सङ्ग्रह) र वि.सं. २०६३ सालमा **उत्तरी गोलार्द्धको एक फन्को** (यात्रा संस्मरण) गरी दुईवटा कृति प्रकाशित गरे । कतिपय गीत, कविता तथा लेख-निबन्धहरू स्मृतिग्रन्थमा प्रकाशित गरिएका छन् भने कतिपय अझ अप्रकाशित रूपमै रहेका छन् ।

पहारीद्वारा सरल र सुबोध्य भाषाशैलीमा रचित 'देशको अभिभारा' कविता सङ्ग्रहमा ३७ वटा कविताहरू समेटिएका छन् । विदेश बसाइँका क्रममा विभिन्न हण्डर र

ठक्कर खाई स्वदेश फर्किएका पहारीले देशप्रतिको जिम्मेवारी बोध गरी यो कविता सङ्ग्रह प्रकाशन गरेका थिए । साहित्य समाजको पानी हो, स्वच्छ पानीले हरेकको प्यास मेटाउने र दूषित पानीले सबैलाई हानि गर्ने विचारधारा भएका पहारीले पनि कविता मार्फत राष्ट्रियता तथा प्रगतिशीलताका प्यासीहरूको प्यास मेटाएका छन् । यस सङ्ग्रहमा राष्ट्रका कतिपय समस्याहरू उजागर गर्दै उन्नति र प्रगति चाहने, राष्ट्रवादी कविका रूपमा उनले आफूलाई उभ्याएका छन् ।

वि.सं. २०६३ सालमा अर्थात् अमेरिका भ्रमणबाट फर्किएको २० वर्षपछि प्रकाशित **उत्तरी गोलार्द्धको एक फन्को** यात्रासंस्मरणमा ४१५ पृष्ठमा ८५ वटा शीर्षकहरू समेटिएका छन् । पोखराबाट काठमाडौं हुँदै भारतबाट प्रारम्भ भएको उनको यात्रा जर्मनी, होल्याण्ड, बेलायत, अमेरिका, मेक्सिको, जापान, हङकङ, थाइल्याण्ड भई नेपालमै आएर टुङ्गिएको छ । तिनै मुलुकका भौगोलिक, राजनीतिक, आर्थिक र सामाजिक वैशिष्ट्यका साथै त्यहाँको जीवनशैली र प्रेरणाका बारेमा प्राप्त ज्ञानलाई मिसाएर विश्व मानचित्रका १८४ राष्ट्र र प्रमुख ठाउँहरूको जानकारीलाई उनले यस कृतिमा समेटेका छन् । 'यात्रा-संस्मरणका लागि अपेक्षित यथार्थ भूगोल, यथार्थ भोगाइ, साक्षात् अनुभूति, प्राञ्जल भाषाशैली, आकर्षक प्रस्तुति र जीवन्त सन्देश पाइने यो कृति आँखा, हृदय र मष्तिष्कको त्रिकोणात्मक संयोजन हो' भन्ने देवी नेपालको विचारसँग यो कृति अध्ययन पश्चात् सहमत हुन सकिन्छ ।

यथार्थवादी तथा मार्क्सवादी दृष्टिकोण भएका पहारीको प्रगतिशील विचारले कृतिमा प्रशस्तै ठाउँ पाएका छन् । बौद्धिक तथा तार्किक सीप भएका पहारीले निम्न वर्गहरूको पक्षमा उभिएर अभिव्यक्त गरेका विचारहरू पनि धेरै छन् । सूचना, अनुभूति तथा कलालाई आलङ्कारिक शैलीमा पेश गरी कृतिलाई काव्यात्मक समेत बनाएका छन् । हरेक राष्ट्रका हरेक पक्षलाई नेपालसँग तुलना गर्दाको उनको विश्लेषणात्मक खुबी पनि सबल देखिन्छ । त्यसैले यहाँ यात्राको संस्मरणसँगै सूचनात्मकता लगायत वैचारिक तथा साहित्यिक क्षमताको पनि उजागर भएको छ । हरेक राष्ट्रका व्यक्तिहरूसँग घुलमिल भई त्यहाँको भेषभुषा, रहनसहन, धर्म, संस्कृति, खानपान, सभ्यता, जीवनशैली आदिका बारेमा बुझ्ने/जान्ने सु-अवसर प्राप्त गरेकाले लेखकले ती सबैको यथार्थ विवरण यहाँ पेश गरेका छन् ।

यस कृतिमा विकसित राष्ट्रहरूको सबल पक्षलाई उभ्याएर त्यसको सिको गर्न नेपाल र नेपालीहरूलाई आग्रह त गरेका छन् नै अन्धभक्त भएर त्यहाँका प्रगतिहरूको प्रशंसा मात्र नगरी नकारात्मक पक्षहरूको उजागर पनि प्रशस्तै ठाउँमा गरेका छन् । आफ्नै कमजोरीहरूलाई समेत उल्लेख गरेर कतिपय ठाउँमा पाठकलाई मनोरञ्जन समेत दिएका छन् । उनी विभिन्न उखान-टुक्का, तत्सम, तद्भव, आगन्तुक शब्द तथा भाषाशैली, हास्य रसको प्रयोग गरी रचनाहरूलाई अझ आकर्षक बनाउन सक्षम भएका छन् । जनताका पीरमर्का, सुख-दुःखलाई ख्याल गरी साहित्य रचना गर्ने साहित्यकारलाई जनवादी साहित्यकार भनिने हुनाले यस कृतिमा ती गुणहरू पाइनाले उनलाई जनवादी साहित्यकारको रूपमा चिन्न सकिन्छ । भावुकतामा बहेर जनतामा आफ्ना काल्पनिकता लाद्ने काम उनले गरेका छैनन् । बरु विभिन्न यथार्थतालाई प्रस्तुत गरी जनमानसलाई सु-सूचित गराउने काम उनले गरेका छन् । पहारीले आँखा चिम्लिएर विकसित मुलुकहरूको सुन्दरताको मात्र वर्णन नगरी इमानदारिताका साथ सम्पूर्ण पक्षको चित्रण गरी इमानदार लेखकको परिचय कमाएका छन् ।

केही दशक पहिलेकै जानकारी पुस्तकमा उतारिएको हुनाले कतिपय प्रसङ्गहरू हालको नेपाली परिवेश अनुरूप नसुहाउने ठाउँ पनि प्रशस्तै छन् । जस्तै ATM को वर्णन, महिलाहरूको स्वतन्त्रता, शिक्षाको प्रसङ्ग, प्रविधिका वर्णन आदि तर ती चर्चाहरूलाई तत्कालीन समयसँग तुलना गरी हेर्दा अत्यन्त नवीन लाग्नु स्वाभाविकै हो । तत्कालीन समयमा पश्चिमाहरूले गरेको प्रगति त त्यति थियो भने तिनीहरूले हालसम्म अझ कयौं फड्को मारेको हामी अनुमान गर्न सक्छौं । सूचना-सञ्चारको माध्यमबाट हरेक कुराको जानकारी लिइरहनुपर्ने सन्देश यस कृति मार्फत प्राप्त गर्न सकिन्छ । पश्चिमाहरूको दृष्टिबाट पनि नेपाल र नेपालीहरूलाई हेरेर नेपालीहरूको स्वभाव तथा विशेषतालाई समेत समेट्न सफल पहारीले यस कृतिमा सरल र सरस भाषाशैलीको प्रयोग गरेका छन् । फोटो चित्रहरू, आफू पुगेका ठाउँहरूको भौगोलिक स्वरूप सहितका विविध नक्साहरू प्रयोग गरेर यसलाई अझ जीवन्त बनाउने काम नियात्राकारले गरेका छन् । भ्रमणको २० वर्षपछि लेखिएको भए पनि पढ्दा त्यस्तो लाग्दैन । हरेक ठाउँका पुनः जानकारी लिएर यसलाई ताजा बनाउन लेखक सफल भएका छन् ।

मूल्यका दृष्टिले हेर्दा यात्रा-संस्मरण विधाको थालनी गर्ने 'जङ्गबहादुरको बेलायत यात्रा' (वि.सं.१९१०), नियात्रा लेखनको औपचारिक र मौलिक परिचय दिने लैनसिंह

बाङ्देलको 'युरोपको चिठी' (वि.सं. २०१४), कलात्मक अभिव्यक्ति कौशल र प्राञ्जल भाषाशैलीमा यात्राको चित्र उतार्ने तारानाथ शर्माको 'बेलायततिर बरालिँदा' (वि.सं. २०२६) हुँदै आजसम्म आइपुग्दा प्रकाशन भएका सयौं यात्रा-संस्मरणात्मक कृतिहरूलाई हेर्दा हेमराज पहारीको **उत्तरी गोलार्द्धको एक फन्को** (वि.सं. २०६३) उत्कृष्ट दशभित्रै पर्छ ( नेपाल, २०६७ : ४४) । यसरी विभिन्न दृष्टिकोणबाट हेर्दा एउटै यात्रा-संस्मरणात्मक कृति उनले नेपाली साहित्यलाई पस्किए पनि सङ्ख्यात्मक रूपमा धेरै उप-शीर्षकहरू समेट्न सफल भएका छन् भने गुणात्मक दृष्टिले पनि यो कृति उत्कृष्ट सावित भएको छ । यी विभिन्न आधारबाट स्पष्ट हुन्छ कि लेखक पहारीले नेपाली नियात्रा परम्परामा महत्त्वपूर्ण योगदान दिएका छन् ।

# सन्दर्भसामग्री सूची

## (क) पुस्तकहरू


अधिकारी, कृष्णराज (२०६७), "जीवनी र व्यक्तित्वको आलोकमा हेमराज" **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

अधिकारी, रविलाल (२०६७), "उत्तरी गोलार्द्धको एक फन्को : अब्बल दर्जाको" **हेमराज पहारी- स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

असद, माजदा ई. (१९८६), **गद्य की नई विधाओं का विकास**, नयाँ दिल्ली : ग्रन्थ अकादमी ।

इन्साक्लोपेडिया ब्रिटानिका (इण्डेपस) ई.(१९६८), भोलुम -५ ।

उपाध्याय, यादवराज (२०६६), **समालोचकीय अभिमत**, पोखरा : जनसमीक्षा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्य प्रकाश** (पाँ.सं.), काठमाडौं : साझा प्रकाशन ।

उपाध्याय, ऋषिकेश (२०६७), "देशको अभिभारामा घोरिँदा" **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

उप्रेती, गङ्गाप्रसाद (२०४६), **दृष्टिकोणको विविध बिसौनी**, काठमाडौं : प्रतिभा प्रकाशन ।

खनाल, कुलप्रसाद (२०६७), "देश दुख्दा मन दुख्ने कवि हेमराज पहारी" **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

गिरी, जीवेन्द्रदेव (२०६७), "पहारीको उत्तरी गोलार्द्धको एक फन्को चाहार्दा" **हेमराज पहारी- स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

ढकाल, घनश्याम (२०६२), **यथार्थवादी समालोचना**, पोखरा : गण्डकी साहित्य सङ्गम ।

थापा, कुञ्जराज (२०६७), “उत्तरी गोलार्द्धभित्रका कवि हेमराज” **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

थापा, लक्ष्मण (२०६७), “एक सम्पूर्ण व्यक्ति : हेमराज पहारी” **हेमराज पहारी- स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

दुवाल, मोहन (२०६७), “देशको अभिभारा बोक्दै उत्तरी गोलार्द्धको एक फन्को लगाउने लेखक” **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

नेपाल, देवी (२०६७), “उत्तरी गोलार्द्धको एक फन्को केही सम्झना : केही विवेचना” **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

पराजुली, बुद्धिसागर (२०२०), **श्री ५ बडामहाराज पृथ्वीनारायण शाहको जीवनी**, काठमाडौं : वीर पुस्तकालय ।

पहारी, हेमराज (२०६३), **उत्तरी गोलार्द्धको एक फन्को**, पोखरा : गण्डकी साहित्य सङ्गम ।

पाण्डे, भवानीप्रसाद (२०६७), “हेमराज पहारीको सम्झनामा” **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण (२०५०), **बेलाइततिर बरालिँदा (आमुख)**, काठमाडौं : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण (निर्दे.) (२०६७), **नेपाली बृहत् शब्दकोश**, काठमाडौं : ने.रा.प्र.प्र. ।

पौडेल (क्षेत्री), यामबहादुर (२०६७), “यात्रा साहित्यका अमर ज्योति कवि पहारी” **हेमराज पहारी- स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

पौडेल, रामबहादुर (२०६७), "हेमराज पहारी र प्रकृतिप्रेम" **हेमराज पहारी-स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

प्रधान, भिक्टर (२०४४), **नेपाली जीवनी र आत्मकथाको सैद्धान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाडौं : ने.रा.प्र.प्र. ।

बराल, ईश्वर (२०५५), **नेपाली साहित्यकोश**, काठमाडौं : ने.रा.प्र.प्र. ।

शर्मा, दीनबन्धु (२०६३), **उत्तरी गोलार्द्धको एक फन्को (भूमिका)**, पोखरा : गण्डकी साहित्य सङ्गम ।

शर्मा, मोहनराज (२०५५), **समकालीन समालोचना सिद्धान्त र प्रयोग**, काठमाडौं : ने.रा.प्र.प्र. ।

शाक्य, विश्व (२०६७), "दैनिकीको पानाबाट हेमराज पहारी" **हेमराज पहारी- स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान ।

सरुविन्द, (२०६७), "नियात्राकार हेमराज मेरा दृष्टिमा" **हेमराज पहारी- स्मृतिग्रन्थ**, सम्पा. अनिल पौडेल र अन्य, पोखरा : हेमराज पहारी स्मृति प्रतिष्ठान् ।

सुवेदी, राजेन्द्र (२०५८), **स्रष्टा सृष्टि : द्रष्टा दृष्टि**, काठमाडौं : साझा प्रकाशन ।

**(ख) पत्रिकाहरू**

अज्ञात, कपिल "नेपाली यात्रा साहित्यको उद्‌भव र विकास", **समकालीन साहित्य**, (वर्ष ११, अङ्क ३, पूर्णाङ्क ४१, २०५८ वैशाख-असार )

अधिकारी, कृष्णराज "उत्तरी गोलार्द्धको एक फन्को - यात्रा साहित्यमा महत्त्वपूर्ण प्राप्ति" **राष्ट्रिय स्वाभिमान**, २०६३ फागुन १७

दुवाल, मोहन, **काभ्रे टाइम्स** (साप्ताहिक), वर्ष १२, अङ्क ३६, २०६५ भदौ ३१

निर्मोही, व्यास "नियात्रा साहित्यको सिर्जनात्मक स्वरूप", **मधुपर्क**, (वर्ष ३०, अङ्क ४, पूर्णाङ्क ४२३, २०६१ भदौ) पृ. ५९

लामा, कुमारी “पहारीसँगै उत्तरी गोलार्द्धको एक फन्को मार्दा” **आदर्श समाज,** (२०६५ साउन १०)

शर्मा, तारानाथ **मधुपर्क**, (वर्ष २२, अङ्क ८, पूर्णाङ्क २४७, २०४६, पुस) पृ. ३८ ।

शर्मा, तारानाथ “नियात्रा”, **नेपाल**, (वर्ष २, अङ्क २०, २०५९ जेठ १६-३१)

शर्मा (भट्टराई), शरच्चन्द्र “मेरो लण्डन राजतिलक यात्रा : यात्रा साहित्यको कोसेढुङ्गा”, **समकालीन साहित्य**, (वर्ष ११, अङ्क ३, पूर्णाङ्क ४१, २०५८ वैशाख -असार)

सुवेदी, राजाराम“सुवेदीहरूको मूलको खोज”, **भारद्वाज प्रवेशाङ्क,** विराटनगर , २०५९ ।

**(ग) अप्रकाशित शोधपत्रहरू**

उपाध्याय क, वेदव्यास (२०६६), **नेपाली यात्रासाहित्यको प्रवृत्तिगत विश्लेषण र मूल्याङ्कन**, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत पी.एच.डी. शोधपत्र, (वि.सं. १९९९- २०४६) ।

उप्रेती, भीष्म (२०५३), **लहरलहरका अक्षरहरू,** त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तर सिर्जनात्मक लेखन पत्र ।

गौतम, प्रिया (२०५४), **यात्राकार तारानाथ शर्मा**, त्रि.वि., नेपाली केन्द्रीय विश्वविद्यालयमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

राई, वीरेन्द्र (वीरेन्द्र एन्. राई) (२०६१), **नेपाली नियात्रा परम्परामा घनश्याम राजकर्णिकारको योगदान**, त्रि.वि., नेपाली केन्द्रीय विश्वविद्यालयमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

रोका, रमेशचन्द्र (२०५५), **पारिजातका अन्य विधाको विश्लेषणात्मक अध्ययन**, त्रि.वि., नेपाली केन्द्रीय विश्वविद्यालयमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

शर्मा (मञ्जुल), मेघराज (२०४७), **जाने होइन दाइ आलापोट ?,** त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभागमा प्रस्तुत स्नातकोत्तर सिर्जनात्मक लेखन पत्र ।

सुवेदी, गीतादेवी (२०६५), **हेमराज पहारीको साहित्यिक कृतिहरूको अध्ययन,** त्रि.वि., पृथ्वीनारायण क्याम्पसमा प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

**(घ) भिसीडीहरू**

पाण्डे, हुमाकान्त लेखकसँगको भिसीडी, पोखरा : कृति विवेचना, २०६३ फागुन ४ ।

शर्मा, दीनबन्धु लेखकसँगको भिसीडी, ललितपुर : कृति विवेचना, २०६३ फागुन ४ ।